सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

# नयाँ पत्रिका

nayapatrikadaily.com

२७ कात्तिक २०८२, बिहीबार (13 Nov 2025, Thursday) ■ नेपाल संवत् ११४६ ■ वर्ष १९ ■ अंक २०३ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. १०/-

## अन्तरजिल्ला मतदानको व्यवस्था गर्न आयोगलाई प्रधानमन्त्रीको सुझाव

**समानुपातिकतर्फ मतदान गराउन सकिने आयोगको धारणा, प्रत्यक्षतर्फ कानुनी र व्यवस्थापकीय जटिलता**



निर्वाचन आयोगका पदाधिकारीसँग सिंहदरबारमा बुधबार छलफल गर्दै प्रधानमन्त्री सुशीला कार्की

● **सुशीला कार्की**, प्रधानमन्त्री



अन्तरजिल्ला मतदानको व्यवस्था गर्न कति सम्भव छ ? कार्यक्षेत्रबाट मान्छे ओसार्दा हैरानी भयो । यसैकारण खर्चिलो भयो, अन्ततः भ्रष्टाचार बढायो, हामी त सुशासन कायम गर्न आएका हौं । जहाँ कार्यरत छ, त्यहींबाट भोट हाल्ने उपाय के हो, व्यवस्थापन कसरी गर्न सकिन्छ ?

● **रामप्रसाद भण्डारी**
कार्यवाहक प्रमुख निर्वाचन आयुक्त



समानुपातिकतर्फ हामीले यसअगाडि पनि निर्वाचनमा खटिने कर्मचारी, कारागारका कैदी, वृद्धाश्रमका सदस्य र ब्यारेकमा रहेका सुरक्षाकर्मीलाई कार्यरत स्थलबाटै मतदानको व्यवस्थापन गर्दै आएका छौं । सम्माननीयज्यूको चासोलाई समानुपातिकतर्फ व्यवस्थापन गर्न सकिन्छ । थप गृहकार्य आवश्यक छ ।

**कमलराज भट्ट** / नयाँ पत्रिका

प्रधानमन्त्री सुशीला कार्कीले अन्तरजिल्ला मतदानको व्यवस्था गर्न निर्वाचन आयोगलाई सुझाव दिएकी छिन् । प्रधानमन्त्रीले बुधबार निर्वाचन आयोगका पदाधिकारीलाई प्रधानमन्त्री कार्यालय बोलाएर देशभित्रै करिब १५ लाख मतदाता मतदानबाट वञ्चित हुने अवस्थाको अन्त्य गर्न ध्यानाकर्षण गराएकी हुन् ।

आयोगका अनुसार पढाइ, रोजगारी, व्यापार-व्यवसाय वा अन्य कारणले करिब १२ देखि १५ लाख मतदाता जिल्लाबाहिर हुँदा ०७९ को निर्वाचनमा मत हाल्न पाएका थिएनन् । यो अवस्था अन्त्य गर्न आयोगले निर्वाचनसम्बन्धी कानुनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकको मस्यौदामा अस्थायी मतदाता नामावली तयार गर्ने र अग्रिम मतदान गराउने प्रस्ताव गरेर १८ असार ०८० मा गृह मन्त्रालय पठाएको थियो । गृहबाट मस्यौदा अगाडि नबढेका बेला प्रधानमन्त्री कार्कीले देशभित्र मतदानबाट वञ्चित कार्यक्षेत्रमा रहेका मतदातालाई सम्बोधन गर्न आयोगका पदाधिकारीसँग छलफल गरेकी हुन् ।

प्रधानमन्त्री कार्कीले निर्वाचनमा उम्मेदवारको खर्च घटाउन र मतदाताको सहजताका लागि अन्तरजिल्ला मतदानको व्यवस्था गर्न कति सम्भव छ भनेर सोधेकी थिइन् । 'कार्यक्षेत्रबाट मान्छे ओसार्दा हैरानी भयो । यसैकारण

» पृष्ठ २ मा क्रमशः

### ■ बुधबार मात्रै थपिए ३० हजार ३७३ मतदाता

मतदाता नामावलीमा बुधबार एकैदिन ३० हजार ३७३ जनाले नाम दर्ता गराएका छन् । २१ फागुनमा हुने निर्वाचनका लागि ९ असोजबाट खुला गरिएको मतदाता नामावली दर्ताको समय सकिनै लाग्दा मतदाता बन्न निर्वाचन कार्यालयहरूमा भिड लागेको छ । निर्वाचन आयोगका अनुसार बुधबार एकैदिन १६ हजार १२९ पुरुष, १४ हजार २३९ महिला र पाँच अन्यले नाम दर्ता गराएका छन् । यसबाट नयाँ मतदाताको संख्या दुई लाख ३९ हजार ९४० पुगेको छ । २१ फागुनमा तय भएको निर्वाचनका लागि ३० कात्तिकभित्र मतदाता सूचीमा नाम दर्ता गरिसक्नुपर्नेछ ।

### ■ मतदाता नामावलीमा नाम दर्ता गराउन समय नथपिने

प्रधानमन्त्री सुशीला कार्कीले कात्तिक मसान्तसम्म तोकिएको मतदाता नामावली संकलनको समय पुनरावलोकन गर्न मंगलबार आयोगलाई पत्राचार गरेकी थिइन् । यस विषयमा आयोगका पदाधिकारीले निर्वाचनको कार्यतालिका प्रभावित हुने भएकाले थप्न नसकिने धारणा राखेका छन् । प्रधानमन्त्रीको चासोका सन्दर्भमा कार्यवाहक प्रमुख आयुक्त रामप्रसाद भण्डारीले आयोगको अनलाइन प्रणालीमा मतदाता नामावली दर्ताको चाप व्यवस्थापन गर्न बिहान ७ देखि साँझ ७ बजेसम्म दुई सत्रमा काम गर्न थालेको, जनशक्ति पनि बढाइएको र प्राविधिक समस्याको पनि तत्काल समाधानको व्यवस्था मिलाइएको बताएका थिए ।

### ■ राष्ट्रिय परिचयपत्रको बायोमेट्रिकबाटै मतदाता बन्न पाइने

निर्वाचन आयोगले राष्ट्रिय परिचयपत्रको विवरणका आधारमा पनि मतदाता नामावलीमा समावेश गर्ने भएको छ । यसका लागि बुधबार रातभरिमा प्राविधिक तयारी र परीक्षणका सबै काम गरिसक्ने जानकारी आयोगका पदाधिकारीले प्रधानमन्त्रीलाई गराएका छन् । कार्यवाहक प्रमुख आयुक्त रामप्रसाद भण्डारीका अनुसार २४ कात्तिकसम्म आयोगले आफैं बायोमेट्रिक संकलन गरेको छ । '२५ कात्तिकपछि जो व्यक्तिक्त मतदाता नामावली संकलन केन्द्रमा जान सक्नुहुन्न । उहाँहरूको राष्ट्रिय परिचयपत्रमा उल्लेखित बायोमेटिकलाई एसेप्ट गरेर टाँसिदिने हो,' उनले भने । प्रधानमन्त्रीको छलफलमा राष्ट्रिय पञ्जीकरण विभागका महानिर्देशक नमराज घिमिरेले राष्ट्रिय परिचयपत्र वितरणका लागि संकलन गरेको जैविक तथ्यांक निर्वाचन आयोगलाई उपलब्ध गराउन तयार रहेको बताए । यसले राष्ट्रिय परिचयपत्र नम्बर भएका र आफैं निर्वाचन कार्यालयमा उपस्थित हुन नसक्ने मतदातालाई सहज बनाउने प्रधानमन्त्री कार्यालयले जनाएको छ ।

## ■ डिम्बको अवैध कारोबार गर्नेहरूलाई महान्यायाधिवक्ता सविता भण्डारीको 'आशीर्वाद'

# छोरीसमेत संलग्न मुद्दा नचलाउने निर्णय

महान्यायाधिवक्ता भण्डारीकी छोरी डा. प्रत्यूषा बराल र डा. स्वस्ति शर्माले सञ्चालन गरेको बबरमहलस्थित होप फर्टिलिटी क्लिनिक र महाराजगन्जको एन्जल फर्टिलिटी क्लिनिकका सञ्चालकविरुद्ध मुद्दा चलाउन सिआइबीले गरेको थियो सिफारिस

**१० हजारमा निमुखा किशोरीहरूको डिम्ब झिकेर २० लाखसम्ममा बिक्री गर्ने चलाएका थिए धन्दा**

**टेकराज थामी** / नयाँ पत्रिका

अहिले सुशासनका लागि विगुल फुकेको जेन-जी आन्दोलनको जगमा बनेको सरकार छ । तर, सरकारकै महान्यायाधिवक्ता सविता भण्डारीको दबाबमा डिम्बको अवैध कारोबार गर्ने दुई आइभिएफ क्लिनिकका सञ्चालकविरुद्धको मुद्दा नचलाउने निर्णय भएको छ । मननीय यो छ कि त्यसरी डिम्बको अवैध कारोबार गर्ने एउटा आइभिएफ क्लिनिकको सञ्चालकमा महान्यायाधिवक्ता भण्डारीकै छोरी डा. प्रत्यूषा बराल छिन् ।

बबरमहलस्थित होप फर्टिलिटी एन्ड डाइग्नोस्टिक क्लिनिक र महाराजगन्जस्थित एन्जल फर्टिलिटी क्लिनिकले आर्थिक रूपमा कमजोर किशोरीहरूलाई बिचौलियामार्फत जम्मा गरी प्रलोभनमा पारेर अन्डा (डिम्ब) झिक्ने र निःसन्तान दम्पतीका लागि सन्तान उत्पादनमा प्रयोग गरेको सूचनापछि प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले २६ असारदेखि अनुसन्धान थालेको थियो । यो अवैध कारोबारमा किशोरीहरूलाई १० हजारका दरले दिएर निःसन्तान ग्राहकबाट १८ देखि २० लाखसम्म असुल्ने गरेको खुलेपछि ती क्लिनिकमा आबद्ध डा. स्वस्ति शर्मा, मलिनी चौधरी, डा.

» पृष्ठ २ मा क्रमशः






**सविता भण्डारी**, महान्यायाधिवक्ता



**डा. प्रत्यूषा बराल**, सञ्चालक



**डा. स्वस्ति शर्मा**, सञ्चालक

### ■ पीडित बालिकाहरूमाथि महान्यायाधिवक्ता भण्डारीको उल्टै लाञ्छना-
### उनीहरू कन्ट्रोलभन्दा बाहिरका बच्चा हुन्

मैले यो विषयमा मुद्दा नचलाउन भनेको होइन । जहाँ मेरो पनि संलग्नता (छोरी सञ्चालक) छ, त्यसलाई हेर्दिनँ भनेकी थिएँ । यस सम्बन्धमा न्यायाधीश, सरकारी वकिलहरूलाई 'तपाईंहरूले जे देख्नुभएको छ, त्यही गर्नुस्' भनेकी छु । मैले दिएका आदेश ठिक लाग्दैन भने नगर्नुस् भनेकी छु । आफ्नै केसको सम्बन्धमा मैले हस्तक्षेप गर्ने कुरै आउँदैन । मैले अहिलेसम्म निष्पक्ष वकालत गर्दै । पैसा नै कमाउनु थियो भने जे पनि गर्थें होला । दुई बच्चाको अन्डा निकालेर तस्करी नै गर्नुपर्दैन । ती बच्चाहरूले उल्टै हामीलाई झुक्याएका छन् । उनीहरू कन्ट्रोलभन्दा बाहिरकै बच्चा हुन् । सिआइबीले बयान लिने क्रममा म उनीहरूसँगै गएकी थिएँ । त्यतिबेलै मैले 'आफैं यस्तो गरेर हिँड्ने अनि अरूलाई दोष दिएर हुन्छ ?' भनेकी थिएँ । उनीहरू डराएका थिए । जसले त्यतिबेला नाबालक भनेको छ, ऊ एक महिनापछि १८ वर्षको भएको छ । म अहिले पदमा भएकाले बाँधिएकी छु । हिजो त एटोर्नी जनरल (महान्यायाधिवक्ता)को अफिस नै छाडिदिऊँ भैं लागेको थियो । यो पदको बदनाम गराउन चाहन्न । बाहिर आएँ भने उल्टै मुद्दा हाल्न सक्छु ।

### कसरी जुटाउँथे किशोरी, कसरी झिक्थे अन्डा ?

**डिम्ब झिकेका किशोरीलाई नै बनाउँथे बिचौलिया**

प्रहरीका अनुसार होप र एन्जल आइभिएफ क्लिनिकले सुरुमा बिचौलियामार्फत १६ देखि १९ वर्षका स्वस्थ किशोरी पहिचान गर्थे । आर्थिक अवस्था कमजोर भएका किशोरी उनीहरूको छनोटमा पर्थे । आर्थिक प्रलोभन देखाएर डिम्ब दानका लागि प्रेरित गर्थे । किशोरी तयार भएपछि महिनावारी सकिएको तीन दिनपछि बिचौलियामार्फत क्लिनिक पुऱ्याइन्थ्यो । स्वेच्छाले नै डिम्ब दान गरेको भन्ने व्यहोराको सम्झौतापत्रमा हस्ताक्षर गर्न लगाउँथे । त्यसपछि किशोरीलाई इन्जेक्सन दिएर घर पठाइदिन्थे । यो क्रम १० दिनसम्म निरन्तर चल्थ्यो । १० वटा इन्जेक्सनको डोज पुगेपछि केही समय आराम गर्न लगाएर डिम्ब झिक्ने प्रक्रिया सुरु गर्थे । उनीहरूलाई बेहोस बनाएर पाठेघरबाट डिम्ब झिक्थे । उक्त डिम्ब अर्को बेडबाट रिसिभ गर्न बसेकी महिलाको पाठेघरमा लगेर प्रत्यारोपण गर्थे । डिम्ब प्राप्त गर्ने महिलासँग २० लाखसम्म असुलेर क्लिनिकले डिम्ब दान गर्ने किशोरीलाई भने १० हजारसम्म दिएर बिदा गर्थे ।

प्रहरीका अनुसार डिम्ब दानपछि पनि किशोरीको भूमिका पूरा हुँदैनथ्यो । त्यस्ता किशोरीलाई आफूजस्तै अरू खोजी गर्न प्रेरित गरिन्थ्यो । त्यसबापत पनि आर्थिक प्रलोभन दिएका थिए । यसैगरी क्लिनिकले किशोरीहरू जम्मा गर्थे । पक्राउ परेका जस्टिना र सविना सोहीमध्येका हुन् ।

## नेपाल-भारत सुरक्षा समन्वय बैठकमा २४सै घण्टा सीमामा गस्ती गर्ने नेपालको प्रस्ताव

नयाँ पत्रिका

नेपाल र भारतबिच सुरक्षा समन्वय बैठक बुधबारदेखि नयाँदिल्लीमा सुरु भएको छ । बैठकमा नेपालको जेलबाट भागेका कैदी पक्राउदेखि खुला सीमाका कारण बढ्दो लागुऔषध तथा सीमापार अपराधको विषयमा छलफल भएको छ ।

नेपालका तर्फबाट सशस्त्र प्रहरी बलका महानिरीक्षक राजु अर्यालले नेतृत्व गरेका छन् । भारततर्फ सशस्त्र सीमा बल (एसएसबी)का महानिर्देशक सञ्जय सिंघलले नेतृत्व गरेका छन् । बैठकमा भाग लिन नेपालको टोली मंगलबार भारत गएको हो । यस्तो सुरक्षासम्बन्धी समन्वय बैठक हरेक वर्ष हुँदै आएको छ । यसपटकको बैठक नवौं हो ।

सीमापार अपराधबाहेक यसपटक नेपालको जेलबाट भागेका भारतीय कैदीको विषयमा पनि छलफल भएको बैठकमा सहभागी एक अधिकारीले बताए । ती कैदी दुवै देशको सुरक्षा चुनौती भएकाले पक्राउका लागि सहयोग गर्न नेपाल पक्षले आग्रह गरेको छ । २४ भदौमा नेपालको जेलबाट पाँच सयभन्दा धेरै भारतीय कैदी भागेका थिए । त्यस्तै, चार हजार नेपाली कैदी अझै फरार छन् । उनीहरूमध्ये कतिपय भारत पुगेको आशंका गरिएको छ ।




नेपालले सीमामा नेपालीमाथि हुने दुर्व्यवहार, लुटपाट रोक्नुपर्ने, भारतबाट आउने लागुऔषध नियन्त्रण गर्नुपर्ने, राजस्व छली रोक्न सहकार्य बढाउनुपर्नेमा जोड दिएको छ । साथै, सीमा क्षेत्रमा २४ सै घण्टा गस्तीको प्रस्तावसमेत गरिएको एक अधिकारीले बताए । त्यस्तै, पर्यटक हेल्प डेस्क स्थापना गर्नुपर्ने विषय पनि उठेको छ । नेपालबाट महिला तथा बालबालिका भारतमा लगेर बिक्री हुने भएकाले त्यसमा पनि भारतीय पक्षको नेपालले सहयोग खोजेको छ । भारतीय पक्षले सीमापार अपराध तथा नेपालबाट भारतको सुरक्षामा चुनौती हुन सक्ने गतिविधि रोक्न सहयोगको अपेक्षा गरेको थियो । बैठक तीन दिनसम्म चल्नेछ । बैठकमा गृह मन्त्रालय, नेपाल प्रहरी, परराष्ट्र मन्त्रालयलगायत निकायका प्रतिनिधि छन् ।

### रावललाई नेपाली कम्युनिस्ट पार्टीमा छैटौं वरीयता, जिम्मेवारी टुंगिन बाँकी




एमाले छाडेका भीम रावल नेतृत्वको मातृभूमि जागरण अभियान नेपाली कम्युनिस्ट पार्टीमा समायोजन भएको छ

(विस्तृत पृष्ठ ३)

### विद्युत् बक्यौता तिर्न आए सबै उद्योग



५८ उद्योगको सात अर्ब ८४ करोड ६९ लाख बाँकी रहेकोमा ४७ उद्योगले ४३ करोड १४ लाख ३९ हजार बक्यौता बुझाए

■ मेलम्ची खानेपानीको मुहान क्षेत्र जाने सडक

### मंगलबार राति सहमति, बुधबार बिहानै टेन्डर

(विस्तृत पृष्ठ ६)

## बेमौसमी वर्षाले बागमती प्रदेशमा १२ हजार टन धान नष्ट

### पाँच करोडको राहत प्याकेजका लागि कृषिले अर्थसँग माग्यो सहमति

हेटौंडामा **पोष्टराज अधिकारी**

असोज र कात्तिकको बेमौसमी वर्षाले बागमतीमा १२ हजार २१४.२६ टन धान नष्ट भएको छ । पाक्न लागेको धानमा क्षति पुग्दा यस वर्ष उत्पादन पनि घट्ने आकलन बागमती प्रदेश, कृषि मन्त्रालयले गरेको छ ।

मन्त्रालयका प्रवक्ता सुजन कँडेलका अनुसार १८ देखि २० असोजसम्मको अविरल वर्षा र त्यसपछिको 'मोन्था चक्रवात'का कारण परेको वर्षा तथा डुबानले प्रदेशका १० जिल्लामा पाँच हजार ४६५.३५ हेक्टर धानखेती प्रभावित भएको छ । त्यसमध्ये १२ हजार २१४.२६ टन धान अर्थात् २२ करोड २४ लाख रुपैयाँको क्षति भएको प्रारम्भिक आकलन रहेको उनले बताए । पाक्न लागेको धानमा क्षति भएकाले समग्रमा उत्पादन पनि घट्ने देखिएको कँडेलले बताए ।

बागमतीमा गत वर्ष एक लाख १५ हजार हेक्टरमा धानखेती हुँदा चार लाख ४८ हजार पाँच सय टन उत्पादन भएको मन्त्रालयको तथ्यांक छ । तर, यस वर्ष भने धान उत्पादन ४४ हजार ८५० टनले घटेर चार लाख तीन हजार ६५० टनमा सीमित हुने आकलन रहेको उनले बताए । यद्यपि, यो वर्ष धान रोपाइँ पनि एक लाख १२ हजार ४६० हेक्टरमा मात्र भएको थियो । 'धानखेती गर्ने जमिनको क्षेत्रफल घट्दै जानु र जमिनको

» पृष्ठ २ मा क्रमशः



बेमौसमी वर्षाले मकवानपुरको भीमफेदी गाउँपालिका- ९, खर्ककी किसान राधिका चिमोरियाको निहिनमै टुसाएको धान ।



कृषि मन्त्रालयका प्रवक्ता सुजन कँडेलले किसानलाई राहत दिन प्रदेश अर्थ मन्त्रालयसँग पाँच करोड रुपैयाँ उपलब्ध गराउन सहमति मागिएको बताए । 'बागमती प्रदेशमा धानमा भएको क्षतिको विवरण र राहतका लागि अर्थ मन्त्रालयमा फाइल पठाइसकेका छौं । अर्थ मन्त्रालयबाट एक-दुई दिनमै सहमति आउँछ । त्यसपछि कार्यविधि बनाएर किसानलाई राहत वितरण गर्छौं,' उनले भने ।

### सिराहामा १० हजार हेक्टर धानबालीमा क्षति

लहानमा **मणिलाल विश्वकर्मा**

कात्तिकको दोस्रो साताको वर्षाले सिराहामा १० हजार ७२८ हेक्टर धानबालीमा क्षति पुऱ्याएको छ । पालिकास्थित कृषि शाखाले उपलब्ध गराएको प्रारम्भिक विवरणअनुसार सिराहाको लहान नगरपालिकामा सबैभन्दा बढी दुई हजार २३२ र सबैभन्दा कम नरहामा आठ सय हेक्टर धानबालीमा क्षति पुगेको छ ।

लहान नगरपालिका कृषि शाखा प्रमुख प्रकाश साहका अनुसार राम्रो मूल्य पाउने बासमती र सुक्खा प्रजातिका गरी करिब ५० प्रतिशत धानमा क्षति पुगेको छ । पूर्व-पश्चिम राजमार्गदेखि दक्षिण प्रायः बोरिङ, भूमिगत सिँचाइ तथा कमला नहर प्रणालीबाट सिँचाइ गरी उन्नत जातको धान रोपिने भएकाले त्यही धानमा बढी क्षति पुगेको उनले बताए । 'पाक्नै लागेको र सुरुमै रोपेर पाकेपछि काटिसकेको धानमा वर्षाले क्षति पुऱ्याएपछि स्वतः उत्पादान पनि घट्छ,' कृषि ज्ञान केन्द्रका प्रमुख नरेन्द्रकुमार महासेठले भने, 'बेमौसमी वर्षाले धानको बोट ढलेकाले दाना कुहिएर उत्पादन घट्छ ।'

जिल्लाको कुल खेतीयोग्य जमिनमध्ये ५४ हजार हेक्टरमा बर्खे र एक हजार ३४५ हेक्टर चैते धानखेती हुने गरेको छ । पछिल्लो वर्ष दुई लाख २८ हजार ६९६ टन धान उत्पादन भए पनि यसपल्ट बासमती र अन्य प्रजातिका धान ढलेकाले उत्पादन घट्ने उनले बताए । सिराहामा २१ हजार ५३३ हेक्टर जग्गामा बाह्रै महिना र १८ हजार ३३८ हेक्टर अर्धसिञ्चित जग्गाबाहेक ३४ हजार ४२ हेक्टर क्षेत्रमा अकासेपानीको भरमा खेती हुँदै आएको छ ।

### कर्नर किक

● रवि मिश्र




NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

# उपत्यकाबाहेक बागमतीका कारागारबाट भागेकामध्ये ४३९ कैदी अझै फरार

## फरारमध्ये हालसम्म एक हजार ३७९ जनालाई नियन्त्रणमा लिएर पुनः कारागार पठाइयो

नयाँ पत्रिका

गत २३ र २४ असोजमा जेन-जी आन्दोलनका क्रममा बागमती प्रदेशका उपत्यकाबाहेकका पाँच जिल्लाका कारागारबाट भागेका कैदीबन्दीमध्ये अझै ४३९ जना फरार छन्। बागमती प्रदेश प्रहरी कार्यालयको तथ्यांकअनुसार मकवानपुर, धादिङ, चितवन, रसुवा र सिन्धुलीका कारागारबाट एक हजार ८१८ जना कैदीबन्दी फरार भएका थिए।

तीमध्ये हालसम्म एक हजार ३७९ जनालाई नियन्त्रणमा लिएर पुनः कारागार पठाइएको बागमती प्रदेश प्रहरी कार्यालयका प्रवक्ता एवं वरिष्ठ प्रहरी उपरीक्षक जितेन्द्रकुमार बस्नेतले जानकारी दिए। उनका अनुसार नियन्त्रणमा आएकामध्ये केही आफैँ फर्किएका हुन् भने धेरैलाई प्रहरीले विभिन्न स्थानबाट पक्राउ गरी पुनः कारागार पठाएको हो।

प्रदेश प्रहरी कार्यलय हेटौँडाको तथ्यांकअनुसार मकवानपुरको क्षेत्रीय कारागार भीमफेदीबाट ४४० जना कैदी फरार भएका थिए। तीमध्ये २६८ जनालाई नियन्त्रणमा लिइए पनि १७२ जना अझै फरार छन्। उनीहरूको खोजीकार्य भइरहेको बस्नेतले बताए। यस्तै, हेटौँडा उपमहानगरपालिका- ११ थानाभञ्याङस्थित बाल सुधारगृहबाट फरार भएका ७२ मध्ये ६२ जनालाई नियन्त्रणमा लिइए पनि १० जना अझै बेपत्ता छन्। फरार रहेका बालकको खोजीका लागि प्रहरीले परिवार र सम्बन्धित निकायसँग पनि समन्वय गरिरहेको उनको भनाइ छ।

चितवन कारागारबाट आन्दोलनकै क्रममा फरार भएका ७३८ जना कैदीमध्ये हालसम्म ६०३ जनालाई नियन्त्रणमा लिइएको छ। १३५ जना अझै फरार छन्। फरारमध्ये केहीले भारत सीमावर्ती क्षेत्र हुँदै बाहिरिने प्रयास गरेकाले प्रहरीले विशेष खोजी टोली खटाएको प्रवक्ता बस्नेतले जानकारी दिए।

आन्दोलनको फाइदा उठाउँदै रसुवा कारागारबाट ९७ जना फरार भएकामध्ये ९४ जनालाई पुनः नियन्त्रणमा लिइएको छ भने बाँकी तीनजनाको खोजी भइरहेको छ। सिन्धुली कारागारबाट ४७१ जना फरार भएकामध्ये ३५२ जनालाई पुनः कारागारमा ल्याइएको छ। ११९ जना अझै फरार रहेको प्रवक्ता बस्नेतले बताए।

प्रहरीका अनुसार फरार रहेका कैदीबन्दीमध्ये अधिकांश जघन्य अपराधमा संलग्न छन्। वन्यजन्तुका सिकारी, बलात्कार, लागुऔषध कारोबार, अपहरण र कर्तव्य ज्यानजस्ता गम्भीर अपराधका अभियुक्त फरार भएपछि विभिन्न जिल्लामा त्रास फैलिएको प्रहरीले जनाएको छ। फरार कैदीबन्दीले सामाजिक सुरक्षामा असर पुर्‍याउने जोखिम बढेको भन्दै प्रदेश प्रहरीले उच्च सतर्कता अपनाएको प्रहरी प्रवक्ता बस्नेतले बताए।

उनका अनुसार सम्पूर्ण फरार कैदीहरूको विवरण जिल्ला-जिल्लामा पठाइसकिएको र भारतीय सीमाक्षेत्रमा समेत निगरानी कडा पारिएको छ। उनले फरार कैदीबन्दीबारे जानकारी पाए तुरुन्त नजिकको प्रहरी कार्यलयमा खबर गरिदिन नागरिकहरूलाई पनि सूचित गरेको बताए। 'हामीले प्रदेशका सबै जिल्लाका प्रहरी इकाइलाई खोजी र नियन्त्रणका लागि सक्रिय बनाएका छौँ,' बस्नेतले भने, 'नागरिकको सहयोगविना फरार कैदीबन्दीको खोजी कठिन हुन्छ, त्यसैले जोसुकैले फरार कैदीबारे जानकारी पाए पनि तुरुन्त प्रहरीलाई खबर गर्न अनुरोध गरेका छौँ।'

## कैलाली कारागारबाट फरारमध्ये लागुऔषध र करणी मुद्दाका धेरै

**धनगढी** / जेन-जी आन्दोलनका क्रममा कैलाली कारागारबाट निस्किएका २६० कैदीबन्दी अझै फरार छन्। आन्दोलनकारी प्रवेश गरेपछि कारागारमा रहेका ६६७ मध्ये ६६५ जना कैदीबन्दी निस्किएका थिए। कारागार प्रशासनले २६० जनाबाहेक अन्य कैदीबन्दी कारागार फर्किएको जनाएको छ।

अधिकांश कैदीबन्दी आफैँ कारागार फर्किएका हुन् भने कतिपयलाई प्रहरीले पक्राउ गरेर कारागार पुर्‍याएको हो। फरारमध्ये धेरैजसो लागुऔषध र जबर्जस्ती करणी मुद्दाका कैदीबन्दी रहेको कैलाली कारागार प्रमुख चिरञ्जीवी सापकोटाले बताए। कारागार प्रशासनका अनुसार लागुऔषध मुद्दाका ९३ जना तथा जबर्जस्ती करणी र जबर्जस्ती करणी उद्योग मुद्दाका ७७ जना कैदीबन्दी फरार छन्।

कर्तव्य ज्यान, ज्यानसम्बन्धी कसुर र आत्महत्या दुरुत्साहन मुद्दाका ४७ जना कैदीबन्दी फरार रहेको कारागारको तथ्यांक छ। ज्यान मार्ने उद्योग, डाँका चोरी, हातहतियार तथा खरखजाना, ठगी, किर्तेलगायत मुद्दाका कैदीबन्दी फरार छन्।

'यहाँ लागुऔषध मुद्दा धेरै रहेछन्। फरारमध्ये धेरै लागुऔषध मुद्दाकै छन्,' उनले भने। २६० कैदीबन्दी अझै फरार रहेका र फरार रहेकाको सूची प्रहरीलाई दिइएको कारागार प्रमुख सापकोटाले बताए। त्यसमध्ये १९ जना भारतीय नागरिक रहेको उनको भनाइ छ।

हत्या, करणीजस्ता जघन्य अपराधमा संलग्न तथा मुछिएका कैदीबन्दी फरार हुँदा जिल्लामा सुरक्षा चुनौती बढेको छ। जिल्ला प्रहरी कार्यालयले भने त्यस्तो चुनौतीलाई ध्यानमा राखेर सुरक्षा सतर्कता अपनाइएको बताएको छ। जिल्ला प्रहरी कार्यालय कैलालीका प्रवक्ता प्रहरी नायब उपरीक्षक राजकुमार सिंहले फरार कैदीबन्दी पक्राउ गर्न विशेष प्रहरी टोली परिचालन गरिएको बताए। जिल्लामा सहायक प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा फरार कैदीबन्दी पक्राउ गर्न कार्यदलसमेत गठन गरिएको प्रशासनले जनाएको छ।

## बेमौसमी वर्षाले...

पृष्ठ १ बाट क्रमशः

उर्वरा शक्तिमा पनि ह्रास आइरहेको छ। त्यसैमा बेमौसमी वर्षा भएपछि उत्पादनसँगै उत्पादकत्व घटेको छ,' कँडेलले भने। अघिल्लो वर्ष प्रतिहेक्टर उत्पादकत्व ३.९ टन रहेकामा यस वर्ष ३.६ टनमा सीमित रहने अनुमान गरिएको छ। गत वर्षको तुलनामा यस वर्ष करिब ४४ हजार ८५० मेट्रिकटन धान कम उत्पादन हुने अनुमान गरिएको मन्त्रालयले जनाएको छ।

### कहाँ कति क्षति

कृषि मन्त्रालयका अनुसार सबैभन्दा बढी क्षति नुवाकोटमा तीन हजार १२८.५८ हेक्टरमा लगाइएको धानखेतीमा क्षति भएको छ। जसबाट पाँच हजार ८७.२१ टन धानबाली नष्ट भएको छ। यसबाट करिब एक करोड ८३ लाख रुपैयाँको नोक्सानी पुगेको छ। रामेछापमा १३३.१० हेक्टर धानखेती प्रभावित हुँदा ५१४.१० टन धान नष्ट भएको छ। एक करोड ६८ लाख रुपैयाँको हानी भएको छ। सिन्धुलीमा एक हजार ९८ हेक्टर क्षेत्रफलमा धानखेती नष्ट भइ तीन हजार ५८० टन धानबालीमा हानी भएको छ। सिन्धुलीमा एक करोड १७ लाख रुपैयाँको क्षति पुगेको छ। त्यस्तै, दोलखामा ८३२.१७ हेक्टरमा लगाइएको धानखेतीमा क्षति हुँदा दुई हजार ३२४.५१ टन नष्ट भएको छ। यसबाट ५४ लाख रुपैयाँको आर्थिक क्षति भएको छ।

धादिङमा ७९ हेक्टर क्षेत्रफलमा लगाइएको धानखेतीमा २६९.५० टन धान नष्ट हुँदा ८६ लाख रुपैयाँको नोक्सानी भएको छ। सिन्धुपाल्चोकमा १७ हेक्टरमा लगाइएको धानखेती प्रभावित हुँदा ४२.१२ टन धान नष्ट भएको छ भने १३ लाख ८६ हजार रुपैयाँको नोक्सानी भएको छ। त्यस्तै, रसुवामा १५६.३० हेक्टरमा क्षति पुग्दा २५७.५२ टन, मकवानपुरमा १६ हेक्टरमा क्षति हुँदा ५१.२० टन क्षति भएको छ। रसुवामा २७ लाख र मकवानपुरमा १८ लाख १५ हजार रुपैयाँको नोक्सानी भएको छ। त्यस्तै, काभ्रेमा १४.५ हेक्टरमा क्षति हुँदा १२.५ टन चितवनमा २० हेक्टर धानमा क्षति हुँदा ७५.४० टन धान नष्ट भएको मन्त्रालयले जनाएको छ। काभ्रेमा चार लाख १२ हजार र चितवनमा २६ लाख ७३ हजार रुपैयाँको क्षति भएको मन्त्रालयले जनाएको छ।

## छोरीसमेत

पृष्ठ १ बाट क्रमशः

असिम अधिकारी, सकिल भण्डारी, अलिसा ओली, जस्टिना प्रधान र सविना गुरुङलाई पक्राउ गरेको थियो। अलिसा होप र सकिल एन्जलका म्यानेजर हुन्। जिस्टना र सविना किशोरी उपलब्ध गराइदिने बिचौलिया हुन् भने डा. असिम होपका चिकित्सक हुन्। तर, चलखेल गरेर उनीहरूलाई त्यतिवेलै हाजिर जमानीमा छाडिएकामा अन्ततः मुद्दा पनि चलाउने निर्णय गरिएको हो।

२५ दिनको अनुसन्धानपछि सिआइबीले घटनामा संलग्नविरुद्ध बालबालिका ऐन, २०७५ को दफा ६६(२) को 'थ' अन्तर्गत मुद्दा चलाउन सिफारिस गर्दै काठमाडौं जिल्ला सरकारी वकिलको कार्यालयमा प्रतिवेदन पेस गरेको थियो। प्रतिवेदन लामो समय विचाराधीन राखिएकोमा ३० असोजमा महान्यायाधिवक्ता कार्यालयले मुद्दा नचलाउने निर्णय गरेको हो। जिल्ला सरकारी वकिल कार्यालयका सहन्यायाधिवक्ता रामहरि काफ्लेले दुई आइभिएफ क्लिनिकका सञ्चालकविरुद्ध मुद्दा नचलाउने निर्णय भएको बताए। 'बबरमहल र महाराजगन्जका आइभिएफ सेन्टरका सञ्चालकविरुद्ध मुद्दा नचलाउने निर्णय भएको छ। महान्यायाधिवक्ता कार्यालयबाटै यस्तो निर्णय भएको हो,' उनले भने।

महान्यायाधिवक्ता भण्डारीले छोरी समेत मुछिएको मुद्दाका आरोपीलाई उन्मुक्ति दिन सिआइबीको सिफारिसलाई लत्याएकी हुन्। सिआइबीले कारबाही अघि बढाउन भनेको बालबालिका ऐन, २०७५ को दफा ६६(२) को 'थ'मा स्पष्ट भनिएको छ, 'कसैले औषधि वा अन्य कुनै परीक्षणका लागि बालबालिकालाई प्रयोग गरे बालबालिकाविरुद्ध हिंसा गरेको मानिनेछ।'

स्रोतका अनुसार छोरी नै सञ्चालक रहेको आइभिएफ क्लिनिकमा भएको अवैध धन्दामा संलग्न केही व्यक्ति पक्राउ परेपछि भण्डारीले त्यतिवेलैदेखि चलखेल गरेकी थिइन्। पक्राउ परेका क्लिनिक सञ्चालकदेखि उनीहरूलाई किशोरी उपलब्ध गराउने बिचौलियासम्म उनकै सेटिङमा छुटाइएका थिए भने सिआइबीले बुझाएको प्रतिवेदन डेढ महिनासम्म सरकारी वकिलको कार्यालयमा रोकिएको थियो। यसका लागि तत्कालीन महान्यायाधिवक्ता रमेश बडाललाई उनले दबाब दिएको स्रोत बताउँछ। जेन-जी आन्दोलनको जगमा प्रधानमन्त्री बनेकी सुशीला कार्कीले २९ भदौमा महान्यायाधिवक्ता नियुक्त गरेपछि भण्डारीले खोजेकै भयो। डिम्बको अवैध कारोबार गर्ने छोरीसमेतलाई जोगाउन पदको दुरुपयोग गरी मुद्दा नचलाउने निर्णय गरिन्।

तर, महान्यायाधीवक्ता भण्डारीले भने मुद्दा नचलाउन आफूले कुनै दबाब नदिएको दाबी गरिन। 'होप र एन्जल फर्टिलिटीका सञ्चालकविरुद्ध मुद्दा नचलाउने निर्णय भएको सत्य हो, तर मैले दबाब दिएको होइन। मेरै मातहतका नायब महान्यायाधिवक्ताले यो निर्णय लिएको मैले थाहा पाएँ,' उनले भनिन्, 'जिल्लादेखि पुनरावेदन सरकारी कार्यालय हुँदै मुद्दा चलाउन आवश्यक नरहेको पत्र आएको रहेछ। उक्त पत्र मकहाँ पनि आएको थियो। म आफैँ यो मुद्दाको पक्ष भएको हुँदा मैले हेर्न मिल्दैन भन्दै नायबकहाँ पठाएँ। उहाँले मुद्दा नचलाउने निर्णय गर्नुभएछ।'

छोरी नै सञ्चालक रहेको क्लिनिकको मुद्दा भएकाले महान्यायाधिवक्ता भण्डारीले यो विषयमा निर्णय लिन मिल्दैन। तर, अवैध डिम्ब कारोबारको बचाउमा भण्डारीले दिएका अभिव्यक्ति सुन्दा मुद्दा नचलाउन उनको प्रत्यक्ष दबाब थियो भन्ने प्रस्टै देखिन्छ। ठुला अपराधका घटनामा अनुसन्धान गर्ने राज्यको विशिष्टीकृत संस्था सिआइबीलाई नै लाञ्छना लगाउँदै उनले 'सिआइबीले अतिरञ्जित गरेको'सम्म दाबी गरेकी छिन्।

'यो खासमा चल्ने मुद्दा नै थिएन। सिआइबीले अतिरञ्जित गर्‍यो। किशोरीसँग लिखित कन्सेन्ट (सहमति) लिइएको छ, कन्सेन्ट लिइन्छ भने त्यस्तोमा मुद्दा लाग्दैन। अर्को नाबालक भन्ने जुन विषय छ, डिम्ब दिएको ६ महिनापछि ती किशोरी १८ वर्ष पुग्दै रहिछिन्। यो विषय तत्कालीन महान्यायाधिवक्ता रमेश बडालले पनि बुझ्नुभएको थियो। उहाँले पनि मुद्दा चल्न नसक्ने भन्नुभएको थियो,' उनले नयाँ पत्रिकासँग भनिन्, 'पीडितलाई अझै पनि अदालत जाने छुट छ, अदालत जान सक्नुहुन्छ।'

सिआइबीका अनुसार दुवै आइभिएफ क्लिनिकले डिम्ब दान गरेबापत किशोरीलाई १० हजार दिने गरेका थिए। तर, ग्राहक (निःसन्तान दम्पती)बाट १८ लाखसम्म असुल्ने गरेको अनुसन्धानमा खुलेको थियो। नेपालमा पुरुषको शुक्रकिट बैंकमा लगेर जम्मा गर्ने कानुनी प्रावधान भए पनि महिलाको डिम्ब दान गर्ने कुनै कानुन बनेको छैन। यो अवैध हो। वीर्य दान गर्ने व्यक्तिको पनि परिचय भने खुलाउन मिल्दैन। प्रहरीका अनुसार डिम्बको अवैध कारोबारमा उपत्यकाका अन्य आइभिएफ क्लिनिक पनि संलग्न छन्।

## अन्तरजिल्ला...

पृष्ठ १ बाट क्रमशः

खर्चिलो भयो, अन्ततः भ्रष्टाचार बढायो, हामी त सुशासन कायम गर्न आएको हो। जहाँ कार्यरत छ, त्यहीँबाट भोट हाल्ने उपाय के हो, व्यवस्थापन कसरी गर्न सकिन्छ,' प्रधानमन्त्रीको भनाइ उद्धृत गर्दै प्रेस सल्लाहकार राम रावलले भने, 'आयोगका पदाधिकारीले यसको सबल र दुर्बल पक्ष राख्नुभयो। यो कुरा छलफलकै क्रममा छ। निष्कर्षमा पुगिसकेको छैन।' आयोगका पदाधिकारीले समय, स्रोत र सरकारले गर्ने निर्णय एवं आयोगको 'स्ट्रेन्थ' पनि हेर्नुपर्ने धारणा राखेका थिए।

आयोगका एक आयुक्तका अनुसार कार्यवाहक प्रमुख आयुक्त रामप्रसाद भण्डारीले समानुपातिकतर्फ कार्यस्थलबाटै मतदान गराउन सकिने धारणा राखेका थिए। 'समानुपातिकतर्फ हामीले यसअगाडि पनि निर्वाचनमा खटिने कर्मचारी, कारागारका कैदी, वृद्धाश्रमका सदस्य र ब्यारेकमा रहेका सुरक्षाकर्मीलाई कार्यरत स्थलबाटै मतदानको व्यवस्थापन गर्दै आएका छौँ,' उनले भने, 'सम्माननीयज्यूको चासोलाई समानुपातिकतर्फ व्यवस्थापन गर्न सकिन्छ। यसमा थप गृहकार्य आवश्यक छ।' तर, प्रत्यक्षतर्फ भने मतदानको व्यवस्था गराउन कानुन नै नरहेको र सुरुमा कानुन संशोधन गर्नुपर्ने उनको भनाइ थियो। त्यसपछि प्रत्यक्षतर्फ व्यवस्थापकीय जटिलता रहेको, समयको चाप र १६५ निर्वाचन क्षेत्रमै छुट्टै बुथ थप्नुपर्ने, कुन बुथमा कति मतदाता हुन्छन् भन्ने पनि थाहा नहुने भएकाले चुनौतीपूर्ण रहेको भण्डारीको भनाइ थियो।

भण्डारीले सरकारले स्रोतसाधन र सुविधा दियो भने समानुपातिकतर्फ कार्यस्थलबाटै मतदान गराउन आयोग तयारै रहेको बताए। 'प्रधानमन्त्रीले स्रोतसाधन दिन्छु भन्नुभएको छ। थप गृहकार्यपछि टुंगो लाग्ला,' उनले भने।

यसअघि ०७९ को निर्वाचनमा तत्कालीन प्रमुख निर्वाचन आयुक्त दिनेश थपलियाले निजी क्षेत्रका काम गर्ने मान्छेलाई आगामी निर्वाचनबाट जो मान्छे जहाँ छन्, त्यहीँबाट मताधिकार दिन ऐनमा व्यवस्था गर्ने प्रतिबद्धता जनाएका थिए। त्यहीअनुसार उनले अस्थायी मतदातामार्फत अग्रिम मतदानको व्यवस्थासहित कानुन मस्यौदा गरेर पठाएका थिए। आयोगका प्रवक्ता नारायण भट्टराईले कार्यस्थलबाटै मतदान गराउने सन्दर्भमा प्रधानमन्त्रीबाट चासो व्यक्त भएको र सम्भव भएसम्म आयोगले व्यवस्थापन गर्ने बताए। यो विषय अहिले छलफलमै रहेको उनको भनाइ छ।

आयोगले गृह मन्त्रालयमा प्रस्ताव गरेको कानुनको मस्यौदाको दफा ३६, ९८ र ९९ मा प्रतिनिधिसभा सदस्यको समानुपातिक निर्वाचन प्रणालीअन्तर्गत हुने निर्वाचनका लागि छुट्टै अस्थायी मतदाता नामावली तयार गर्ने उल्लेख छ। यसअन्तर्गत तीनै तहका सरकारी कार्यालयमा कार्यरत कर्मचारी, चारवटै संगठनका सुरक्षाकर्मी, निर्वाचनमा खटिएका कर्मचारी र सुरक्षाकर्मी, निर्वाचन पर्यवेक्षक, तीनै तहको स्वामित्व वा नियन्त्रणमा रहेका संस्थामा कार्यरत कर्मचारी, कानुनबमोजिम सञ्चालित वृद्धाश्रममा बसेका व्यक्ति, कारागारमा रहेका थुनुवा वा कैदी, मतदान हुने दिन वा सोभन्दा अघिदेखि मतदान हुने दिनसम्म विदेश भ्रमण गर्ने मतदाता, कुनै व्यापार, व्यवसाय, रोजगारी वा स्वास्थ्योपचारका कारणले आफ्नो मतदाता नामावली रहेको वडामा उपस्थित भई मतदान गर्न असमर्थ हुने मतदाताले निर्वाचन हुने दिनभन्दा अघि नै आयोगले तोकेको दिन र तोकेको मतदान केन्द्रमा उपस्थित भई अग्रिम मतदान गर्नुपर्ने भनिएको छ। हालको कानुनी व्यवस्था मतदाताले निर्वाचन हुने दिन सम्बन्धित मतदान केन्द्रमा आफैँ उपस्थित भई मतदान गर्नुपर्नेछ। कार्यस्थलबाट मतदान गर्न नपाउँदा मतदानको अधिकारबाटै वञ्चित हुनुपर्ने अवस्था छ।

### ■ निर्वाचनको ६० प्रतिशत तयारी

प्रधानमन्त्रीसँगको छलफलमा आयोगले निर्वाचन तयारीअन्तर्गतका ६० प्रतिशतभन्दा बढी काम सम्पन्न भइसकेको जानकारी गराएको छ। आयोगमा दर्ता रहेका र वडा सदस्यसम्म मात्र पनि विजय भएका दलहरूसँग छलफल गर्दा अहिलेसम्म कसैले पनि निर्वाचनमा भाग लिन नसकिने भन्ने भाव व्यक्त नगरेको कार्यवाहक प्रमुख आयुक्त भण्डारीले बताए। बरु विगतमा निर्वाचन बहिष्कार गरी बाधा-विरोध गर्ने समूह र दलहरूसमेत अहिले आयोगमा दर्ता भएर चुनावमा भाग लिन तत्पर भएका कारण विगतमा भन्दा अझै सहज वातावरण बन्दै गएको उनको भनाइ थियो। आयोगमा नयाँ दल दर्ता र मतदाता नामावलीमा समावेश हुने क्रम पनि उत्साहजनक रहेको बताउँदै उनले भने, 'हाम्रो मूल्यांकनअनुसार तोकिएकै मितिमा निर्वाचन गराउन सम्भव छ र आयोग यसका लागि सक्षम छ। कुनै द्विविधा राख्नुपर्ने अवस्था छैन।'

### ■ आयोगले छलफलका लागि बोलायो १६ दल

निर्वाचन आयोगले २१ फागुनको प्रतिनिधिसभा निर्वाचन र ११ माघमा तोकिएको राष्ट्रिय सभा निर्वाचनबारे छलफल गर्न १६ दललाई बोलाएको छ। प्रवक्ता नारायण भट्टराईका अनुसार कांग्रेस, एमाले, माओवादी, रास्वपा, राप्रपा, जसपा नेपाल, जनमत पार्टी, एकीकृत समाजवादी, लोसपा, नागरिक उन्मुक्ति, नेमकिपा, राष्ट्रिय जनमोर्चा, देशविकास पार्टी, नेपाल समाजवादी पार्टी (नयाँ शक्ति), नेपाल संघीय समाजवादी पार्टी, तमलोपालाई छलफलमा बोलाइएको छ। त्यसक्रममा आयोगले तयार पारेको निर्वाचन आचारसंहिताको मस्यौदामा पनि छलफल हुनेछ। आयोगले सुझावका लागि मस्यौदा सबै दललाई पठाइसकेको छ। दलहरूसँगको छलफलपछि आयोगले निर्वाचन कार्यक्रम प्रकाशन गर्ने तयारी गरेको छ।


# युनिक नेपाल लघुवित्त वित्तीय संस्था लि.

"नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त संस्था (१० जिल्ला कार्य क्षेत्र भएको)"

**केन्द्रीय कार्यालय**
**कोहलपुर नगरपालिका वडा नं. ११ बाँके**
लुम्बिनी प्रदेश, नेपाल, फोन नं. : ०८१-५४०२१३
ईमेल : info@unlbsl.com.np
वेब : www.uniquenepalmicrofinance.com.np

## Unaudited Condensed Statement of Financial Position

### CONDENSED STATEMENT OF FINANCIAL POSITION
as on 31st Ashoj, 2082

| Assets | This Quarter Ending | Immediate Previous Year Ending |
|---|---|---|
| Cash and cash equivalents | 386,872,526 | 391,991,940 |
| Statutory Balance and due from Nepal Rastra Bank | 17,764,900 | 17,764,900 |
| Placement with Bank and Financial Institutions | 23,523,569 | - |
| Derivative Financial Instruments | - | - |
| Other Trading Assets | - | - |
| Loans and advances to MFISs & Cooperatives | - | - |
| Loans and advances to customers | 3,159,741,045 | 3,319,650,112 |
| Investment securities | - | - |
| Current tax assets | - | - |
| Investment property | - | - |
| Property and Equipment | 26,820,835 | 26,654,655 |
| Goodwill and Intangible assets | - | - |
| Deferred Tax Assets | 13,592,766 | 13,592,766 |
| Other assets | 163,146,407 | 8,560,142 |
| **Total Assets** | **3,791,462,049** | **3,778,214,515** |
| **Liabilities** | | |
| Due to Bank and Financial Institutions | 293,300,456 | 344,812,708 |
| Due to Nepal Rastra Bank | - | - |
| Derivative Financial Instrument | - | - |
| Deposits from customers | 2,686,862,514 | 2,663,979,491 |
| Borrowings | 30,000,000 | 30,000,000 |
| Current Tax Liabilities | 27,665,439 | 15,043,795 |
| Provisions | - | - |
| Deferred Tax Liabilities | - | - |
| Other liabilities | 349,303,527 | 333,997,548 |
| Debt securities issued | - | - |
| Subordinated Liabilities | - | - |
| **Total Liabilities** | **3,387,131,935** | **3,387,833,542** |
| **Equity** | | |
| Share Capital | 148,575,000 | 148,575,000 |
| Share Premium | - | - |
| Retained Earnings | 61,817,231 | 58,327,614 |
| Reserves | 193,937,882 | 183,478,359 |
| **Total Equity** | **404,330,113** | **390,380,973** |
| **Total Liablities and Equity** | **3,791,462,049** | **3,778,214,515** |

### CONDENSED STATEMENT OF PROFIT & LOSS
For the quarter ended 31st Ashoj, 2082

| Particulars | Current Year | | Previous Year Corresponding | |
|---|---|---|---|---|
| | This Quarter | Upto this Quarter (YTD) | This Quarter | Upto this Quarter (YTD) |
| Interest income | 136,720,769 | 136,720,769 | 124,312,965 | 124,312,965 |
| Interest expense | 63,837,081 | 63,837,081 | 62,678,706 | 62,678,706 |
| **Net interest income** | **72,883,688** | **72,883,688** | **61,634,259** | **61,634,259** |
| Fees and commission income | 8,690,409 | 8,690,409 | 6,975,463 | 6,975,463 |
| Fees and commission expense | 2,493 | 2,493 | 1,765 | 1,765 |
| **Net fee and commission income** | **8,687,916** | **8,687,916** | **6,973,697** | **6,973,697** |
| **Net interest, fee and commission income** | **81,571,603** | **81,571,603** | **68,607,957** | **68,607,957** |
| Net trading income | - | - | - | - |
| Other operating income | 2,928,959 | 2,928,959 | 3,691,949 | 3,691,949 |
| **Total operating income** | **84,500,562** | **84,500,562** | **72,299,906** | **72,299,906** |
| Impairment charge/(reversal) for loans and other losses | 24,767,408 | 24,767,408 | 28,887,346 | 28,887,346 |
| **Net operating income** | **59,733,154** | **59,733,154** | **43,412,560** | **43,412,560** |
| **Operating expense** | **34,510,988** | **34,510,988** | **33,095,234** | **33,095,234** |
| Personnel expenses | 27,528,807 | 27,528,807 | 25,420,046 | 25,420,046 |
| Other Operating expenses | 6,468,545 | 6,468,545 | 7,121,914 | 7,121,914 |
| Depreciation and Amortisation | 513,636 | 513,636 | 553,274 | 553,274 |
| **Operating Profit** | **25,222,166** | **25,222,166** | **10,317,327** | **10,317,327** |
| Non operating Income | 1,346,487 | 1,346,487 | 1,079,190 | 1,079,190 |
| Non operating expense | - | - | - | - |
| **Profit before income tax** | **26,568,653** | **26,568,653** | **11,396,516** | **11,396,516** |
| Income tax expense | 7,970,596 | 7,970,596 | 3,418,955 | 3,418,955 |
| Current tax | 7,970,596 | 7,970,596 | 3,418,955 | 3,418,955 |
| Deferred Tax | - | - | - | - |
| **Profit for the period** | **18,598,057** | **18,598,057** | **7,977,561** | **7,977,561** |

### Condensed Statement of Comprehensive Income

| Particulars | Current Year | | Previous Year Corresponding | |
|---|---|---|---|---|
| | This Quarter | Upto this Quarter | This Quarter | Upto this Quarter |
| Profit for the period | 18,598,057 | 18,598,057 | 7,977,561 | 7,977,561 |
| Other Comprehensive Income | - | - | - | - |
| **Total Comprehensive Income** | **18,598,057** | **18,598,057** | **7,977,561** | **7,977,561** |
| Basic Earning Per Share (Annualized) | 50.07 | 50.07 | 21.48 | 21.48 |
| Diluted Earning per Share | 50.07 | 50.07 | 21.48 | 21.48 |

### Ratios as per NRB Directive

| Particulars | Current Year | | Previous Year Corresponding | |
|---|---|---|---|---|
| | This Quarter | Upto this Quarter | This Quarter | Upto this Quarter |
| Capital Fund to RWA | 8.48% | 8.48% | 8.80% | 8.80% |
| Non Performing Loan (NPL) to total Loan | 12.67% | 12.67% | 12.21% | 12.21% |
| Total loan loss provision to Total NPL | 130.41% | 130.41% | 135.58% | 135.58% |
| Cost of funds | 8.21% | 8.21% | 8.52% | 8.52% |
| Credit to Deposits and Borrowing Ratio | 140.88% | 140.88% | 142.17% | 142.17% |
| Base rate | 13.11% | 13.11% | 14.13% | 14.13% |
| Interest Rate Spread | 6.76% | 6.76% | 5.84% | 5.84% |

### Statement of Distributable Profit or Loss

| | |
|---|---|
| **Net Profit for the period end 32th Asar 2082** | **18,598,057** |
| **1.1 Profit required to be appropriated to:** | **4,184,563** |
| a. General Reserve | 3,719,611 |
| b. Capital redemption reserve | - |
| c. Exchange Fluctuation reserve | - |
| d. Corporate social responsibility fund | 185,981 |
| e. Employees training fund | - |
| f. Client protection fund | 278,971 |
| g. Other | - |
| **1.2 Profit required to be transferred to Regulatory Reserve:** | **6,274,960** |
| a. Transferred to Regulatory Reserve | 6,274,960 |
| b. Transferred from Regulatory Reserve | |
| **Statement of Distributable Profit or Loss** | **8,138,534** |
| **Opening Retained Earnings as of Shrawan 01 2082** | **53,678,697** |
| **Adjustment (+/-)** | |
| **Distribution: -** | |
| Bonus Share Issued - | |
| Cash Dividend Paid - | |
| **Total Distributable Profit or (loss) as on Qtr end date 2082 Ashoj** | **61,817,231** |
| **Annualized Distributable Profit/(loss) per Share** | **41.61** |

**Notes :**
1. Above financial statements are prepared in accordance with Nepal Financial Reporting Standards (NFRS).
2. Loan and advances are stated at net of impairment charge and included interest receivable on loan.
3. Above figures may vary upon otherwise direction made by Statutory auditor and Regulators.
4. Figures has been regrouped/rearranged/restated whereever necessary.
5. The interim financial statements has been uploaded in the website https://uniquenepalmicrofinance.com.np
6. Interest on deposit and Loan & Advance: Deposit: 7.5% to 13 % Loan & Advance: 14% to 15%

### धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को अनुसूची नं. १४ (नियम २६ को उपनियम १ संग सम्बन्धित)
### आ.व. २०८२/०८३ को प्रथम त्रैमासिक प्रतिवेदन

१. **वित्तीय विवरण :**
क) आ.व. २०८२/०८३ को पहिलो त्रैमास (२०८२।०४।०१ - २०८२।०६।३१) को वासलात, नाफा नोक्सान सम्बन्धी विवरण यस लघुवित्त वित्तीय संस्थाको वेभसाईटमा राख्नुका साथै यसै साथ प्रकाशित गरिएको छ।
ख) **प्रमुख वित्तीय अनुपातहरू :**

| प्रति शेयर आम्दानी रु. | मूल्य आम्दानी अनुपात (P/E Ratio) | प्रति शेयर नेटवर्थ रु. | प्रति शेयर कुल सम्पत्तिको मूल्य रु. | तरलता अनुपात |
|---|---|---|---|---|
| ५०.०७ | ३६.३७ | २७२.१४ | २,५५१.८८ | १५.३० |

२. **व्यवस्थापकीय विश्लेषण :**
क) **त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भए सोको प्रमुख कारण सम्बन्धी विवरण :**
यस अवधिमा यस वित्तीय संस्थाले आवश्यक तरलता व्यवस्थापन गरेको छ। त्रैमास मसान्तसम्मको तरलता अनुपात १५।३० प्रतिशत रहेको छ, जगेडा तथा अन्य कोषमा सामान्य बढेको छ। साथै यस आ.व. को पहिलो त्रैमाससम्ममा लघुवित्त वित्तीय संस्थाको खुद मुनाफा रु. १ करोड ८५ लाख ९८ हजार रुपैयाँ मात्र रहेको छ।
ख) **आगामी अवधिको व्यावसायिक योजना सम्बन्धमा व्यवस्थापनको विश्लेषणात्मक विवरण :**
यस लघुवित्त वित्तीय संस्था निरन्तर रुपमा गुणस्तरीय लघुकर्जा तथा बचत सेवा दिने कार्यमा केन्द्रीत रहेको छ, र आउने दिनमा यसलाई निरन्तरता दिनेछ। प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा साझेदार संस्थाहरूबाट अधिकतम ऋणीहरूसम्म वित्तीय सेवा पहुँच वृद्धि गर्नकालागि व्यवस्थापनले प्रभावकारी रुपमा काम गर्नेछ। एनपीएल घटाउन थप रणनीति बनाई कर्जा असुलीलाई प्रभावकारी बनाउँदै लगिएको छ। गुणस्तरीय सेवाले नै यस संस्थाको छवी सुदृढ हुने विषयमा यस वित्तीय संस्था विश्वस्त रहेको छ। साथै यस वित्तीय संस्थाले सदस्यहरूको ज्ञान, सीप र क्षमता अभिवृद्धि गर्नकोलागि सीपमुलक तालिमहरू सञ्चालन गर्ने गरेको छ। र वित्तीय सचेतना अभिवृद्धिको लागि सेवाग्राही र अभिभावकहरूको सहभागितामा वित्तीय साक्षरता, अन्तर्क्रिया कार्यक्रम गर्ने गरेको छ। यस किसिमका कार्यलाई आगामी दिनमा पनि निरन्तरता दिइनेछ।
ग) **विगतको अनुभवबाट संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पर्न सक्ने घटना, अवस्था आदि भएमा सो सम्बन्धी विश्लेषणात्मक विवरण :**
पहिलो त्रैमासिक अवधिको मसान्तसम्म आइपुग्दा व्यवसायको आकारको वृद्धि अनुसार सञ्चालन मुनाफा अघिल्लो त्रैमासको तुलनामा सन्तोषजनक अवस्था रहेको छ। लघुवित्त वित्तीय संस्थाहरूका विरुद्ध केही गतिविधिहरू हालसम्म पनि सक्रिय नै रहेकोले अरु सबै लघुवित्त वित्तीय संस्थामा जस्तै यस वित्तीय संस्थाको कारोबारमा पनि असर परेको हो। हाल नयाँ कर्जा भाखा नाघ्ने दर विस्तारै नियन्त्रण तर्फ गइरहेको भए पनि पुरानो भाखा नाघेको कर्जा असुली अपेक्षाकृत रुपमा असुली हुन नसकेको अवस्था छ। तथापि हाल वित्तीय सचेतनाका कार्यक्रमहरू मार्फत वित्तीय संस्थाले सदस्यहरूलाई सचेत गर्दै गइरहेको र आर्थिक क्रियाकलापहरू क्रमश: सक्रिय हुँदै गएको कारण संस्थाले दिने सेवा तथा संस्थाको कारोबारमा वृद्धि हुँदै जाने अपेक्षा गरिएको छ। तसर्थ संस्थाको मौज्दात, नाफा नोक्सान वा नगद प्रवाहमा तात्वीक असर पर्न सक्ने घटना भएको छैन। र यस प्रति व्यवस्थापन सचेत र सतर्क रहेको छ।

३. **कानुनी कारवाही सम्बन्धी विवरण :**
क) **त्रैमासिक अवधिमा संगठित संस्थाले वा संस्थाका विरुद्ध कुनै मुद्दा दायर भएको भए :**
यस अवधिमा संस्थाले वा संस्थाको विरुद्ध कुनै मुद्दा दायर भएको छैन।
ख) **संगठित संस्थाको संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको भए :**
यस वित्तीय संस्थाको संस्थापक वा सञ्चालकले वा संस्थापक वा सञ्चालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौजदारी अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर गरेको वा भएको बारे कुनै जानकारी प्राप्त भएको छैन।
ग) **कुनै संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको भए :**
कुनै संस्थापक वा सञ्चालक विरुद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको बारे हालसम्म कुनै पनि जानकारी प्राप्त भएको छैन।

४. **संगठित संस्थाको शेयर कारोबार सम्बन्धी विश्लेषण :**
क) **धितोपत्र बजारमा भएको संगठित संस्थाको शेयरको कारोबार सम्बन्धमा व्यवस्थापनको धारणा :**
यस लघुवित्त वित्तीय संस्थाको शेयर कारोबारका सम्बन्धमा व्यवस्थापनले नियमित रुपमा नेपाल स्टक एक्सचेन्जको कारोबार अवलोकन गरिरहेको छ। शेयरको मूल्यमा तात्वीक असर पार्ने कुनै पनि असामान्य घट्ना घटेको छैन।
ख) **त्रैमासिक अवधिको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोबार भएको कूल दिन तथा कारोबारको संख्या :**
यस त्रैमास अवधिमा यस संस्थाको शेयरको अधिकतम, न्यूनतम, अन्तिम मूल्य, कारोबार भएको कूल दिन तथा कारोबारको संख्या निम्न अनुसार रहेको छ।

| अधिकतम मूल्य रु. | न्यूनतम मूल्य रु. | अन्तिम मूल्य रु. | कारोवार भएको कूल दिन | कारोवारको संख्या | कारोवार भएको कुल शेयर संख्या |
|---|---|---|---|---|---|
| २,४८० | १,८२१ | १,८२१ | ५१ | २,७६२ | ९२,०१८ |

(श्रोत : नेपाल स्टक एक्सचेन्जको वेबसाईट www.nepalstock.com.np अनुसार)

५. **समस्या तथा चुनौती :**
**समस्या :** भाखा नाघेको कर्जा र निष्क्रीय कर्जा बढ्दै जानु, यसको विपरित ऋण लगानी र ऋणी सदस्य घट्दै जानु हालको प्रमुख समस्याको रुपमा रहेको छ। यसका साथै विगतमा केही ऋणी सदस्यहरू ऋण लिएर सम्पर्क नआउनु अर्को समस्याको रुपमा देखिएको छ, तर विगत एक वर्षको नयाँ ऋणी सदस्य सबै सम्पर्कमा छन्। यस्ता सम्पर्कमा नरहेका सदस्यहरूबाट भाखा नाघेको कर्जा असुली गर्ने कार्य चुनौतीपूर्ण रहेको छ। लघुवित्त विरुद्धको गतिविधिमा लागेकाहरूले अझ पनि पहिलेको लयमा कर्जाको किस्ता भुक्तानी गर्ने सहज वातावरण बन्न सकेको छैन।
**चुनौती :** यसबाट निस्क्रीय कर्जाको अनुपात बढ्न जाने, व्याज आम्दानी घट्ने र खुद मुनाफामा समेत असर पर्ने देखिन्छ। साथै आधार दरमा निर्धारित ब्याजदर लागू हुनु, आन्तरिक नियन्त्रण प्रणालीमा चुस्तता ल्याउने, वित्तीय क्षेत्रमा तिव्र प्रतिस्पर्धा र अस्वस्थ प्रतिष्पर्धा, कोषको लागतमा वृद्दि, वित्तीय संस्थाको कार्यक्षेत्रमा लघुवित्त विरोधी गतिविधिका कारण असुरक्षा, मुद्रा स्फिति, वित्तीय क्षेत्रको नयाँ प्रविधिलाई अंगिकार गर्न नसक्नु संस्थाको चुनौतीको रुपमा लिइएको छ।
**रणनीति :** कर्जाको गुणस्तर कायम गर्न विशेष ध्यान दिने। साथै मानव श्रोतको विकास तथा व्यवस्थापन गर्दै निम्न रणनीतिहरू अवलम्बन गरिने छ :
क. एनपीएल घटाउने खास कार्ययोजना र रणनीति बनाएर तत् शाखाका कर्मचारी र केन्द्रीय कार्यालयमा अधिकृतहरूलाई जिम्मेवार बनाई लागू गर्ने।
ख. कर्मचारीहरूलाई भाखा नाघेको कर्जा असुली गर्ने र एनपीएल व्यवस्थापन तालिम दिने।
ग. सेवाग्राही सदस्यहरू मैत्री लघुवित्त सेवा बनाउन ग्राहकहरूको सुझाव लिने, केन्द्र प्रमुख तथा अभिभावकको वित्तीय साक्षरता र अन्तरक्रिया गर्ने, र उक्त कार्यक्रमबाट प्राप्त भएका राय, प्रतिक्रिया तथा सुझावको अध्ययन विश्लेषण गर्ने र त्यसको आधारमा आवश्यक नयाँ नीतिगत व्यवस्था गर्ने।
घ. सम्पर्कमा नरहेका सदस्यहरूको खोजी गरी असुलीको वातावरण बनाउन कर्मचारीहरूलाई क्षमता विकास तालिम दिने, र असुली योजना बनाई कार्य गर्ने।
ङ. सदस्यहरूमा जनचेतनामूलक एवं वित्तीय साक्षरता सम्बन्धी कार्यक्रम थप प्रभावकारी बनाउन सचेतनामुलक सन्देश, अडियो, भिडियो सामग्री र सूचना तयार पारी विभिन्न सञ्चार माध्यमबाट प्रसारण गर्ने।
च. सदस्यहरूको क्षमता विकाससँग सम्बन्धित विभिन्न तालिमहरू सञ्चालन गर्ने, कर्मचारीहरूबाट सदस्यहरूको परियोजना निरिक्षण बढाउने।

६. **संस्थागत सुशासन :**
संस्थागत सुशासन सुदृढ गर्नका लागि सञ्चालक समिति, लेखापरीक्षण समिति, जोखिम व्यवस्थापन समिति, सम्पत्ति शुद्धिकरण अनुगमन समिति र व्यवस्थापन सदैव प्रतिवद्ध रहेको छ। नेपाल राष्ट्र बैंक लगायत अन्य नियमक निकायले जारी गरेको निर्देशन तथा लघुवित्त संस्थाले बनाएका नीति नियमहरू अनुपालन गरिएका छन्। संस्थागत सुशासनलाई अझ बलियो बनाउनका लागि नीति नियम तथा निर्देशिकाहरू तयार गरी व्यवस्थापनको स्पष्ट अधिकार र दायित्वको व्याख्या गरिएको छ, जुन लेखापरीक्षण समिति, जोखिम व्यवस्थापन समितिद्वारा अनुगमन गर्ने गरिएको छ।

७. **सत्य तथ्यता सम्बन्धमा कार्यकारी निर्देशकको उद्घोषण :**
आजको मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरूको शुद्धता सम्बन्धमा मेरो उच्च व्यवस्थापनले मलाई उपलब्ध गराए अनुसार म व्यक्तिगत रुपमा समेत उत्तरदायित्व लिन्छु। साथै म यो उद्घोष गर्दछु कि मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरू सत्य, तथ्य र पूर्ण छन्। लगानीकर्ताहरू सुसूचित भई निर्णय लिन आवश्यक पर्ने कुनै विवरण वा सूचना तथा जानकारीहरू लुकाइएको छैन।

# रावललाई नेपाली कम्युनिस्ट पार्टीमा छैटौं वरीयता, जिम्मेवारी टुंगिन बाँकी

**प्रेम गौतम**/नयाँ पत्रिका

एमाले छाडेका भीम रावल नेतृत्वको मातृभूमि जागरण अभियान नेपाली कम्युनिस्ट पार्टीमा समायोजन भएको छ। राष्ट्रिय सभागृहमा बुधबार आयोजित पार्टी समायोजन कार्यक्रममा नेकपाका संयोजक पुष्पकमल दाहाल प्रचण्ड, सहसंयोजक माधवकुमार नेपाल, नेता झलनाथ खनाललगायतले खादा र माला लगाएर रावललगायतलाई पार्टीमा स्वागत गरे। रावल नेकपामा छैटौं वरीयतामा रहनेछन्। उनको जिम्मेवारी टुंगिन बाँकी रहेको नेताहरूले बताएका छन्।

प्रमोद यादवको नेकपा श्रमजीवी पार्टी पनि नेपाली कम्युनिस्ट पार्टीमा समाहित भएको छ। एमाले केन्द्रीय सदस्य प्रकाश साहलगायत नेता तथा कार्यकर्ता पनि नेकपामा प्रवेश गरेका छन्।

समायोजनअघि प्रचण्ड, नेपाल र रावलले सातबुँदे सहमतिपत्रमा हस्ताक्षर गरेका थिए। आगामी ६ महिनाभित्र एकता राष्ट्रिय महाधिवेशन गर्ने सहमति छ। महाधिवेशनको मिति र स्थान भने तोकिएको छैन। महाधिवेशनमार्फत एकीकृत पार्टीको संरचना, नीति तथा नेतृत्वलाई संस्थागत गरिने सहमति छ। पार्टी सञ्चालनका सन्दर्भमा लोकतान्त्रिक मान्यता, सामूहिक नेतृत्व र जनवादी केन्द्रीयताको सिद्धान्तलाई अंगीकार गर्ने उल्लेख छ।

नेपाल र नेपाली जनताको सर्वोपरि हित, राष्ट्रिय सार्वभौमिकता, एकता, स्वाधीनता, अखण्डता र आत्मनिर्णयको अधिकारको संरक्षण गर्ने प्रतिबद्धता नेताहरूले जाएका छन्। बाह्य हस्तक्षेप र दबाबमुक्त राजनीति, राष्ट्रिय अर्थतन्त्र र संस्कृतिको मार्गमा अघि बढ्ने सहमति छ। समाजवाद र सामाजिक न्यायमा आधारित आर्थिक-सामाजिक रूपान्तरण र समृद्धिको अभियानलाई अघि बढाउने प्रतिबद्धता नेताहरूले गरेका छन्।

सहमतिसँगै मातृभूमि जागरण अभियानअन्तर्गतका सबै तहका नेता तथा कार्यकर्ता नेपाली कम्युनिस्ट पार्टीमा समाहित भएका छन्। पार्टीको विधान, राजनीतिक प्रतिवेदन र कार्यक्रमलगायत दस्तावेज संयुक्त रूपमा तयार पार्ने र पार्टी एकीकरणलाई सहज बनाउन आवश्यकतानुसार विभिन्न तहमा कार्यदल गठन गर्ने सहमति पनि भएको छ।

नेकपा संयोजक प्रचण्डले राष्ट्र बचाउनुपर्ने ऐतिहासिक आवश्यकतालाई ध्यानमा राखेर एकता गरिएको बताए। एकता तत्काल निर्वाचन जित्नका लागि मात्रै नभएको उनको दाबी छ। देशमाथि इतिहासमा यति ठुलो संकट कहिल्यै नपरेको उनले बताए। 'सुगौली सन्धिपछिको स्थिति हेर्ने हो भने देश अहिले असाधारण संकटमा छ। इतिहासमा यति संकटमा सायद कहिल्यै परेको थिएन देश। राष्ट्र बचाउनुपर्ने ऐतिहासिक आवश्यकतालाई मध्यनजर गरेर एकता गरिएको हो। एकता गरिहालौं चुनाव जित्नका लागि भनेर होइन,' उनले भने।




बुधबार राष्ट्रिय सभागृहमा आयोजित पार्टी समायोजन कार्यक्रममा नेपाली कम्युनिस्ट पार्टीका संयोजक प्रचण्ड, सहसंयोजक माधवकुमार नेपाल, झलनाथ खनाल, वामदेव गौतम, भीम रावललगायत नेता। **तस्बिर : संजित परियार/नयाँ पत्रिका**

- **प्रचण्ड**, संयोजक

इतिहासमा यति संकटमा सायद कहिल्यै परेको थिएन देश। राष्ट्र बचाउनुपर्ने ऐतिहासिक आवश्यकतालाई मध्यनजर गरेर एकता गरिएको हो। एकता गरिहालौं चुनाव जित्नका लागि भनेर होइन।

- **माधवकुमार नेपाल**, सहसंयोजक

हाम्रो एकतापछि कतिको होस-हवास गुमेको हुन सक्छ। होस गुमाएर गालीगलौजमा उत्रिनुपर्ने आवश्यक छैन। बरु हामीलाई धन्यवाद दिनुस्। मैले त बिगारे तपाईंहरूले सपार्नुभयो भनेर धन्यवाद प्रस्ताव पास गरे हुन्छ।

- **भीम रावल**, नेता

एकजनाको सत्ता स्वार्थ, अहंकार विरोधी राजनीतिक दलसँग मिलेर भए पनि सत्तालिप्सामा पुगेर ढलेको त्यो नेकपाको इतिहासलाई म स्मरण गरिरहेको छु। राष्ट्रियता, जनजीविकाको विषय सशक्त रूपमा उठाउने छु।

ऐतिहासिक आवश्यकतालाई मध्यनजर गरेर एकता गरिएको हो। एकता गरिहालौं चुनाव जित्नका लागि भनेर होइन,' उनले भने।

जेन-जी आन्दोलनले आफैंलाई बदल्न धक्का दिएकाले पनि छिटो एकतामा पुगिएको उनले बताए। राष्ट्रको आवश्यकता र जेन-जी विद्रोहको समीक्षाका आधारमा एकता भएको उनले बताए। कम्युनिस्ट एकतालाई टिकाइराख्ने जिकिर उनले गरे। अघिल्लोपटकको एकता एमाले अध्यक्ष केपी ओलीको अहंकार र दम्भले नदिएको उनले दाबी गरे।

सहसंयोजक नेपालले नेपाली कम्युनिस्ट पार्टी गठनले नेपाली राजनीतिमा तरंग लाएको भन्दै बलियो पार्टी बनाएरै छाड्ने जिकिर गरे। एकता प्रक्रिया अझै नरोकिने उनले बताए। 'कतिको होस-हवास गुमेको हुन सक्छ। होस गुमाएर गालीगलौजमा उत्रिनुपर्ने आवश्यक छैन। बरु हामीलाई धन्यवाद दिनुस्। मैले त बिगारे तपाईंहरूले सपार्नुभयो भनेर धन्यवाद प्रस्ताव पास गरे हुन्छ,' उनले भने।

नेता रावलले राष्ट्रिय स्वाधीनतालाई बलियो बनाउन नेकपामा लागेको बताए। राष्ट्रियता, जनजीविकाको विषय सशक्त रूपमा उठाउने उनले दाबी गरे। एमाले अध्यक्ष ओलीतर्फ लक्षित गर्दै रावलले अहंकार र सत्ता स्वार्थकै कारणले विगतमा नेकपा नटिकेको दाबी गरे। 'एकजनाको सत्ता स्वार्थ, अहंकार विरोधी राजनीतिक दलसँग मिलेर भए पनि सत्तालिप्सामा पुगेर ढलेको त्यो नेकपाको इतिहासलाई म स्मरण गरिरहेको छु। दुईतिहाइका प्रधानमन्त्रीले एउटा अँध्यारो कोठामा विदेशी गुप्तचरसँग कुराकानी गर्नुभयो। त्यसको दुई दिनपछि प्रतिनिधिसभा विघटन गर्नुभयो,' रावलले स्मरण गरे, 'सर्वोच्च अदालतले संविधानविपरीत भन्यो। त्यो कुरा पनि सुन्नुभएन, दोस्रोपटक फेरि प्रतिनिधिसभा विघटन गर्नुभयो। नेपालको कम्युनिस्ट आन्दोलनमा यति ठुलो धोका, यति धेरै गद्दारी अरू के हुन सक्छ।'

नेता प्रकाश शाहले मौसम बदलिए पनि ओलीको अहंकार नबलिएका कारण एमाले परित्याग गरेर नेकपामा आबद्ध भएको बताए। 'देशमा ऋतु बद्लिए, मौसम बद्लिए, नदीले पनि बहाव बदलेको छ, तर केपी ओलीको अहंकर बदलिएको छैन, दम्भ बदलिएको छैन। हुँकार बदलिएको छैन,' उनले भने।

## कांग्रेसमा महाधिवेशनबारे पदाधिकारी र पूर्वपदाधिकारी विभाजित

नयाँ पत्रिका

कांग्रेस केन्द्रीय कार्यसमिति बैठकमा महाधिवेशनको विषयलाई लिएर पदाधिकारी र पूर्वपदाधिकारी विभाजित भएका छन्। निर्वाचनअघि महाधिवेशन हुनै नसक्ने र निर्वाचनअघि नै महाधिवेशन गर्नुपर्ने अडान उनीहरूको छ। बुधबार ११ जना नेताले पक्ष-विपक्षमा विभाजित भएर धारणा राखेका छन्।

सहमहामन्त्री महेन्द्र यादवले निर्वाचनअघि महाधिवेशन सम्भव नभएकाले आफूले महामन्त्रीले प्रस्ताव गरेभन्दा फरक मितिमा महाधिवेशन प्रस्ताव गरेको बताए। 'निर्वाचनअघि महाधिवेशन सम्भव छैन। यदि त्यसो गरियो भने कांग्रेस कमजोर हुन्छ। त्यो सबैलाई थाहा भएकै विषय हो। पार्टीलाई कमजोर बनाउने प्रयास स्वीकार्य हुँदैन। पूर्वउपसभापति विमलेन्द्र निधिले निर्वाचनअगाडि कुनै पनि हालतमा महाधिवेशन नहुने जिकिर गरे। महाधिवेशनले निर्वाचनमा पार्टीलाई क्षति पुग्ने दाबी गर्दै निधिले विशेष वा नियमित कुनै पनि महाधिवेशन गर्ने पक्षमा लाग्न नहुनेमा जोड दिए। 'निर्वाचनको मिति घोषणा भइसकेको छ। निर्वाचनभन्दा बाहिर पार्टी जान सक्दैन, जान हुँदैन। आजको दिनमा निर्वाचनको विकल्प छैन। नहुने कामको पछि नलागौं, निर्वाचन सकिएपछि मात्रै महाधिवेशन गरौं,' निधिले भने।

पूर्वउपसभापति विजय गच्छदारले पुसभित्रै नियमित महाधिवेशन गर्न सकिने बताए। विशेष महाधिवेशनमा भने जान नहुनेमा उनले जोड दिए। 'हामी महाधिवेशनको विषयमा विवाद नगरौं। एकताबद्ध भएर निर्णय गरौं। विशेष महाधिवेशनमा जान हुन्न, बरु पुसस्तम्भ नियमित महाधिवेशन गरौं,' उनले भने। उनले सहमतिमै महाधिवेशन कार्यतालिका ल्याउनुपर्ने बताए।

पूर्वमहामन्त्री डा. शशांक कोइरालाले पार्टीको आन्तरिक विषयमा नअल्झी निर्वाचनको तयारीमा लाग्नुपर्ने बताए। लोकतान्त्रिक प्रक्रियालाई बचाउने एक मात्रै विकल्प निर्वाचन भएको भन्दै उनले आन्तरिक विषयमा अल्झिन नहुनेमा जोड दिए। विशेष महाधिवेशनको बहसलाई थाती राख्न पनि उनले सुझाव दिए।

नेता बलबहादुर केसीले सहमतिमा निकास निकाल्न आग्रह गरे। सर्वसम्मत निर्णय हुन नसके केन्द्रदेखि वडासम्मका सबै कमिटी विघटन गरेर जानुपर्ने उनको माग छ। नेता रमेश लेखकले महामन्त्री गगन थापा र सहमहामन्त्री महेन्द्र यादवले प्रस्तुत गरेको कार्यतालिका मिलाएर १५औं महाधिवेशनमा जानुपर्ने बताए। उनले विशेष महाधिवेशनका लागि गरिएको हस्ताक्षर फिर्ता गर्नुपर्नेसमेत माग गरे। नेता जितजंग बस्नेतले महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माको भूमिकामाथि प्रश्न उठाए। उनले महामन्त्रीद्वय असफल भएको भन्दै पदीय दायित्वबाट राजीनामा दिनुपर्ने माग गरे। 'सभापतिमाथि भौतिक आक्रमण हुँदा र पार्टी कार्यालय जल्दासमेत महामन्त्रीहरूले पदीय दायित्व पूरा गर्न सक्नुभएन। दुई महामन्त्रीहरू असफल भइसक्नुभएको छ, पदीय दायित्वबाट बिदा लिनुपर्छ,' उनले भने।

## हायात होटेलले एकतर्फी रूपमा गऱ्यो सम्पूर्ण श्रमिक कटौतीको घोषणा


**कृष्ण रिजाल**/नयाँ पत्रिका

जेन-जी आन्दोलनमा भएको तोडफोड र आगजनीलाई देखाएर पाँचतारे होटेल हायात रिजेन्सीले सम्पूर्ण श्रमिक कटौती गर्ने भएको छ। हायातले बुधबार सूचना जारी गर्दै आगामी २२ मंसिरदेखि लागू हुने गरी होटेलका १४३ जना श्रमिक कटौती गरिएको घोषणा गरेको हो।

आन्दोलनका क्रममा भएको तोडफोडपछि होटेललाई ठुलो आर्थिक क्षति पुगेको तथा होटेल पूर्ण रूपमा बन्द अवस्थामा रहेको भन्दै श्रमिकहरूलाई काममा लगाउन असमर्थ रहेको जनाएको छ। तर, श्रमिकहरूले भने होटेलमा भएको क्षति र मर्मतको बहाना बनाएर नियतवश श्रमिक कटौती गर्न लागेको भन्दै विरोध गरेका छन्। उनीहरूले संयुक्त ट्रेड युनियन समन्वय केन्द्र (जेटियुसिसी)लाई गुहार्ने बताएका छन्।

यसअघि व्यवस्थापनले २ कात्तिकमा सूचना जारी गर्दै श्रमिकहरूलाई होटेलपरिसरमा उपस्थित नहुन भनेको थियो। त्यस्तै, अनिश्चितकालका लागि होटेल बन्द भएको सूचनासमेत जारी गरेको थियो। त्यसपछि अर्थमन्त्री रामेश्वर खनालले होटेल पुनः सञ्चलान गर्न आग्रह गर्दै त्यसका लागि सहजीकरण गरिदिने प्रतिबद्धता गरेका थिए। तर, त्यसको केही दिनमै होटेल व्यवस्थापनले श्रमिक कटौतीको घोषणा गरेको हो।

'होटेलको मर्मतसम्भारको कार्य प्रारम्भ भइसकेको र सोका लागि आर्थिक स्रोत जुटाई खर्च व्यवस्थापन गर्नुपर्ने एवं यस अवधिमा सञ्चालनमा नरहेको होटेलमा श्रमिकहरूलाई काममा लगाउनसमेत होटेल असमर्थ छ,' सूचनामा उल्लेख छ। महाप्रबन्धक आशिष कुमारले जारी गरेको सूचनामा नेपाल पर्यटन तथा होटेल सम्बद्ध श्रमिक संघ, नेपाल स्वतन्त्र होटेल क्यासिनो तथा रेस्टुरेन्ट मजदुर युनियन, अखिल नेपाल होटेल क्यासिनो तथा रेस्टुराँ मजदुर संघ जिफन्टका अध्यक्ष **विनोद श्रेष्ठ** भन्छन्-



जेन-जी आन्दोलनको बहाना बनाएर हायात होटेल व्यवस्थापनले एकतर्फी रूपमा श्रमिक निष्कासनको घोषणा गरेको छ, यो निन्दनीय छ। व्यवस्थापनले आफ्नो निर्णय फिर्ता लिएर वार्तामा नआए हामी मजदुरका पक्षमा आन्दोलनमा जान्छौं, अदालतमा जान्छौं।

**के छ कानुनी व्यवस्था ?**

होटेलले श्रम ऐन, २०७४ को दफा १४५ अनुसार श्रमिक कटौती गर्ने घोषणा गरेको हो। उक्त दफाले प्रतिष्ठान सञ्चालनमा आर्थिक समस्या उत्पन्न भएमा वा एकभन्दा बढी प्रतिष्ठानहरू गाभिएको कारण श्रमिक संख्या बढी भएमा वा अन्य कुनै कारणले प्रतिष्ठान आंशिक वा पूर्ण रूपमा बन्द गर्नुपर्ने भएमा रोजगारदाताले श्रमिकको संख्यामा कटौती गर्न सक्ने व्यवस्था गरेको छ। तर, उक्त दफाअनुसार श्रमिक कटौती गर्दा रोजगारदाताले सम्बन्धित युनियन वा श्रम सम्बन्ध समितिसँग श्रमिक कटौतीको विकल्प र कटौती गरिने श्रमिक छनौटको अधार तथा सर्तका विषयमा छलफल गर्नुपर्ने र छलफलमा सहमति भएबमोजिम श्रमिक कटौती गर्न सकिनेछ।

र श्रम तथा रोजगार कार्यालय टेकु काठमाडौंलाई बोधार्थ गरिएको छ।

जेटियुसिसी सदस्य तथा नेपाल ट्रेड युनियन महासंघ (जिफन्ट)का अध्यक्ष विनोद श्रेष्ठले होटेलले बहानाबाजी गरेर जबर्जस्ती मजदुरलाई निष्कासन गर्न लागेको बताए। उनले होटेलले आफ्नो निर्णय नसच्याए आन्दोलन गर्ने तथा अदालतको ढोका ढक्ढक्याउने बताए। 'हायात होटेल व्यवस्थापनले पहिलादेखि नै मनोमानी गर्दै आएको थियो, श्रमिकलाई निकाल्ने हटाउने बहाना खोजिरहेको थियो,' उनले भने।

## संक्षेप

### कृषिबजारमा कोशी प्रदेश सभाको सचिवालय सञ्चालन

**विराटनगर**/ मोरङको कटहरी गाउँपालिका- १ जमटोकीमा रहेको कृषि थोक बजारमा कोशी प्रदेश सभाको सचिवालय सञ्चालनमा आएको छ। विराटनगरको देवकोटा चोकस्थित कोशी प्रदेश सभाको सचिवालय र संसद् भवन जेन-जी आन्दोलनका वेला जलाइएपछि कटहरीस्थित कृषि थोक बजारमा बुधबारदेखि प्रदेश सभा सचिवालय सञ्चालनमा आएको हो। सभामुख अम्बरबहादुर विष्ट र उपसभामुख सिर्जना दनुवार बुधबार आफ्नो कार्यकक्षमा प्रवेश गरे। अब कृषि थोक बजार परिसरभित्रै सबै संसदीय दलको कार्यालय, मिडिया सेन्टर, संसद् सभाहल र चमेनागृह सञ्चालन हुनेछ। सुविधा सम्पन्न भए पनि प्रयोगविहीन रहेको कृषि बजारको कार्यालयलाई कटहरी गाउँपालिकाका केही कर्मचारीले डेराका रूपमा प्रयोग गर्दै आएका थिए। परिसरमा गाउँपालिकाले हटिया लगाउँदै आएको थियो।

### जेन-जी आन्दोलनमा तोडफोड र आगजनी गर्ने पाँचजना पक्राउ

**मकवानपुर**/ जेन-जी प्रदर्शनका क्रममा हेटौंडामा भएका आगजनी र तोडफोडका घटनामा संलग्न व्यक्तिलाई प्रहरीले धमाधम पक्राउ गर्न थालेको छ। मकवानपुरमा गत २४ भदौमा आन्दोलनका क्रममा आपराधिक गतिविधि, आगजनी र तोडफोडमा संलग्न भएको भन्दै प्रहरीले पाँचजनालाई पक्राउ गरेको छ। पक्राउ परेकामाथि अदालतको आदेशपछि थप अनुसन्धान थालिएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ।

प्रहरीका अनुसार आन्दोलनका क्रममा बागमती प्रदेशका पूर्वमुख्यमन्त्री डोरमणि पौडेलको हेटौंडा उपमहानगरपालिका- ११, नवलपुरस्थित घरमा आगजनी र तोडफोड गरेको आरोपमा ३६ वर्षका सुजन अधिकारी र ३५ वर्षका सुरेन्द्र रानामगरलाई प्रहरीले नियन्त्रणमा लिएको छ। दुवैजनामाथि जिल्ला अदालत मकवानपुरबाट आपराधिक उपद्र तथा लुटपाटसम्बन्धी मुद्दामा म्याद अनुमति लिई थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक पुष्कर बोगटीले बताए।

## तस्करी रोक्न सशस्त्र प्रहरीले खटायो सीमामा एसएसपी

**काठमाडौं**/ तस्करी नियन्त्रणको मुख्य जिम्मेवारीसहित सशस्त्र प्रहरी बलले भारतसँगका मुख्य नाकामा चार एसएसपीलाई खटाएको छ। सिधै प्रहरी महानिरीक्षकको सचिवालयलाई प्रतिवेदन गर्ने गरी कोशी, मधेश, लुम्बिनी र सुदूरपश्चिम प्रदेशमा एसएसपी खटिएका हुन्।

कोशीमा दिग्विजय सुवेदी, मधेशमा माधवप्रसाद पौडेल, लुम्बिनीमा रविनराज कर्णजित तथा सुदूरपश्चिममा गंगाराम श्रेष्ठलाई खटाइएको छ। उनीहरूलाई सीमा सुरक्षा गुल्ममा बसेर काम गर्ने जिम्मेवारी दिएका छन्। कोशी प्रदेशअन्तर्गत सशस्त्र प्रहरी बल नेपाल प्रस्तावित सीमा सुरक्षा गुल्म काँकडभिट्टा झापा र प्रस्तावित सीमा सुरक्षा गुल्म रानीमोरङमा रहेर सीमानाकामा निगरानी गर्न जिम्मेवारी दिइएको छ।

त्यस्तै, मधेश प्रदेशअन्तर्गत सशस्त्र प्रहरी बल नेपाल नं. ८ गण धनुषा र प्रस्तावित सीमा सुरक्षा गुल्म वीरगन्ज पर्सामा रहेर प्रधान कार्यालयबाट खटिई काम गर्नेछन्। लुम्बिनी प्रदेशअन्तर्गत सशस्त्र प्रहरी बल नेपाल प्रस्तावित सीमा सुरक्षा गुल्म डन्डा रुपन्देही, प्रस्तावित सीमा सुरक्षा गुल्म कृष्णनगर कपिलवस्तु र प्रस्तावित सीमा सुरक्षा गुल्म जमुनाह बाँकेमा बसेर काम गर्न भनिएको छ। त्यस्तै, सुदूरपश्चिम प्रदेशअन्तर्गत सशस्त्र प्रहरी बल नेपाल प्रस्तावित सीमा सुरक्षा गुल्म त्रिनगर कैलाली र प्रस्तावित सीमा सुरक्षा गुल्म गड्डाचौकी कञ्चनपुरमा केन्द्रित भएर काम गर्नेछन्।

सशस्त्र प्रहरीले बदलिँदो सुरक्षा चुनौती र राजस्व अभिवृद्धि गर्ने अभिप्रायका साथ सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षकलाई मुख्य सीमानाकामा खटाएको सशस्त्र प्रहरी बलका सहप्रवक्ता शैलेन्द्र थापाले बताए। स्रोतका अनुसार राजस्व संकलनमा अपेक्षित सुधार नआएपछि त्यसैमा केन्द्रित भएर एसएसपीहरूलाई खटाइएको हो। कतिपय जिल्लामा सशस्त्र प्रहरी तस्करी समूहसँग मिलेको आशंकामा उनीहरूमाथि समेत निगरानी गरिरहेको र त्यस्तो पुष्टि भएमा प्रतिवेदनलाई समेत आधार बनाएर कारबाही तथा पुरस्कृत गर्ने सशस्त्र प्रहरी कार्यालयको तयारी छ। विगतमा राजनीतिक पहुँचका आधारमा तराईका जिल्लामा खटिएका केही अधिकृतहरूको कार्यशैलीमा सुधार नभएकाले उनीहरूलाई हटाउने सशस्त्र प्रहरी मुख्यालयको तयारी छ। नयाँ सरकारले तराईमा देखिने गरी राजस्व छली नियन्त्रणका लागि सुरक्षा निकायलाई निर्देशन दिएको छ।

एसएसपीहरूलाई कति समयलाई सीमा क्षेत्रमा राखिने भन्ने प्रस्ट तोकिएको छैन। निश्चित समयमा उनीहरूले गरेका कार्य प्रभावकारी देखिएमा संगठनले उक्त कार्यलाई निरन्तर दिने सशस्त्र प्रहरीले जनाएको छ।

## मधेशमा सात दलको प्रदर्शन जारी

**जनकपुरधाम**/ मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवको नियुक्ति खारेजीको माग गर्दै सात दलका सांसद तथा कार्यकर्ताले बुधबार पनि प्रदर्शन गरेका छन्। मधेश भवनको मुख्य गेटअगाडि बिहानैदेखि सुरु गरिएको धर्नामा कांग्रेस, जनता समाजवादी पार्टी नेपाल, जनमत पार्टी, लोकतान्त्रिक समाजवादी पार्टी, माओवादी, एकीकृत समाजवादी र नागरिक उन्मुक्ति पार्टीका सांसद तथा कार्यकर्ता सहभागी छन्।

मंगलबार साँझको शान्तिपूर्ण आन्दोलनमा प्रहरीले दमन गरेको भन्दै सातै दलले संयुक्त विज्ञप्ति जारी गर्दै आन्दोलनको घोषणा गरेका थिए। जसपा नेपालका प्रमुख सचेतक रामाशिष यादवले अदालतले दिएको अन्तरिम आदेशप्रति असन्तुष्टि व्यक्त गर्दै कानुनी तथा सडक दुवै माध्यमबाट अधिकार प्राप्त गर्ने उद्देश्यले आन्दोलन जारी राखिने बताए। उनले बिहीबार बिहान ८ देखि ११ बजेसम्म शान्तिपूर्ण धर्ना जारी रहने बताए।

७४ जना सांसदको हस्ताक्षरसहित दायर गरिएको रिटमार्फत मुख्यमन्त्री यादवको नियुक्ति संविधानविपरीत भएको दाबी गर्दै तत्काल बर्खास्त गर्न माग गरिएको छ।

मुख्यमन्त्री यादव बुधबार काठमाडौं गएका छन्। मधेशमा सरकार गठनको विषयमा पार्टी अध्यक्ष केपी ओलीले चासो लिएकाले भेटघाटका काठमाडौं जान लागेको उनले बताए। काठमाडौंमा कांग्रेस कार्यवाहक सभापति पूर्णबहादुर खड्कासमेतलाई भेट्ने कार्यक्रम रहेको उनको भनाइ छ। काठमाडौं जानुअघि मुख्यमन्त्री यादवले मंगलबार भएको प्रदर्शनमा घाइतेको अवस्थाबारे प्रादेशिक अस्पताल जनकपुरधामका मेसु डा. जामुन साहसँग जानकारी लिएका थिए।


Government of Nepal
Ministry of Physical Infrastructure and Transport
**Department of Roads**
Planning and Monitoring Branch
**Planning, Monitoring and Evaluation Section**
Chakupat, Lalitpur

**Regarding Shortlisted Firms for EOI: 02-PMES/082/83**

**Date of Publication: 2082/07/27 BS (2025-11-13)**

As per Rule 70 of the Public Procurement Regulation, 2064, the following consulting firms have been shortlisted after evaluating the electronically submitted EOIs under Contract ID Nos. PMES/33701123/082/83/DPR-01 and PMES/33701123/082/83/DPR-02 to carry out the respective consulting works.

| Contract ID | List of Shortlisted Firms |
|---|---|
| PMES/33701123/082/83/DPR-01 | 1) Api Point-Chameliya Point-Trinetra JV, Babarmahal-11, Kathmandu, 2) APPOLO-MOONLIGHT-AMIT JV, New Baneshwor, Kathmandu, 3) BDAnepal-PECC-Amlogia JV, Aloknagar,Kathmandu-31, 4) BEAM-IMPULSE-SEDS JV, Sanepa-2, Lalitpur, 5) CIAS-SET JV, Chakupat, Patan, Lalitpur, 6) EKG-RIPPLE-GES JV, Tokha-6, Kathmandu, 7) ERMC-GEOCOM-MADI JV, Dhobighat, Lalitpur, 8) Everest-Mappers-ED Consult JV, Baneshwor, Kathmandu, 9) GLOBAL-ADDON-DRMS JV, Buddhanagar, Ward no 10 Kathmandu, 10) GOEC-C2TECH JV, New Baneshwor, Kathmandu, 11) GRID Consult P. Ltd., Baneshwor, 12) Grid Nepal Design Associates Pvt. Ltd., Dhobighat-03, Lalitpur, 13) HEC-TMS-ECoCode JV, Subidhanagar, Tinkune-35, Kathmandu, 14) Interface-RADEC-IDRS JV, Kathmandu, 15) NATIONAL-RIDARC-J&R JV, Maipi, Samakhusi ,K.M.C-16, 16) NREC-DEC-HEC JV, Kumaltar-Lalitpur-15, 17) NSES-Green Planet- Planet Test JV, Kutubahal, Chabahil, Kathmandu, 18) Paragon-FBC-GEC JV, Bakhundole, Lalitpur, 19) RIDC-HYDROCON JV, Dhapasi, Kathmandu, 20) Rishikesh-SSMSGL-MEH JV, Imadol, Lalitpur, 21) Sakhuwa Engineering Consultancy Pvt. Ltd., Imadole-6, Lalitpur, 22) SILT-NSEC-CEA JV, Lalupate Marg, Hattisar, Kathmandu, 23) SITARA-GRAND-E2SERVICES JV, Chakupat, Patan, Lalitpur, 24) TC-GSLP-AEC JV, Hadigaon, Kathmandu, 25) Unique Engineering Consultancy Pvt. Ltd., Jwagal-10, Lalitpur, Nepal, 26) YGF-SPIRAL JV, Bhimsengola 34, Baneshwor , Kaktani Chowk |
| PMES/33701123/082/83/DPR-02 | 1) GEOCOM-ERMC-MADI JV, Dhobighat - 04, Lalitpur, 2) SITARA-GRAND-E2SERVICES JV, Chakupat, Patan, Lalitpur, 3) APPOLO-MOONLIGHT-AMIT JV, New Baneshwor, Kathmandu, 4) MOONLIGHT-REALPATH-HEAD JV, Madhyapur Thimi -17, Bhaktapur, 5) Paragon-FBC-GEC JV, Bakhundole, Lalitpur, 6) AVIYAAN-CARD JV, Ekata Marga, New Baneshwor, 7) New Planet-Shrestha-RNETC JV, Minbhawan-New Baneshwor, Ktm, 8) CIAS-SET JV, Chakupat, Patan, Lalitpur, 9) BMCL-PERTINENT-UNIVERSAL JV, Patan, Lalitpur, 10) NESS-Green Planet-Planet Test JV, Kutubahal, Chabahil, Kathmandu, 11) GLOBAL-ADDON-DRMS JV, Buddhanagar, Ward no 10 Kathmandu, 12) Grid Nepal Design Associates Pvt. Ltd., Dhobighat-03, Lalitpur, 13) BDAnepal-PECC-AMLOGIA JV, Aloknagar,Kathmandu-31 , 14) Rishikesh-SSMSGL-MEH JV, Imadol, Lalitpur, 15) HEC-TMS-ECoCoDE JV, Subidhanagar, Tinkune-35, Kathmandu, 16) GOEC-C2TECH JV, New Baneshwor, Kathmandu, 17) NATIONAL-RIDARC-J&R JV, Maipi, Samakhusi ,K.M.C-16, 18) GRID Consult P. Ltd., Baneshwor, Ktm, 19) TC-GSLP-AEC JV, Hadigaon, Kathmandu, 20) NREC-DEC-HEC JV, Kumaltar-Lalitpur-15, 21) BEAM-IMPULSE-SEDS JV, Gothatar, Kathmandu, 22) Interface-RADEC-IDRS JV, Koteshwor Kathmandu, 23) Unique Engineering Consultancy Pvt. Ltd, Jwagal-10, Lalitpur, Nepal, 24) SLATE-CMAT JV, Jwagal, 25) YGF-SPIRAL JV, Bhimsengola 34 Baneshwor , Kaktani chowk |

**Section Chief**



**Nepal Investment Mega Bank Limited Invites Sealed Bid Quotation for procurement of Blank Contactless Chip Plastic Card**

**(First Date of Publication: 13th November, 2025)**

Nepal Investment Mega Bank Limited invites sealed proposals from experienced and reputed companies for procurement of Blank Contactless Visa and MasterCard Chip Plastic Card.

**Terms and Conditions:**

- A copy of Firm/Companies Registration, VAT/PAN and Tax Clearance Certificate to be submitted along with the technical proposal.
- The bidder should be registered in Nepal or outside of Nepal, having local support in Nepal in case of being registered outside Nepal.
- Experience letter of supply works carried out in at least one Financial Institution in Nepal.
- Bidder must be able to provide Certified Card Profile from Visa and Master Card International for the personalization.
- The cost associated with the development and implementation of new issuer personalization scripts shall be borne by the chip card vendor, as such scripts are not certified for use within our personalization application.
- A complete set of Request for Proposal (RFP) document with details of work to be carried out can be purchased from General Service Department, Nepal Investment Mega Bank Limited, Durbar Marg, Kathmandu, upon submission of deposit slip for NPR 10,000 (Non-refundable) in account number 001093701001 (A/C Payable Sundary Cr. Misc.) from any branch of Nepal Investment Mega Bank Limited for further submission of proposal by companies or on behalf of their Principal/Local Authorized partner.
- The bidders have to submit Bid Bond Guarantee issued by an "A" Class Commercial Bank of Nepal with minimum amount being 5% of the total bid value and valid for minimum 90 days.

Bid document should be submitted in a sealed envelope addressing General Service Department, Nepal Investment Mega Bank Limited, Durbar Marg, Kathmandu, Nepal latest by 27th November, 2025 by 5:00 P.M. In case the last date of submission is declared a public holiday, the sealed -bid can be submitted on the next working day. Bid documents sent through courier/mail/fax will neither be accepted nor will they be returned to the sender. Date and time for opening of sealed bids shall be informed to the bidders. The bank reserves the right to accept or reject any or all bids without assigning any reason whatsoever.

NIMB नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि. NEPAL INVESTMENT MEGA BANK LTD.

**Nepal Investment Mega Bank Ltd.**
DurbarMarg, Kathmandu, Nepal
Phone No. 01-5328229 Ext. 366
G.P.O. Box - 3412
www.nimb.com.np

# राजनीतिमा 'मेरिटोक्रेसी'को बहस

## राजनीतिक नेतृत्व अब 'मेरिटोक्रेसी' पद्धतिबाट अगाडि जाने हो भन्ने मूल मान्यता जेन-जी विद्रोहले स्थापित गरिदिएको छ



● लोकबन्धु घिमिरे

अग्रलेख

संसारभरि नै यो प्रश्न सबैले सोध्छन्- राजनीति किन गरिन्छ ? यसको उत्तर छोटो छ- देशको विकास गर्न । यसखाले प्रश्नोत्तर क्रान्तिकारी संघर्षबाट परिवर्तन भएकाभन्दा संसदीय सुधारवाद हाबी भइरहेका देशमा बढी सुनिन्छ । र, यो बहस रेडिमेड नै हुन्छ, चाहे अमेरिका होस् वा भारत वा नेपाल वा यस्तै अन्य देशमा । ती देशमा न्यारेटिभ नै निर्माण भएको हुन्छ कि समाज बदल्न नेताले राजनीति गर्छन् र यिनले मात्रै विकासका अवरोध हटाउँछन् । तर, समाज बदल्ने भनेको के हो ? के नेताले साँच्चै समाज बदल्न सक्छन् र ?

उत्पादन इतिहासको विकासक्रममा हरेक समाजले आफ्नो आर्थिक, सामाजिक र सांस्कृतिक हैसियत बढाउँदै जान्छ । आर्थिक हैसियत बढाउन खेतिपाती, उद्यमधन्दा र कलकारखाना खोल्छ, पर्याप्तताका लागि वस्तु उत्पादन बढाउँछ, प्रतिव्यक्ति आय बढाउँछ, न्यायोचित वितरण गर्छ र गरिबी हटाउँछ । सामाजिक विकास गर्दा त्यहाँको शिक्षा, स्वास्थ्य, ज्ञानविज्ञान र उत्पादनप्रविधि उन्नत पार्छ भने सांस्कृतिक प्रवर्द्धनमा परम्परागत, रैथाने र स्थानीय संस्थागत मूल्य, भाषा र कलासाहित्य विस्तार गर्छ । आधुनिक राज्यले यी कार्य गर्न 'सोसल कन्ट्र्याक' सिद्धान्त (संविधान-कानुन)मार्फत जनअनुमोदित प्रणालीगत अर्थराजनीतिक आधार र उपरी संरचना बनाउँछ । कार्यपालिका, विधायिका र न्यायपालिकाजस्ता संरचना यही क्रममा बन्छन् । हो यी संरचनालाई वैधानिक र लोकतान्त्रिक तबरले चलायमान बनाउन नीतिगत औजार चाहिन्छन् । ती नीति तर्जुमा गरिदिने जनप्रतिनिधि नै राजनीतिकर्मी हुन् भन्न सकिन्छ । यो साँधुरो परिभाषालाई जति पनि फराकिलो बनाउन सकिन्छ । यसरी हेर्दा देश, राज्य वा मुलुकको सामूहिक निर्माणका लागि संवैधानिक नीतिगत औजार तयार गर्न राजनेताहरूको भूमिका ठुलो देखिन्छ ।

देश निर्माण गर्न छेक्ने अवरोधक के-के हुन् त ? गरिबी, अशिक्षा, बेरोजगारी, कमजोर कृषि र उद्योगजन्य उत्पादन प्रणाली, कमजोर प्रविधि, निम्नव्यापार व्यवसाय, सानो पुँजीगत क्षमता, कुशासन, कमजोर योजना र अविकसित पूर्वाधार लागतलगायत धेरै तत्त्व छन्, जसले समाजलाई पछाडि धकेलिरहन्छन् । यिनै बाधाको निरुपण रणनीतिक र कार्यनीतिक कौशलले गर्न राजनीतिक व्यक्ति चाहिन्छ, जसलाई जनताले पत्याएको र निर्वाचन गरेका हुन्छन् । यस्तो कौशल र सक्षमता नीतिगत ढाँचाको प्रगतिशील प्रारूपबाट पैदा हुन्छ । देश विकासका नीति, कार्यक्रम र संशाधनको समिश्रण उचित रूपले भयो भने विकासको फड्को सजिलै हानिन्छ । त्यसका लागि बौद्धिक, ज्ञानी, नैतिक र इमानदार नेतृत्व चाहिन्छ । अन्यथा भयो भने देशको साधनस्रोत र दुर्लभ पुँजीमा ब्रह्मलुट हुन्छ । देश गरिबी र बेरोजगारीमा फस्छ । अहिलेको जेन-जीले लामो समयसम्म नेपालको विकास गर्न नदिने अवरोधक र मूल कारकमध्ये सरकारी संशाधनको ब्रह्मलुट, असमान वितरण, शासकीय पक्षपात र राजकीय बेइमानी हो भन्ने पत्तो लगाएर नै यसको अन्त्य खोजेको हो । यो नै भ्रष्टाचार हो, जसले देश निर्माणमा अवरोध सिर्जना गरिरहेको हुन्छ । नेपालको राजनीतिमा भ्रष्टाचार अन्त्य गरी अब मोरल पोलिटिक्स सुरु गर्ने हो भन्छ जेन-जी पुस्ताले । अब यस मोरल पालिटिक्सको मापन पार्टीका तलदेखि माथिसम्मका सबै कार्यकर्ताको क्षमता, कडा मिहिनेत, अघोर परिश्रम, सिर्जनशीलता, शैक्षिक योग्यता, इमानदारी र नैतिकताको औजारबाट गर्ने हो । जसलाई मेरिटोक्रेसी भन्न सकिन्छ । नेताहरूको राजनीतिलाई धन, दौलत, महत्त्वाकांक्षा, नातावाद, परिवारवाद, चाकडीवाद, वंशवाद वा यस्तै गलत पक्षबाट शासनमा पार्ने कुप्रभावबाट टाढा राख्ने हो ।

राजनीतिक नेतृत्व अब मेरिटोक्रेसी पद्धतिबाट अगाडि जाने हो भन्ने मूल मान्यता जेन-जी विद्रोहले यतिबेला स्थापित गरिदिएको छ । जेन-जी क्रान्तिको यो सन्देश सबैले बुझ्न जरुरी छ । यो सत्य समाज र सबै नागरिकले बुझ्न ढिलो नगरौं । प्रजातन्त्र, संसद् र राजनीति धनाढ्यको कब्जामा जाँदा बेलायतको कल्याणकारी राज्यको अवधारणा बिग्रेकाले सोही भत्केको-बिग्रेको (डिस्टोपियन सोसाइटी) समाजको अवस्था चित्रण गर्दै द राइज अफ मेरिटोक्रेसी (१९५८) मा लेखक एमडी यंगले ऊबेला भनेका थिए- उच्च धनाढ्यवर्गले सत्ताकब्जा गरेका बेलायतजस्ता देशका 'डिस्टोपियन समाज' अब मेरिटोक्रेसीमा जानैपर्छ, जसले राजनीतिक शक्ति क्षमतावान् सामान्य मानिसमा स्थानान्तरण गर्छ र सामाजिक कल्याण फर्काउँछ । आजकल धेरै देश यही सिस्टम अफ मेरिटोक्रेसी (प्रतिभावान् नेतृत्व प्रणाली) बाटो समात्ने प्रयत्न गर्दै छन् पनि । सामाजिक अभ्यासमा मेरिटोक्रेसीलाई अवलम्बन गरेको उत्कृष्ट राष्ट्र सिंगापुर हेर्दाँ त कति विकसित समाज भएको छ आज । अनि यही सिंगापुर उच्चस्तरको कल्याणकारी राज्य भएको छ । अन्य देश पनि यस्तै मेरिटोक्रेसी प्रणाली अपनाउने तरखरमा छन् ।

जेन-जी विद्रोहले नेपालको परम्परावादी र विरासतवादी र संरचनात्मक लाभकारी राजनीति योग्यता प्रणालीमा रूपान्तरण गर्न आवश्यक भएको सन्देश दिएको




छ । यसैले, यतिखेर व्यापक छलफलमा आएका मेरिटोक्रेसी अवधारणाभित्रैका समकक्षी मान्यता, भाष्य र मापदण्डका साथै राजनीतिको सम्भावित कोर्स परिवर्तनका गोरेटा पनि आशालाग्दा देखिन्छन् । यसको व्यावहारिक प्रयोग उच्च तहको राजनीतिक चरित्र निर्माण गर्दा कहाँ र कसरी हुन्छ ? त्यो त हेर्ने बाँकी छ । यद्यपि, अहिलेलाई जेन-जीबाट स्थापित यस्ता मान्यता पालना गर्न सके नेपालको संसदीय राजनीति सुधारोन्मुख भई नैतिक, कल्याणकारी र प्रगतिशील लोकतन्त्रको बाटोतर्फ जानेछ पक्कै ।

नेपालजस्तो गरिब देश कसरी छिटो विकसित होला ? यसको सही उत्तर दिने सांसद र राजनीतिकर्मी धेरै भेटिन्नन् । डोजरे विकासको मात्रै चिन्ता छ यिनलाई । अधिक कंक्रिट संरचना, भ्युटावर र बाटोघाटोको चिन्ता छ, ठेक्कापट्टा र कमिसन खान पाइने आशामा मात्रै । यस्ता थोत्रे विकास संरचना दिगोपन र राष्ट्रिय उत्पादन वृद्धिसँग कतै जोडिन्नन् । यसैले होला, यतिबेला हामी १३ सय डलरसहित संसारका १९३ मुलुकमध्ये अतिकम प्रतिव्यक्ति आय भएको १८३औं स्थानमा छौं । साह्रै विपन्नता हो यो । यसबाट फड्को मार्दै पाँच वर्षमा पाँच हजार डलर 'जिएनआई परकेपिटा' भएको मध्यम विकासशील देश बनाउन सकिन्छ । विकास अर्थशास्त्रका दिग्गज अर्थशास्त्री डब्लुडब्लु रोस्ट्रो (१९५०) र नोबेल विजेता अर्थशास्त्री आर्थर लुइस (१९७३) ले भनेजस्तै अर्थतन्त्रको संरचनागत सुधार गर्दै असाध्यै परिश्रम र मिहिनेतसाथ 'ग्रोथ'केन्द्रित रेखीय प्रारूपमा जाने हो भने यो सम्भव छ । यसका लागि कृषि क्षेत्रमा भूमिसुधार गर्दै उत्पादन वृद्धि गरी बचत निर्माण गर्ने थालनीबाटै जानुपर्छ । त्यस्तो बचतबाट पुँजी निर्माण गरी उद्योग (मेनुफेक्चरर क्षेत्र) मा सार्नुपर्छ । यो नै उच्च औद्योगीकरण हो । यसले कृषि क्षेत्रका श्रमिक उद्योगमा सर्छन्, उत्पादन र जिडिपी बढ्छ । यो हो तीव्र आर्थिक रुपान्तरण प्रक्रिया । यसरी प्राप्त राष्ट्रिय आय (जिडिपी) लाई सामाजिक न्यायको सिद्धान्तअनुसार निःशुल्क शिक्षा, स्वास्थ्य, खानेपानी र सार्वजनिक हितमा लगाउनु जेन-जीले खोजेको विकासको प्रारूपभित्र पर्छ । यसलाई नै राजनीतिक मुद्दा बनाएर योजना पनि यसरी नै बनाउनुपर्छ, न कि अहिलेको जस्तो अनुत्पादक डोजरे विकास । यसर्थ, अब राजनीतिज्ञले सामाजिक न्यायसहितको विकासको यसखाले नयाँ प्रारूपबारे सोच्नैपर्छ र यस्तो सोच मेरिटोक्रेसीले सम्भव बनाउँछ ।

> उच्च धनाढ्य वर्गले सत्ताकब्जा गरेका देशका 'डिस्टोपियन समाज' अब मेरिटोक्रेसीमा जानैपर्छ, जसले राजनीतिक शक्ति क्षमतावान् सामान्य मानिसमा स्थानान्तरण गर्छ र सामाजिक कल्याण फर्काउँछ

नेपालको तीसवर्षे संसदीय अभ्यासमा के देखियो भने वडा सदस्यदेखि मेयर, सांसद र मन्त्रीहरूले राजनीतिलाई व्यवसाय बनाइदिए । राजनीतिक पार्टीहरूमा सीमित धनाढ्य वर्गको सहज पहुँच भयो । मेयर र सांसद पदमा व्यवसायमा जस्तै लगानी गरेपछि ती समूहले नीति अपचलन गरी राज्यदोहन गर्न र अकुत मुनाफा लिन सफल भए । डुंगागिट्टीका ठेकेदारले मेयर उम्मेदवारमा अग्रिम पैसा लगाएका खबर पनि आए । प्रायः धनीमानी र पैसा भएकाले मात्रै चुनावको टिकट पाए । समानुपातिक सांसद त ठेक्काप्रथाबाट किनबेच भयो पनि । व्यापारी सांसदको आवरणमा कानुन बनाउने स्थानमा पुगे, जो सर्वथा अनैतिक थियो । लाजमर्दो थियो, यी व्यापारीले देशको राष्ट्रिय बजेट बनाउँथे, गर्भनर फेर्थे, अध्यादेश ल्याउँथे ।

यसले राज्य 'ओलीगार्क' र सीमित 'कर्पोरेट'को चंगुलमा परेको बुझ्न सकिन्छ । गगन थापाले 'बिचौलियाहरू प्रधानमन्त्रीको बेडसम्मै पुग्छन्' भनेको त हामीले सुनेकै हौं । उफ् ! योभन्दा दुर्गन्धित खेल राजनीतिमा के होला ? त्यसो भएर हो, शिक्षा र स्वास्थ्यको व्यापारीकरण तथा सार्वजनिक सम्पत्तिमाथि ब्रह्मलुट भएको ।

यसर्थ, पैसाले चुनाव नजित्ने र भ्रष्ट एवं व्यापारीबाट पार्टी कब्जा नहुने निर्वाचन प्रणालीको बहस अघि लैजानुपर्छ अब । राजनीतिज्ञहरू नीति-निर्माता हुन्, तर ठेकेदार होइनन् । अनि, राजनीति व्यवसाय पटक्कै होइन भन्ने स्थापित हुनुपर्छ । अब नीति र कानुन नेताहरूबाट र विकास योजनाविद् र प्राविधिकबाट बनाउने गरी जानुपर्छ । अर्थात्, विकास प्रणालीलाई सिस्टमबाट प्रवर्द्धन गर्नुपर्छ । सिस्टमले विकास गर्यो, सत्तामा जो आए पनि विकास निरन्तर अगाडि जान्छ । सिस्टमबाट विकास गर्न प्रबलीकृत 'इन्स्टिच्युट' चाहिन्छ, जो मेरिटोक्रेसीले मात्र सम्भव बनाउँछ ।

लोकतन्त्रमा आवधिक निर्वाचन गरिन्छ । यस्तो निर्वाचनमा सही नेतृत्व चुन्ने भनिए पनि धेरै गलत र पैसावाला मात्रै चुनिएको देखिन्छ । नेपाललगायत यो समस्या दक्षिण एसिया र अन्य ग्लोबल साउथमा पनि उत्तिकै छ । समाजका तल्लो तप्काका व्यक्ति जनप्रतिनिधि बन्न सकेका छैनन् । किनकि, निर्वाचन खर्चिलो र महँगो छ । अहिले यो रोग पश्चिमतिर पनि सरेको छ । बेलायत, अमेरिका र जर्मनीको भर्खैरका निर्वाचनबाट संसद्मा धनाढ्यहरू बढी र मध्यम तथा तल्लो वर्ग अत्यन्त कम आएका छन् । बेलायती राजनीतिक-पर्यावरणीय अभियन्ता रोजर हलामका अनुसार युरोपका संसद्मा कामदार वर्गको प्रतिनिधित्व पाँच प्रतिशतभन्दा तलै छ । धनाढ्यहरू संसद्मा पुगेपछि ९५ प्रतिशत जनताका लागि सही नीति बन्ला त ? बन्दैन । यसैले चुनावमा भोट हाल्नु मात्रै लोकतन्त्र होइन । समाज परिवर्तनका लागि सही नीति र सही प्रतिनिधि छनोट उत्तिकै जरुरी छ, यस्तो लोकतन्त्रमा ।

उनी भन्छन्, परम्परागत 'भोटिङ डेमोक्रेसी'भन्दा 'सर्टिसन एन्ड विथड्रो डेमोक्रेसी' अपनाउँदा उचित हुन्छ । सर्टिसन इलेक्सन गर्दा वर्गान्तर र अन्य 'सोसल स्ट्राटा' (सामाजिक तह र तप्का)का आधारमा कम्तीमा पनि ५१ प्रतिशतभन्दा बढी जनप्रतिनिधि कामदार वर्ग, तल्लो पिँध र मध्यम वर्गबाट आउँछ । तिनले आफ्ना लागि रूपान्तरणकारी र कल्याणकारी नीति बनाउँछन् । भलै त्यो उच्चतम सूधार बनोस् । काम नगर्ने र अनैतिक नेतालाई फिर्ता गर्न सकिन्छ । यो कार्य पनि उद्यमशील मेरिटोक्रेसीबाटै सम्भव हुन्छ ।

नेपालका जनताले पनि मनी एन्ड मसलबाट हुने इलेक्सन रोज्नुभन्दा क्षमतावान्, परिश्रमी, सदाचारी अनि परिवर्तनकारी नीतिसहितको जनप्रतिनिधि छनोट गरिने निर्वाचन पद्धति बनाउनुपर्छ । उत्पादनशील नीति र नेता सँगै छान्नुपर्छ । यसबाट हामी भन्न सक्छौं, नेताज्यू ! समाज परिवर्तनमा योगदान गरौं, सर्वसाधारणजस्तै उद्यमशील बनौं र सम्मानित बनौं । जेन-जीको सन्देश समाज परिवर्तन र नैतिक राजनीति हो, तसर्थ सोहीअनुरूप अब नेपालमा पनि असल राजनीतिक अभ्यास सुरु गरौं, छिटै देश बन्न र सबै नागरिक समृद्ध बन्न पनि सम्भव छ ।

---

**३ प्रश्न**

राजनीतिक विश्लेषक
**प्रा. लोकराज बरालला**ई



**■ पार्टीलाई सबल बनाउन कांग्रेसले महाधिवेशन चुनावअघि गर्नुपर्छ कि चुनावपछि ?**

पार्टीलाई बचाउने हो र मतदातासामु आशा र विश्वास जगाउने हो भने कांग्रेसले 'यदि वा तर' नभनी चुनावअघि नै महाधिवेशन गर्नुपर्छ । तर, माथिल्लो तहमा बसेर पार्टी सत्तामाथि कब्जा जमाइरहेका सीमित नेताहरूको स्वार्थका कारण उनीहरू यो महाधिवेशन जतिसक्दो लम्ब्याउन चाहन्छन् । अहिले अगाडि देखिएका कांग्रेसका 'परीक्षित' अनुहारहरूबाट अब पार लाग्दैन । आगामी चुनावमा जाँदा 'फ्रेस' अनुहार लिएर जानुपर्छ । त्यसका लागि चुनावअघि नै महाधिवेशनमा जानु कांग्रेसका लागि उत्तम विकल्प हो । यस्तै अवस्थामा अहिलेकै नेतृत्वलाई अघि लगाएर निर्वाचनमा गए कांग्रेसलाई ठुलो क्षति हुन्छ । यतिखेर एमाले, माओवादीजस्ता दलले चुनावअघि नै महाधिवेशन गर्न सक्छन् भने कांग्रेसले किन सक्दैन ? आखिर महामन्त्रीले त कार्यतालिका प्रस्तुत गरिसक्नुभएकै छ । ५४ प्रतिशत कार्यकर्ताले हस्ताक्षर गरेको अवस्थामा चार-पाँचजना नेताले रोक्न खोजे पार्टी अकल्पनीय दुर्घटनामा पर्न सक्छ ।

**■ जेन-जी विद्रोहको मर्मअनुसार कांग्रेस सच्चिन सक्ने सम्भावना कति देख्नुहुन्छ ?**

नसच्चिई त धरै छैन । पछि सच्चिउँला भनेर समय छैन । समय घर्किसक्यो । अघिल्लो महाधिवेशनले चुनेको कार्य समितिको पदावधि पनि सकिँदै छ । सोही अवधिभित्र महाधिवेशन गर्न सके सबैतिर राम्रो सन्देश जान्छ । त्यसैले, यही मेसोमा सच्चिन सके सिंगो कांग्रेसका लागि राम्रो हुन्छ । सच्चिन नचाहेमा पार्टी धेरै कमजोर हुन्छ ।

**■ अहिलेकै अवस्थामा कांग्रेस एकढिक्का भएर चुनावमा जाला र मतदाताले पत्याउलान् त ?**

अहिलेकै अवस्थामा त कांग्रेस एकढिक्का भएर चुनावमा जानै सक्दैन । त्यहाँ केही न केही विद्रोह अवश्यै हुन्छ । नेताहरूले समय र परिस्थिति बुझ्न सकेनन् भने मतदाताले कांग्रेसको विकल्प खोज्न सक्छन् ।

---

**प्रेरक प्रसंग**

## चाखेको फलफूल

स्वामी रामकृष्ण परमहंसले दक्षिणेश्वरमा पुजारीको जिम्मेवारी पाए । उनको तलब थियो, महिनाको २० रुपैयाँ । यति रकम तत्कालीन समयमा उनको गुजाराका लागि पर्याप्त थियो । उनी आफ्नो जिम्मेवारीमा तन्मयतापूर्वक खटिए ।

रामकृष्णले जिम्मेवारी सम्हालेको १५ दिनपछि उनलाई मन्दिर व्यवस्थापन समितिसमक्ष उपस्थित हुन पत्र काटियो । पत्र पाएपछि उनी समितिसमक्ष उपस्थित भए । तर, उनलाई त्यहाँ किन बोलाइएको थियो, त्यसबारे भने उनी अनभिज्ञ थिए । समितिका पदाधिकारीले उनीसित प्रश्न गरे- पण्डितजी, तपाईंविरुद्ध धेरै भक्तजनले उजुरी दिएका छन् । यसबारे हामी तपाईंबाट केही जान्न चाहन्छौं । तपाईं हरेक फल पहिले आफूले चाखेर मात्र र फूल सुँघेर मात्र भगवान्लाई अर्पित गर्नुहुन्छ रे ! के कुनै मन्दिरमा पुजारीले भगवान्लाई जुठो प्रसाद र फूल चढाउँछन् हो ? दक्षिणेश्वरमा तपाईंले यसैगरी पूजा गर्दै हुनुहुन्छ ?



समितिका अधिकारीको प्रश्न सुनेपछि रामकृष्ण केही गम्भीर भए र उत्तर दिए- कुनै पनि फूल पहिले आफूले नसुँघी त म कसरी भगवान्लाई चढाउन सक्छु ? कुनै फूलमा सुगन्ध रहेनछ भने भगवान्लाई सास्ती हुँदैन ? अझ झनै दुर्गन्ध नै रहेछ भने त भगवान्को हालत कस्तो होला ? रह्यो फलफूल चाखेर चढाउने गरेको आरोप । यसमा पनि मेरो भनाइ त्यही हो । मेरी आमाले भान्छामा केही पकाउँदा मिठो भयो कि भएन भनेर आफूले चाखेर मात्र मलाई खान दिनुहुन्थ्यो । अनि, भगवान्का लागि कुनै फलफूल या प्रसाद चढाउँदा त्यो मिठो छ कि छैन, भगवान्का लागि योग्य छ कि छैन भनेर पहिला आफैंले चाख्नुपरेन त ? नचाखी त त्यसको स्वाद कसरी थाहा पाउनु र भगवान्लाई अर्पण गर्नु त ? पुजारी रामकृष्णको यस्तो आत्मविश्वासयुक्त जवाफ सुनेपछि समितिका पदाधिकारी निरुत्तर बने ।

---

**टिप्पणी**

nayapatrikaofficial
@naya_patrika

## यो प्रचलन सच्चिनैपर्छ

नेपाल प्रहरीको परम्परा बिदाइ भइजाने आइजिपीले नयाँ आइजिपीलाई दर्ज्यानी चिह्न लगाइदिने हो । तर, यो परम्परा बहुदलले खोलामा बगाउँदै नेपाल प्रहरीलाई कमजोर बनाउने खेल खेल्यो, अब सच्चियो भने राम्रो !

● कृष्णाकान्त अधिकारी

सेनाको प्रधानसेनापतिलाई राष्ट्रपतिले दर्ज्यानी चिह्न लगाउँदा नेपाल प्रहरी र सशस्त्र प्रहरीमा पनि प्रधानमन्त्रीले दर्ज्यानी चिह्न लगाउने व्यवस्था गर्दा कसो होला ?

● मनोज सुनार

अवकाशमा जाने प्रहरी महानिरीक्षक वा प्रधानमन्त्रीले दर्ज्यानी चिह्न लगाउँदा राम्रो हुन्छ ।

● रोशन

हुनुपर्ने यही हो तर नेपाली निजामती कर्मचारीहरू नेपाल पुलिसलाई तल्लो देखाउन होड !

● रुपेश थापा

हो हो, वास्तवमा दर्ज्यानी चिह्नचाहिँ राष्ट्रपतिबाटै लगाउनु झन् राम्रो हुन्छ ।

● राजु गुरुङ

कि अवकाशवालाले कि गृहमन्त्रीले लगाउने गर्नुपर्छ । सेनाको समेत राष्ट्रपतिले होइन कि रक्षामन्त्रीले कि त प्रधानमन्त्रीले गर्नुपर्छ ।

● लक्ष्मीभक्त खनाल




एकदम सही कुरा हो । यति ठुलो संगठनका प्रमुखको दर्ज्यानी चिह्न प्रधानमन्त्री, गृहमन्त्री वा अवकाश भई जाने प्रहरी महानिरीक्षकबाट लगाउने व्यवस्था गरे अति उत्तम हुने थियो ।

● श्याम कार्की
(नयाँ पत्रिका फेसबुक पेजबाट)

## कांग्रेसभित्र रडाको किन ?

आफूलाई प्रजातन्त्रको हिमायती सम्झने कांग्रेसभित्र किन रमिता चलिरहेको छ ? कांग्रेसभित्रका ज्येष्ठ नागरिक उमेरसमूहका नेताहरू पार्टीको अधिवेशन गर्न किन डराइरहेका छन् ? पाइरहेको पद गुम्छ भनेर हो ? आफूलाई प्रजातान्त्रिक पार्टी भन्नेले पार्टीभित्र उठेको आवाज सुन्दैन भने सडकबाट जनताले बोलेको कसरी सुन्ला ?

पछिल्लो समय एमालेसँग साँठगाँठ गरेर कांग्रेस पनि संसद् पुनर्स्थापनाका लागि हस्ताक्षर अभियान चलाउन लागेको छ भन्ने समचार आएको छ । यो गलत काम नगरेकै बेस होला । कांग्रेसले एमालेसँग सती जाने काम नगरोस् । एमालेलाई साथ दिँदाको परिणाम २३ भदौमा कांग्रेसले राम्रोसँग भोगेको छ । त्यसमाथि पार्टी सभापति शेरबहादुर देउवा दम्पतीले त झनै राम्रोसँग भोग्नुभएको छ । अब पनि चेत आउँदैन भने त कसको के नै लाग्छ र ? भिरबाट लड्नेलाई राम राम भन्न मात्र सकिन्छ, काँध थाप्न सकिन्न । एक महिनादेखि महाधिवेशन चुनावअघि कि पछि भन्ने विषयमा सहमति भएको छैन, कस्तो अचम्म ! जनताको चाहना के छ भन्नेतिर नेताहरूलाई कुनै मतलब नै छैन, तिनलाई जसरी भए पनि पद चाहिएको छ । देशमा यत्रो ठुलो घटना घट्दासमेत कांग्रेसीमा चेत आउँदैन भने कसको के लाग्छ !

● पुरुषोत्तम घिमिरे, जोरपाटी, काठमाडौं

---

# अमेरिकामा 'गभर्मेन्ट सट डाउन'को प्रभाव

## बन्दका कारण संघीय कर्मचारी तलबबाट वञ्चित छन्, हवाई यात्रा अवरुद्ध छ र गरिब अमेरिकीले खाद्य सहायता गुमाएका छन्



देश / विदेश

● बेलेन फर्नान्डेज

अमेरिका संघीय सरकार बन्दको ४२ औं दिनमा प्रवेश गरेको छ । बन्दका कारण संघीय कर्मचारीलाई तलबबाट वञ्चित गरिएको छ । हवाई यात्रा अवरुद्ध भएका छन् । लाखौं गरिब अमेरिकी खाद्य सहायता गुमाउन बाध्य छन् । सत्तारुढ विश्वव्यापी महाशक्तिमा 'सट डाउन' भएको निश्चित रूपमा यो पहिलोपटक होइन । यद्यपि, पछिल्लो सट डाउन आधुनिक अमेरिकी इतिहासमा सबैभन्दा लामो बन्दका रूपमा दर्ज भएको छ । यसपटक राजनीतिक तमासा बढी पीडादायी छ । सर्वसाधारण नागरिक मूकदर्शक बनेका छन् ।

छोटकरीमा भन्नुपर्दा राष्ट्रपति डोनाल्ड ट्रम्पले समर्थन गरेको गम्भीर स्वास्थ्य सेवा कटौतीबारे रिपब्लिकन र डेमोक्र्याटबिच बजेट असहमति भएका कारण संघीय सरकारले सट डाउन सामना गर्नुपऱ्यो । अवश्य पनि यी उनै ट्रम्प हुन्, जसले आर्थिक वर्ष २०२६ का लागि एक ट्रिलियन डलरभन्दा बढीको रक्षा बजेट प्रस्ताव गरेका थिए । बन्दपछि ट्रम्प प्रशासनले गरिब र भोका अमेरिकीले मूल्य चुकाउनुपर्ने चेतावनी दियो । १ नोभेम्बरमा राष्ट्रको महत्त्वपूर्ण पूरक पोषण सहायता कार्यक्रम (एसएनएपी) रोकियो । सन् १९६४ यता पहिलोपटक यो कार्यक्रम रोकिएको हो ।

लगभग चार करोड २० लाख अमेरिकी खानाका लागि एसएनएपीमा निर्भर छन् । अमेरिकी कृषि विभागको आर्थिक अनुसन्धान सेवा (इआरएस) का अनुसार २०२३ मा कार्यक्रममा सहभागीमध्ये ३९ प्रतिशत बालबालिका थिए । आइतबार इआरएस वेबसाइटमा 'बन्दका कारण यो सरकारी वेबसाइट कोष समाप्तिको समयमा अद्यावधिक हुनेछैन' भनी अलि सानो अक्षरमा सन्देश जारी गरिएको थियो । गत साता दुई संघीय न्यायाधीशले एसएनएपी लाभमा हुने रोक्का गैरकानुनी ठहर गरेपछि ट्रम्प प्रशासन आफ्नो भोकमरी अभियान उल्ट्याउन बाध्य भएको थियो । यद्यपि, खाद्य सहायताको पुनः सुरुवात आंशिक मात्र थियो । त्यसलाई हस्तक्षेप गर्न सर्वोच्च अदालतमा अपिल पऱ्यो ।

आजकल शीर्ष अमेरिकी न्यायिक निकायले बिरलै त्यस्तो असामाजिक पहलको सामना गर्छ, जसलाई उसले समर्थन गर्दैन । यस अवस्थामा पनि यसले निराश पारेन । सर्वोच्च अदालतले सरकारी बन्दका बिचमा एसएनएपी सहायता भुक्तानी पूर्ण रूपमा जुटाउन अदालतको आदेशलाई अस्थायी रूपमा रोक्न ट्रम्प प्रशासनको आपत्कालीन अपिललाई अनुमति दिएको एपीले रिपोर्ट गरेको छ, यद्यपि केही राज्यका बासिन्दाले यसअघि नै कोष प्राप्त गरिसकेका छन् । वास्तवमा, आफ्नै नागरिक भोकै नपरून् भनेर सुनिश्चित गर्न आफ्नो अधीनमा रहेका विशाल स्रोत प्रयोग गर्नुभन्दा बढी दबाबपूर्ण 'आपत्कालीन' अवस्थाबारे सोच्न गाह्रो छ ।

इजरायली सेनाले गाजापट्टीमा अमेरिकाको समर्थनमा प्यालेस्टिनीमाथि जबर्जस्ती मच्चाएको भोकमरीको समकालीन प्रयोगलाई हेर्दा घरेलु अमेरिकी सन्दर्भमा यस्तो शब्दावली अतिरञ्जितजस्तो लाग्न सक्छ । तर, जानाजानी मानिसलाई बाँच्न आवश्यक पर्ने आहारबाट




वञ्चित गर्नु भनेको भोकमरी नै हो- चाहे त्यो नरसंहारको हतियारको रूपमा होस् वा गरिबमाथि चलिरहेको अमेरिकी युद्धको पछिल्लो पुनरावृत्तिका रूपमा होस् । ३१ अक्टोबरमा एसएनएपी फ्रिज हुनुभन्दा अघिल्लो दिन, सिएनएनले 'म खाना खाँदा दोषी महसुस गर्छु' : कम आय भएका परिवारले अर्बौं संघीय सहायतामा पहुँच गुमाउन तयार छन्' शीर्षकको लेख प्रकाशन गरेको थियो, जसमा ओहायोकी एक आमालाई उद्धृत गरिएको थियो । खानेकुराको अभावमा भोकै काममा जाने गरेको उनले बताएकी थिइन् ।

संघीय बन्दका कारण आफ्नो परिवारले भोगेको पीडा वर्णन गर्दै उनले भनिन्, 'यो अब डेमोक्र्याट या रिपब्लिकनको कुरा रहेन । यो हाम्रो जीवनको सवाल हो । ट्रम्पको लाजमर्दो विकृतिको वर्तमान पृष्ठभूमिमा डेमोक्र्याटहरू बढी विनम्रजस्ता देखिन सक्छन्, तर गरिबमाथिको युद्ध लामो समयदेखि द्विदलीय रहेको सम्झनु उपयोगी हुन्छ । उदाहरणका लागि सन् १९९० को दशकमा डेमोक्र्याटिक राष्ट्रपति बिल क्लिन्टनले अमेरिकी कल्याणकारी प्रणालीमा 'सुधार'को निर्देशन दिएपछि अन्ततः चरम गरिबीमा बाँचिरहेका अमेरिकीको संख्यामा तीव्र वृद्धि भयो ।

दुवै पक्ष अमेरिका आफैंले जग बसालेको बहुलवादलाई कायम राख्न दृढतापूर्वक प्रतिबद्ध छन्, किनकि सबैलाई पर्याप्त खानाको अधिकारसहित समान अधिकार सिर्जना गरियो भने तपाईं अल्पसंख्यक अभिजात वर्गको अत्याचारलाई टिकाउन सक्नुहुन्न । धनी अमेरिकी आफ्नो सम्पत्तिमा कर लगाउँदा अस्तित्वगत खतराबारे पीडा व्यक्त गर्छन् । तर, अब आवश्यक पोषणबाट वञ्चित हुन लागेका करोडौं मानिसका लागि अस्तित्वगत खतरा वास्तविक हो ।

सोमबार राति आठ सिनेट डेमोक्र्याटले रिपब्लिकनसँग मिलेर जनवरीसम्म बन्दलाई अस्थायी रूपमा अन्त्य गर्ने र सरकारलाई पुनर्जीवित गर्ने पहिलो चरणका रूपमा मतदान गरे । हाउस अफ रिप्रिजेन्टेटिभमा अर्को मतदान आवश्यक छ, त्यसपछि ट्रम्पको हस्ताक्षर । यसका लागि केही दिन लाग्न सक्छ । पारित भयो भने पनि विधेयकले सेप्टेम्बरसम्म एसएनएपीलाई विस्तार गर्नेछ, तर मौलिक रूपमा यसले समस्या समाधान गर्दैन । किनकि, भोकाहरू अलपत्र छन् र स्वास्थ्य सेवा अनिर्णीत छ ।

*अलजजिराबाट*

---

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

NIC ASIA
एन आई सी एशिया बैंक लि.

**एन आई सी एशिया बैंक लिमिटेड**
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११९८०, टोल फ्री नं.: १६६०-०१-७७७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्, कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं ।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

## ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ (पैतीस) दिने सार्वजनिक सूचना

यस बैंकका तपसिलका ऋणीले लिनुभएको ऋण कर्जा सुविधाको साँवा, ब्याज लगायतका अन्य रकम बैंकसँगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्नेमा नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त उल्लंघन गर्नुभएकोले कर्जा चुक्ता भुक्तानी गर्न पटक पटक मौखिक तथा लिखित तरिकाले गर्दा समेत कर्जा चुक्ता नगर्नुभएकोले यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी ऋण कर्जाको सम्पूर्ण साँवा, ब्याज र अन्य दैं-दस्तुर चुक्ता भुक्तान गर्नुहोला । अन्यथा प्रचलित ऐन कानून तथा बैंकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पत्ति लिलाम बिक्री वा अन्य कुनै व्यवस्था गरी बैंकको आफ्नो लेना रकम असुल उपर गरिनुका साथै नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम ऋणी लगायत सम्बद्ध सबैलाई कर्जा सूचना केन्द्र लि.को कालोसूचीमा नाम समावेश गर्न सिफारिस गरिने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराईन्छ । साथै धितो सुरक्षणबाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा नेपाल राष्ट्र बैंकको निर्देशन बमोजिम जमानीकर्तालाई कर्जा चुक्ता गर्न समय प्रदान गर्दा समेत कर्जा चुक्ता भुक्तानी नगरेमा जमानतकर्तालाई समेत कालोसूचीमा समावेश गर्न सिफारिस गरि बाँकी रहेको कर्जा असूल उपर गर्न बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैंक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सोको नियमावली, २०५९ तथा प्रचलित कानून अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पतिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ ।

**तपसिल**

| क्र.सं. | ऋणीको विवरण |
|---|---|
| १) | **ऋणी : सुर्यबहादुर तामाङ**<br>स्थायी ठेगाना : धादिङ जिल्ला, तर्सपु गा.वि.स. वडा नं. २, हालको ठेगाना : धादिङ जिल्ला, थाके गा.पा. वडा नं. ४, बाबु : कान्छाराम तामाङ, बाजे : बिजय तामाङ |
| २) | **ऋणी : जंगा बहादुर गौतम**<br>स्थायी ठेगाना : झापा जिल्ला, दुमक गा.वि.स. वडा नं. २, हालको ठेगाना : काठमाडौं जिल्ला, ठोखा न.पा. वडा नं. ५, बाबु : देवी प्रसाद गौतम, बाजे : अम्बर बहादुर गौतम |
| ३) | **ऋणी : सिता कुमारी चौधरी थारु**<br>स्थायी ठेगाना : सप्तरी जिल्ला, ठेलीया गा.पं. वडा नं. ४, हालको ठेगाना : सप्तरी जिल्ला, सप्तकोशी न.पा. वडा नं. ७, बाबु : फुदाई चौधरी थारु, ससुरा : चैतु चौधरी, पति : रघुनाथ चौधरी थारु |
| ४) | **१) ऋणी फर्म : डि.वि.डी. ईटा उद्योग, प्रोप्राईटर तथा जमानीकर्ता : जितेन्द्र कुमार चौधरी**<br>दर्ता नं. : घरेलु तथा साना उद्योग कार्यालय, महोत्तरी, जलेश्वरमा प्रा.फ.नं. ३९३५/५६/०६८/०६९, दर्ता मिति २०६८/०६/१३, ठेगाना: जिल्ला महोत्तरी, रामगोपालपुर गा.वि.स. वडा नं. ४<br>**२) ऋणी : अनिल कुमार चौधरी**<br>स्थायी ठेगाना : महोत्तरी जिल्ला, रामगोपालपुर गा.वि.स. वडा नं. ५, हालको ठेगाना : महोत्तरी जिल्ला, रामगोपालपुर न.पा वडा नं. ५, बाबु : राजेन्द्र चौधरी, बाजे : शिवनन्दन चौधरी<br>**३) ऋणी : जितेन्द्र कुमार चौधरी**<br>स्थायी ठेगाना : महोत्तरी जिल्ला, रामगोपालपुर गा.वि.स. वडा नं. ६, हालको ठेगाना : महोत्तरी जिल्ला, रामगोपालपुर न.पा वडा नं. ५, बाबु : अनिल कुमार चौधरी, बाजे : राजेन्द्र चौधरी |
| ५) | **१) ऋणी फर्म : जय माता जी ट्रेडर्स, प्रोप्राईटर तथा जमानीकर्ता: मुन्नी देवी साह**<br>दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, सप्तरी, राजविराजमा सा.फ/प्रा.फ.र.न. :- ६९३३/०७५/०७६, दर्ता मिति २०७५/१२/१७, ठेगाना: जिल्ला सप्तरी, कंचनरुप न.पा. वडा नं. ८<br>**२) ऋणी : शम्भु साह**<br>स्थायी ठेगाना : सप्तरी जिल्ला, पोर्ताहा गा.वि.स. वडा नं. ४, हालको ठेगाना : सप्तरी जिल्ला, कंचनरुप न.पा. वडा नं. ८, बाबु : स्व. गंगाराम साह, बाजे : खजान्ची साह |
| ६) | **१) ऋणी फर्म : नव लेखनाथ वाइन स्टोर्स, प्रोप्राइटर तथा जमानीकर्ता : द्रौपदी के.सी.**<br>दर्ता नं. : घरेलु तथा साना उद्योग कार्यालय, कास्कीमा प्रा.फ.र.नं. ६९३०/०६९/०७०, दर्ता मिति: २०७०/०२/०५, ठेगाना: जिल्ला कास्की, लेखनाथ न.पा. वडा नं. १२<br>**२) ऋणी फर्म : पि एच सैनिक रेष्ट्रो एण्ड बार, प्रोप्राइटर तथा जमानीकर्ता : चन्द्र के.सी.**<br>दर्ता नं. : घरेलु तथा साना उद्योग विभाग कास्कीमा प्रा.फ.नं.घ.उ.वि.: १३५८६/०७४/०७५, दर्ता मिति: २०७४/११/१६, ठेगाना : जिल्ला कास्की, पोखरा लेखनाथ म.न.पा. वडा नं. ३०<br>**३) ऋणी : द्रोपदी के.सी.**<br>स्थायी ठेगाना : कास्की जिल्ला, लेखनाथ न.पा. वडा नं. १२, हालको ठेगाना : कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. ३०, बाबु : मान बहादुर थापा, ससुरा : देवराज के.सी, पति : जित बहादुर के.सी.<br>**४) ऋणी : सीमा थापा**<br>स्थायी ठेगाना : कास्की जिल्ला, सराङकोट गा.वि.स वडा नं. ८, हालको ठेगाना : कास्की जिल्ला, पोखरा म.न.पा. वडा नं. ३०, बाबु : झपट बहादुर थापा, ससुरा : जित बहादुर के.सी., पति : चन्द्र के.सी. |
| ७) | **१) ऋणी कम्पनी : कुमारी एग्रो एण्ड रिसर्च सेन्टर प्रा.लि., संचालक तथा जमानीकर्ता : आशिष चौधरी**<br>दर्ता नं.: कम्पनी रजिष्ट्रारको कार्यालय, बुटवल शाखामा दर्ता नं. २८६९८०/०७८/०७९, मिति : २०७८/१२/०७, ठेगाना : जिल्ला रुपन्देही, सियारी गा.पा. वडा नं. ६<br>**२) ऋणी : आशिष चौधरी**<br>स्थायी ठेगाना : रुपन्देहि जिल्ला, सौ. फर्साटिकर गा.वि.स. वडा. नं. ४, हालको ठेगाना : रुपन्देहि जिल्ला, सुद्धोधन गा.पा. वडा. नं. ४ बाबु : भवनाथ चौधरी, बाजे : मोहन प्रसाद<br>**३) ऋणी : दिल कुमारी चौधरी**<br>स्थायी ठेगाना : रुपन्देहि जिल्ला, धकधई गा.वि.स. वडा. नं. ७, हालको ठेगाना : रुपन्देहि जिल्ला, रोहिणी गा.पा.वडा. नं. ३, बाबु : रक्तारे थारु, ससुरा : धर्म प्रकाश चौधरी, पति : चेत मान चौधरी |
| ८) | **ऋणी फर्म : के.वाई.सी सर्जिकल, प्रोप्राईटर तथा जमानीकर्ता : सुरेन्द्र कुमार कुशवाहा**<br>दर्ता नं. : घरेलु तथा साना उद्योग कार्यालय, जलेश्वर, महोत्तरीमा प्रा.फ.र.नं. ७७०५/१२८६/०७७/०७८, दर्ता मिति २०७८/०३/१०, ठेगाना : जिल्ला महोत्तरी, भंगाहा न.पा. वडा नं. ४ |
| ९) | **१) ऋणी फर्म : श्री पूजा जेनरल स्टोर्स, प्रोप्राईटर तथा जमानीकर्ता : आरती देवी**<br>दर्ता नं. : घरेलु तथा साना उद्योग कार्यालय, धनुषामा प्रा.फ.र.नं. १०७९२/६३२/२०७४/०७५, दर्ता मिति २०७४/१०/२१, ठेगाना : जिल्ला धनुषा, मिथिला न.पा. वडा नं. २<br>**२) ऋणी : आरती देवी**<br>स्थायी ठेगाना : धनुषा जिल्ला, नक्टाझिज गा.वि.स. वडा नं. ३, हालको ठेगाना : धनुषा जिल्ला, मिथिला न.पा. वडा नं. २, बाबु : देव सुन्दर महतो, ससुरा : नागेश्वर महतो कोईरी, पति : सुरेन्द्र कुमार महतो |
| १०) | **ऋणी : उमाशंकर राय यादव**<br>स्थायी ठेगाना : रौतहट जिल्ला, पिपरिया प. गा.वि.स. वडा नं. ४, हालको ठेगाना : रौतहट जिल्ला, बौधीमाई न.पा. वडा नं. ६, बाबु : महादेव राय यादव, बाजे : गोरख राय यादव |
| ११) | **ऋणी : केशव कुमार ठाकुर**<br>स्थायी ठेगाना : सप्तरी जिल्ला छिन्नमस्ता गा.वि.स. वडा नं. ४, हालको ठेगाना : सिरहा जिल्ला लहान न.पा. वडा नं. ३, बाबु : लक्ष्मण ठाकुर, बाजे : पन्चै ठाकुर |
| १२) | **१) ऋणी फर्म : राकेश रोशन कृषि फार्म, प्रोप्राईटर तथा जमानीकर्ता : सिया देवी मण्डल धानुक**<br>दर्ता नं. : घरेलु तथा साना उद्योग कार्यालय, लहान, सिरहामा प्रा.फ.न.घ.उ.वि. १२०९२/०७७/०७८ दर्ता मिति २०७७/१०/१५, ठेगाना : जिल्ला सिरहा, सुखीपुर न.पा. वडा नं. ४<br>**२) ऋणी : कृष्ण देव मण्डल**<br>स्थायी ठेगाना : सिरहा जिल्ला, कविलासी गा.वि.स. वडा नं. ८, हालको ठेगाना : सिरहा जिल्ला, सुखीपुर न.पा. वडा नं. ४, बाबु : जोखन मण्डल, बाजे : रामेश्वर मण्डल |
| १३) | **ऋणी : कमलेश शरण चौधरी**<br>स्थायी ठेगाना : कपिलवस्तु जिल्ला, पकडी गा.वि.स. वडा नं. १, हालको ठेगाना : कपिलवस्तु जिल्ला, मायादेवी गा.पा. वडा नं. १, बाबु : राम सवारे प्रसाद चौधरी कुर्मी, बाजे : महेश दत्त |
| १४) | **१) ऋणी फर्म : दवाडी ट्रेडर्स, प्रोप्राईटर तथा जमानीकर्ता : दुर्गेश दवाडी**<br>दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, भरतपुर, चितवनमा प्रा.फ.र.नं. ९६६/०७३/०७४, दर्ता मिति : २०७३/१०/२०, ठेगाना : जिल्ला चितवन, भरतपुर उ.म.न.पा. वडा नं. २२<br>**२) ऋणी : ठंक राज दवाडी**<br>स्थायी ठेगाना : चितवन जिल्ला, पटीहानी गा.वि.स. वडा नं. ८, हालको ठेगाना : चितवन जिल्ला, भरतपुर म.न.पा. वडा नं. ७, बाबु : भानु भक्त दवाडी, बाजे : चन्द्रकान्त दवाडी |
| १५) | **ऋणी : राम बहादुर राई**<br>स्थायी ठेगाना : मकवानपुर जिल्ला, हटिया गा.वि.स. वडा नं. ७, हालको ठेगाना : मकवानपुर जिल्ला, हेटौंडा उ.म.न.पा. वडा नं. १६ बाबु : मान बहादुर राई, बाजे : तिलक बहादुर राई |
| १६) | **१) ऋणी कम्पनी : कोजु एण्ड सन्स् ट्रेडिङ कम्पनी प्रा.लि., संचालक तथा जमानीकर्ता : आशिष कोजु,**<br>दर्ता नं.: कम्पनी रजिष्ट्रारको कार्यालय त्रिपुरेश्वर काठमाडौंमा दर्ता नं २४९६३२/०७७/०७८, दर्ता मिति: २०७७/०८/२६, ठेगाना: जिल्ला भक्तपुर, मध्यपुर थिमि न.पा. वडा नं. २<br>**२) ऋणी : आशिष कोजु**<br>स्थायी ठेगाना : भक्तपुर जिल्ला, मध्यपुर ठिमी न.पा वडा नं १७, हालको ठेगाना : भक्तपुर जिल्ला, मध्यपुर ठिमी न.पा. वडा नं २, बाबु : अमृत कोजु, बाजे : ज्ञान बहादुर कोजु |
| १७) | **ऋणी कम्पनी : चमेली माई मासु उत्पादन तथा बिक्री कम्पनी प्रा.लि., संचालक तथा जमानीकर्ता : लालचन्द पासमान**<br>दर्ता नं. : कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. २४६३५१/०७७/०७८ दर्ता मिति २०७७/०७/१७, ठेगाना : जिल्ला सर्लाही, लालबन्दी न.पा. वडा नं. २ |
| १८) | **ऋणी कम्पनी : टिकाभैरब ईन्फ्रा बिल्डर्स प्रा.लि. संचालक तथा जमानीकर्ता : दिपकराज पराजुली**<br>दर्ता नं. : कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाडौंमा दर्ता नं. १२७२७७/०७५/०७६, दर्ता मिति २०७५/०५/२०, ठेगाना : जिल्ला ललितपुर, ललितपुर म.न.पा. वडा नं. ४, |
| १९) | **१) ऋणी फर्म : वैष्णोदेवी इम्पोरियम, प्रोप्राईटर तथा जमानीकर्ता : कृष्ण कुमार गुप्ता**<br>दर्ता नं. : वाणिज्य व्यवसाय व्यवस्थापन तथा नियमन शाखा, बबरमहल, काठमाण्डौंमा प्रा.फा.र.नं. : १२१७७४/०७१/७२, दर्ता मिति : २०७१/१२/२५, ठेगाना: जिल्ला काठमाडौं, का.म.न.पा. वडा नं.२२<br>**२) ऋणी : कृष्ण कुमार गुप्ता**<br>स्थायी ठेगाना : सुनसरी जिल्ला, सोनापुर गा.वि.स. वडा नं. १, हालको ठेगाना : ललितपुर जिल्ला, महालक्ष्मी न.पा. वडा नं. ४, बाबु : हरी प्रसाद गुप्ता, बाजे : फेकन प्रसाद गुप्ता |
| २०) | **ऋणी : लाल बहादुर राई**<br>स्थायी ठेगाना : मोरङ जिल्ला, शनिश्चरे गा.वि.स. वडा नं. ८, हालको ठेगाना : मोरङ जिल्ला, पथरी शनिश्चरे न.पा. वडा नं. ४, बाबु : जित बहादुर राई, बाजे : चन्द्र बहादुर राई |
| २१) | **१) ऋणी फर्म : बिना होटल एण्ड सेकुवा कर्नर, प्रोप्राईटर तथा जमानीकर्ता : बिना भट्टराई**<br>दर्ता नं. : घरेलु तथा साना उद्योग कार्यालय, मोरङ (विराटनगर)मा, प्रा.फ.नं.घ.उ.मो. १८९८६/०७७/०७८, दर्ता मिति : २०७७/१२/१८, ठेगाना : जिल्ला मोरङ, बेलवारी न.पा. वडा नं. ४<br>**२) ऋणी : बिना भट्टराई**<br>ठेगाना : मोरङ जिल्ला बेलवारी न.पा वडा नं. ४, बाबु : दिनानाथ ढकाल, ससुरा : केशव प्रसाद भट्टराई, पति : जिवन भट्टराई |

# दिल्ली र इस्लामावादपछि ढाकामा पनि बम विस्फोट

**ढाका**/ भारत र पाकिस्तानका राजधानीपछि बंगलादेशको राजधानी ढाकामा बम विस्फोट भएको छ । मंगलबार राति आठ बजेदेखि नौ बजेबिचमा ढाकाका धनमोन्डी र गुलिस्तान क्षेत्रमा अपरिष्कृत (घरेलु) बम पड्किएको बंगलादेशी अंग्रेजी पत्रिका द डेली स्टारले जनाएको छ ।

दुवै क्षेत्रमा मोटरसाइकलमा सवार व्यक्तिले बम फालेर भागेको प्रहरीलाई जनाएर द डेली स्टारले लेखेको छ । त्यस्तै, मंगलबार नै राति ढाकामा र गाजिपुरमा बसमा आगजनीका घटना पनि घटेका छन् ।

केही भारतीय मिडियाले घटनामा पाकिस्तानी तालिबान समूह लस्कर-ए-तोयबा (एलइटी) संलग्न भएको जनाए पनि त्यसमा कुनै सत्यता नभएको बंगलादेशका विदेशमन्त्री तोविद हुसेनले बताए ।

बंगलादेशमा भएको बम विस्फोट छिमेकी भारत र पाकिस्तानमा भएको विस्फोटपछि भएको हो । यसअघि आइतबार बेलुकी भारतको राजधानी नयाँदिल्लीमा कारमा राखिएको बम विस्फोट हुँदा आठजनाको मृत्यु भएको थियो

## इतिहासमा आज

नोभेम्बर १३



**सन् २०१५** : पेरिसका विभिन्न स्थानमा इस्लामिक स्टेटले गरेको बम विस्फोटमा १३७ जनाको मृत्यु ।

**सन् १८५१** : लन्डनदेखि पेरिसबिच समुद्रमुनि केबल बिछ्याएर टेलिग्राफ सेवा सुरु ।

**सन् १९०७** : पल कोर्नोले पहिलो सफल हेलिकोप्टर उडान गरे ।

**सन् १९५६** : अमेरिकी सर्वोच्च अदालतले सार्वजनिक सवारीसाधनमा अश्वेत र श्वेतलाई अलग सिटको व्यवस्था गर्ने अभ्यास असंवैधानिक भएको तल्लो अदालतको फैसलालाई सदर गरिदियो ।

नेपाल सरकार
शहरी विकास मन्त्रालय
**सिफारिस समितिको सचिवालय**
**अधिकार सम्पन्न वाग्मती सभ्यता एकीकृत विकास समितिको**

## कार्यकारी समितिको अध्यक्ष पदका लागि आवेदन माग्को सूचना

प्रथम पटक प्रकाशन मिति : २०८२/०७/२७

अधिकार सम्पन्न वाग्मती सभ्यता एकीकृत विकास समितिको कार्यकारी समितिको अध्यक्ष पदमा खुला प्रतियोगिताबाट पदपूर्ति गर्नुपर्ने भएकाले अधिकार सम्पन्न वाग्मती सभ्यता एकीकृत विकास समिति गठन आदेश, २०७३ र शहरी विकास मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका पदाधिकारीको नियुक्ति तथा मनोनयन सम्बन्धी निर्देशिका, २०७६ बमोजिम इच्छुक उम्मेदवारहरूबाट यो सूचना प्रकाशन भएको मितिले २१ दिनभित्र कार्यालय समयभित्र शहरी विकास मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका पदाधिकारीको नियुक्ति तथा मनोनयन सम्बन्धी निर्देशिका, २०७६ को अनुसूची-२ बमोजिमको ढाँचामा दरखास्त पेश गर्नुहुन सोही निर्देशिकाको दफा १० बमोजिम यो सूचना प्रकाशन गरिएको छ । दरखास्त बुझाउने अन्तिम दिन सार्वजनिक बिदा परेमा सो पछि लगत्तै कार्यालय खुलेको दिन दरखास्त फाराम पेश गर्न सकिनेछ ।

१. **आवश्यक योग्यता** :
   क) मान्यता प्राप्त विश्वविद्यालयबाट स्नातक तह उत्तीर्ण गरेको
   ख) पैंतिस वर्ष उमेर पूरा गरी साठी वर्ष उमेर ननाघेको
२. **पारिश्रमिक तथा सुविधाहरू** :
   नेपाल सरकारबाट तोकिए बमोजिम
३. **दरखास्त फारामसाथ संलग्न राख्नुपर्ने कागजातहरू** :
   क) नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि
   ख) शैक्षिक प्रमाणपत्रको प्रमाणित प्रतिलिपि
   ग) व्यक्तिगत विवरण
   घ) अनुभव खुल्ने कागजातको प्रमाणित प्रतिलिपि
   ङ) शहरी विकास मन्त्रालय सम्बद्ध सार्वजनिक निकायका पदाधिकारीको नियुक्ति तथा मनोनयन सम्बन्धी निर्देशिका, २०७६ को अनुसूची-२क. बमोजिमको स्वघोषणापत्र
   च) अधिकार सम्पन्न वाग्मती सभ्यता एकीकृत विकास समिति सुधारको व्यावसायिक कार्य योजना (५ हजार शब्दमा नबढाई) को छुट्टै सिलबन्दी खाम

**नोट** : दरखास्त फाराम शहरी विकास मन्त्रालय (कर्मचारी प्रशासन शाखा) मा बुझाउनुपर्नेछ । फारमको ढाँचा वा अन्य आवश्यक जानकारीका लागि (कार्यालय समयभित्र ४२११८७६) मा सम्पर्क गर्न सकिनेछ । विस्तृत जानकारी मन्त्रालयको वेबसाइट www.moud.gov.np बाट समेत प्राप्त गर्न सकिनेछ ।

**द्रष्टव्य** : व्यावसायिक कार्य योजना प्रस्तुतीकरण र अन्तर्वार्ता हुने मिति, समय र स्थान उम्मेदवारहरूको अन्तिम सूची प्रकाशन गर्दा तोकिनेछ ।

**– सिफारिस समिति**

**ठाकुरबाबा नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**सैनवार, बर्दिया**
**लुम्बिनी प्रदेश, नेपाल**

## आर्थिक प्रस्ताब खोल्ने सम्बन्धी सूचना

**(सूचना प्रकाशित मिति : २०८२/०७/२७ गते)**

तपसिल बमोजिमको योजनाको मिति २०८२/०८/०८ समय १०:०० बजे यस कार्यालयमा आर्थिक प्रस्ताब खोलिने भएकाले सार्वजनिक खरिद नियमावलीको नियम ३१ ङ उपनियम (५) तथा (६) को प्रयोजनार्थ सम्बन्धित सबैको जानकारीको यो सूचना प्रकाशित गरिएको छ ।

उक्त योजनाको प्रकाशित सार्वजनिक सूचना बमोजिम नियमानुसार म्याद भित्र पर्ने आएका बोलपत्रहरु मध्ये तपसिल बमोजिम बोलपत्र सार्वजनिक खरिद ऐन बमोजिम सारभूत रुपमा प्रभावग्राही देखिएकोले सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा (२) र (३) को प्रयोजनार्थ सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| सूचना नं. | विवरण | प्राविधिक प्रस्तावमा सफल भएका बोलपत्रदाताहरु |
|---|---|---|
| TBM/W/NCB -10/082/083 | Construction of RCC Wall To Minimize Conflict Between Human and Animal In Ward 1, 2 And 4 Of Thakurbaba Municipality | 1. Debit Nirman Sewa, Kohalpur- 03, Banke<br>2. Suraj-Arambha JV, Gulariya, Bardiya |
| TBM/W/NCB -11/082/083 | Construction Of RCC Wall To Minimize Conflict Between Human and Animal in Ward 2, 6, 7 and 8 Of Thakurbaba Municipality | 1. Easy Construction, Rapti R.M. -05, Dang.<br>2. Praman Builders Pvt. Ltd., Pokhara- 05, Kaski<br>3. Arambha-Suraj JV, Gulariya, Bardiya<br>4. Debit Nirman Sewa, Kohalpur- 03, Banke |

| | |
|---|---|
| २२) | **१) ऋणी फर्म : वेदिका पान पसाफे, संचालक/साझेदार तथा जमानीकर्ता : मुकेश भाटी**<br>दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय, ईटहरी, सुनसरीमा, वाणिज्य फर्म दर्ता नं. सु-१२३१७/०८०/०८१, दर्ता मिति : २०८१/०३/१०, ठेगाना : जिल्ला सुनसरी, धरान उ.म.न.पा. वडा नं. ९ |
| | **२) ऋणी : श्रीमती मैंवरी देवी भाटी**<br>स्थायी ठेगाना : सुनसरी जिल्ला, धरान गा.वि.स. वडा नं. १, हालको ठेगाना : सुनसरी जिल्ला, धरान उ.म.न.पा.वडा नं. ९, बाबु : नरमल समरिया, ससुरा : गुलाव चन्द भाटी, पति : भुरामल भाटी<br>तथा<br>**विकास भाटी**<br>स्थायी ठेगाना : सुनसरी जिल्ला, धरान न.पं. वडा नं ९, हालको ठेगाना : सुनसरी जिल्ला, धरान उ.म.न.पा.वडा नं. ९, बाबु : भुरामल भाटी, बाजे : गुलव चन्द भाटी |
| | **३) ऋणी : आकाश भाटी**<br>स्थायी ठेगाना : सुनसरी जिल्ला, धरान गा.वि.स.वडा नं. ९, हालको ठेगाना : सुनसरी जिल्ला, धरान उ.म.न.पा. वडा नं. ९, बाबु : प्रकाश भाटी, बाजे : भुरामल भाटी |
| २३) | **१) ऋणी फर्म : आस्मा होटल एण्ड रेष्टुरेन्ट, प्रोप्राईटर तथा जमानीकर्ता : राजेन्द्र गुरुङ**<br>दर्ता नं.: घरेलु तथा साना उद्योग कार्यालय मोरङ (विराटनगर)मा, प्रा.फ.न.घ.उ.मो.२१०७३/०७७/०७८, दर्ता मिति : २०७८/०१/१०, ठेगाना : जिल्ला मोरङ, कानेपोखरी गा.पा. वडा नं. ६ |
| | **२) ऋणी : राजेन्द्र गुरुङ**<br>स्थायी ठेगाना : काठमाडौं जिल्ला, विष्णु गा.वि.स वडा नं.३, हाल ठेगाना : मोरङ जिल्ला, कानेपोखरी गा.पा. वडा नं. ६, बाबु : धन बहादुर गुरुङ, बाजे : ठेक बहादुर गुरुङ |

नोट: ऋणी तथा जमानीकर्ता/प्रोपाइटर बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानीकर्ता/प्रोपाइटरको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको ।

# अर्थ पत्रिका

नयाँ पत्रिका
बिहीबार २७ कार्तिक ०८२


■ मेलम्ची खानेपानीको मुहान क्षेत्र जाने सडक

## मंगलबार राति सहमति, बुधबार बिहानै टेन्डर

सडक डिभिजन कार्यालय चरिकोटका प्रमुख नारायणदत्त भण्डारी भन्छन्-



ठेक्का प्रक्रिया एक साताअघिदेखि बढेको थियो । मंगलबार दिउँसो ठेक्काको गुरुयोजना भौतिक मन्त्रालयबाट स्वीकृत भयो । यो स्वीकृत नभएसम्म ठेक्का आह्वान गर्न पाइँदैन । मन्त्रालयको सचिवज्यूले स्वीकृत गर्नुभएपछि साँझ नै मन्त्रीज्यूले ठेक्का आह्वान गर्न सकिन्छ कि सकिँदैन भनेर डिभिजन सडक कार्यलयलाई सोधपुछ गर्ने काम भयो । चरिकोट कार्यालयले सकिन्छ भनेपछि दुबै काम समानान्तर रूपमा अघि बढेर मंगलबार साँझ आठ बजेतिर टेन्डर नोटिस प्रकाशन गर्न कार्यालयले पत्रिकामा पठाएको हो । वार्तामा सहमतिको काम पनि सँगसगै अघि बढ्यो ।

**नयाँ पत्रिका**

मेलम्ची खानेपानीको मुहान क्षेत्र जाने सडक स्तरोन्नति गर्ने सहमति मंगलबार राति भएकोमा बुधबार बिहानै टेन्डर आह्वान गरिएको छ । सडक विभागले १७ किमि लामो मेलम्ची–अम्बाथान–मेलम्चीघ्याङ सडक स्तरोन्नति गर्न बुधबार ३० दिने टेन्डर आह्वान गरेको हो ।

१ असार ०७८ मा आएको बाढीले नदीआसपासका अधिकांश बस्ती पूर्ण रूपमा क्षति हुनुका साथै सडक पनि भत्किएको थियो । सो बाढीबाट प्रभावित स्थानीयले विभिन्न माग राख्दै आएका थिए । त्यसमा पछिल्लोपटक २३ असोज ०८१ मा संघर्ष समिति, गाउँपालिका र खानेपानी मन्त्रालयबिच विभिन्न सम्झौता भएको थियो । सो सम्झौता कार्यान्वयन नभएपछि स्थानीयहरू पुनः विरोधमा उत्रिएर गत २० कात्तिकदेखि सुरुङमा पानी पथान्तरण नै रोकेका थिए । त्यसपछि काठमाडौं आउने खानेपानी पानीको आपूर्ति पनि प्रभावित भएको थियो ।

स्थानीयले पानी नै रोकेपछि सरकार र स्थानीयबिच विभिन्न चरणको वार्ता भयो । मंगलबार राति १० बजे ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री कुलमान घिसिङको नेतृत्वमा खानेपानी मन्त्रालय र मेलम्ची खानेपानी आयोजनाका सरोकारवाला समितिबिच विभिन्न समझदारी भएको छ । अहिले खानेपानी मन्त्रालय प्रधानमन्त्री सुशीला कार्कीकै नेतृत्वमा छ । सहमति भएसँगै सुरुङमा पानी आपूर्ति गर्न सुरु गरिएको छ । सहमतिका विभिन्न विषयमध्ये एक 'मेलम्ची–अम्बाथान–मेलम्चीघ्याङ सडक स्तरोन्नति' पनि हो । सोहीअनुसार भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयतर्फको सहमति कार्यान्वयनमा पनि लगिएको हो । राति १० बजे सहमति गरेर बिहानै टेन्डरको सूचना आउनुले सरोकारवाला निकायले द्रुत गतिमा काम गरेको देखाएको छ ।

'चालू आव ०८२/८३ मा स्वीकृत मेलम्ची थांगपालधाप थांगपालकोट भोतांग यांग्री सडक र फटे दाउचेत केउरिनी बाँसखर्क बरुवा बोल्गांग यांग्री सडकमा विनियोजित बजेट सडक विभागमा रकमान्तर गर्ने र बहुवर्षीय ठेक्का व्यवस्थापनका लागि थप रकम निकासाको प्रक्रिया तत्काल अगाडि बढाउने । मेलम्ची अम्बाथान मेलम्ची घ्याङ सडक निर्माण कार्यका लागि विनियोजन भएको बजेट रकममध्ये २५ करोड सडक विभागलाई हस्तान्तरण भइसकेको हुँदा उक्त रकमको ठेक्का प्रक्रिया मंसिर महिनाभित्र अगाडि बढाउने । उक्त सडकलाई बहुबर्षीय ठेक्का योजना अन्तर्गत एक अर्बको श्रोत सहमति लिई डिभिजन सडक कार्यालय, दोलखाले टेण्डर प्रकृया तत्काल अगाडि बढाउने । गल्फुभन्ज्यांग-चित्रे-ग्याल्थुम अडिट चनौटे रातोपुल, पाल्चोक देवीथान, बरुवाको लागि सडक विभागमा अनुरोध गर्ने,' मंगलबारको सहमति पत्रमा भनिएको छ ।

त्यसमध्ये मेलम्ची अम्बाथान मेलम्ची घ्याङ सडकतर्फको सहमति कार्यान्वयनमा अघि बढेको हो । सडक डिभिजन कार्यालय, चरिकोटले बुधबार सडक स्तरोन्नति गर्न टेन्डर आह्वान गरेको हो । मेलम्ची–अम्बाथान–मेलम्चीघ्याङ सडक खण्डको १७ किलोमिटर स्तरोन्नति गर्न तीनवटा प्याकेजमा विभाजन गरिएको छ ।

सडक डिभिजन कार्यालय चरिकोटका प्रमुख नारायणदत्त भण्डारीले सडक स्तरोन्नति गर्न ३० दिनको टेन्डर निकालिएको बताए । 'बाढीले सडक काटेको अवस्था छ । मुख्यतः त्यसमा ग्याबिनलगायतको पर्खाल लगाएर सडकमा थप क्षति हुन नदिने काम गर्नुपर्नेछ । त्यससँगै सडक स्तरोन्नतिको काम पनि हुनेछ । त्यसका लागि २५ करोड रुपैयाँ लागत अनुमान गरिएको छ,' उनले भने, 'त्यसका लागि बजेट व्यवस्थापन भइसकेको छ । हाम्रो कार्यालयलाई अख्तियारी पनि आइसकेको छ । त्यसपछि हामीले टेन्डर आह्वान गरेका हौं ।'

यसअघि पटक-पटक आएको बाढीले सडक क्षतिग्रस्त गराएको थियो । तर, त्यसको पुनर्निर्माण तथा मर्मत हुन सकेको थिएन । अहिले उक्त सडक कच्ची अवस्थामै छ ।

# विद्युत् बक्यौता तिर्न आए सबै उद्योग

## ५८ उद्योगको सात अर्ब ८४ करोड ६९ लाख बाँकी रहेकोमा ४७ उद्योगले ४३ करोड १४ लाख ३९ हजार बक्यौता बुझाए

**मिलन विश्वकर्मा**/नयाँ पत्रिका

लामो विवादमा रहेका लोडसेडिङका वेला प्रयोग गरेको विद्युत्को प्रिमियम महसुल सञ्चालनमा रहेका सबै उद्योगले तिर्न सुरु गरेका छन् । सबैभन्दा धेरै एक अर्ब ६० करोड १८ लाख बक्यौता भएको जगदम्बासहित ४९ उद्योग बक्यौता तिर्ने प्रक्रियामा आएका हुन् । बक्यौता रहेका कुल ५८ उद्योगमध्ये अब नौ उद्योग मात्रै किस्ता तिर्ने प्रक्रियामा आउन बाँकी छ । ४९ उद्योगमा ४७ उद्योगले किस्ता नै तिर्न सुरु गरिसकेका छन् भने दुई सरकारी उद्योगले भने किस्ता तिर्ने प्रतिबद्धता गरेका छन् । किस्ता नतिर्ने बाँकी नौ उद्योगमा ६ उद्योगले अदालतबाट अन्तरिम आदेश लिएका छन् । दुई उद्योग बन्द र एउटा उद्योग मर्मतको चरणमा छ ।

प्राधिकरणका कार्यकारी निर्देशक मनोज सिलवालले अधिकांश उद्योग बक्यौता तिर्ने प्रक्रियामा आएको बताए । 'अधिकांश उद्योगले बक्यौता तिरे । केही उद्योगको बक्यौता नै चुक्ता भएको छ । अब अन्तरिम आदेश पाएका ६ उद्योग र लाइन काटिएका तीन उद्योग प्रक्रियामा आउन बाँकी छ,' उनले भने, 'लाइन काटिएकामध्ये दुई उद्योगले नियमित शुल्क नै तिरेका छैनन् । उक्त दुई उद्योग बन्द भएको भन्ने छ । एक उद्योग ट्रान्सफर्मर बिग्रेर बन्द छ । सामान्य अवस्था आएपछि उनीहरू बक्यौता तिर्न आउँछन् भन्ने विश्वास छ ।'

लोडसेडिङको समयमा प्राधिकरणले थप ६५ प्रतिशत प्रिमियम शुल्क सर्तमा उद्योगहरूलाई ट्रंकलाइनबाट २० घण्टा र डेडिकेटेड फिडरबाट २४ घण्टासम्म विद्युत् दिएको थियो । त्यसरी विद्युत् प्रयोग गर्ने ग्राहक २५० भन्दा बढी भए पनि केही उद्योगले बक्यौता तिर्न आनाकानी गरेका थिए । तर, उद्योगीहरूले माघ ०७२ देखि वैशाख ०७५ सम्मको बक्यौता तिर्न लागेका हुन् । यद्यपि, केही उद्योगीहरू अदालतमा छन् भने केही उद्योगले विद्युत् नियमन आयोगमा विवाद समाधानका लागि निवेदन दिएका छन् ।



५८ उद्योगको माघ ०७२ देखि वैशाख ०७५ सम्म सात अर्ब ८४ करोड ६९ लाख ९३ हजार बक्यौता थियो । त्यसमा हालसम्म ४७ निजी उद्योगले ४३ करोड १४ लाख ३९ हजार रुपैयाँ भुक्तानी गरेका छन् । बक्यौता तिर्ने प्रक्रियामा आउन बाँकी नौ उद्योगको एक अर्ब ३१ करोड ६८ लाख ६२ हजार बक्यौता छ ।



● **मनोज सिलवाल**
कार्यकारी निर्देशक, विद्युत् प्राधिकरण

अधिकांश उद्योगले बक्यौता तिरे । केही उद्योगको बक्यौता नै चुक्ता भएको छ । अब अन्तरिम आदेश पाएका ६ उद्योग र लाइन काटिएका तीन उद्योग प्रक्रियामा आउन बाँकी छ । सामान्य अवस्था आएपछि उनीहरू बक्यौता तिर्न आउँछन् भन्ने विश्वास छ ।

### अदालतका अन्तरिम आदेश लिएका बक्यौता तिर्न बाँकी उद्योग

- मारुती सिमेन्ट - ५७ करोड ४५ लाख
- अरिहन्त मल्टिफाइबर - ११ करोड ५३ लाख
- युनाइटेड सिमेन्ट प्रालि- ११ करोड ३७ लाख
- रघुपति जुट मिल लि -८ करोड ५१ लाख
- अरिहन्त पोलिप्याक लि - ६ करोड ६२ लाख
- बाबा जुट मिल - २ करोड ४९ लाख

### लाइन काटिएका बन्द उद्योग

- बुटवल सिमेन्ट - १८ करोड ४५ लाख (उद्योग बन्द, नियमित महसुल नतिरेको)
- एभरेस्ट पेपर मिल -९ करोड ४४ लाख (उद्योग बन्द, नियमित महसुल नतिरेको)
- निगाले सिमेन्ट प्रालि - ५ करोड ८१ लाख (ट्रान्सफर्मर बिग्रिएर बन्द भएको)

### दुई सरकारी उद्योगको बक्यौता तिर्ने प्रतिबद्धता

- उदयपुर सिमेन्ट - दुई करोड ५५ लाख १० हजार
- हेटौंडा सिमेन्ट - ३३ करोड ८० लाख ८६ हजार






## ग्राउन्डेड ट्विनअटर सञ्चालनमा आयो

**काठमाडौं**/ नेपाल वायु सेवा निगमको ग्राउन्डेड ट्विनअटर जहाज मर्मतपछि पुनः उडानमा फर्किएको छ । निगमको ९एन-एबिटी ट्विनअटर जहाजले इन्जिन मर्मत तथा वार्षिकी जाँचपछि पुनः उडान सुरु गरेको हो ।

निगमले देशका विभिन्न दुर्गम भेगमा आन्तरिक उडान गर्दै आएको ट्विन अटर डिएजची-६ जहाज मध्ये ९एन-एबिटी ट्विनअटर जहाज सेप्टेम्बर २०२५ देखि इन्जिन मर्मत तथा वार्षिकी जाँच ग्राउन्डेड रहेको थियो । मर्मतपछि २४ कात्तिकमा जहाजले सफलतापूर्वक परीक्षण उडान गरेको छ । 'परीक्षण उडानको सफलतासँगै निगमको दुईवटै जहाजमार्फत २५ कात्तिकदेखि आन्तरिकतर्फ व्यावसायिक उडान सुरु गरिएको छ,' निगमले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।

■ दोहोरो कर उन्मुक्ति सम्झौता भएका सात देशलाई नेपालको पत्र

## 'सम्झौताको दुरुपयोग गर्नेलाई सुविधा दिँदैनौं'

**नयाँ पत्रिका**

नेपालले दोहोरो कर उन्मुक्ति सम्झौता (डिटिए) भएका सात मुलुकलाई पत्रचार गरेर सम्झौताको दुरुपयोग गर्नेलाई सुविधा नदिने जानकारी गराएको छ । आन्तरिक राजस्व विभागले परराष्ट्र मन्त्रालयमार्फत पत्र पठाएर नेपालको आन्तरिक कानुनमा भएको 'करसन्धिको दुरुपयोग' (एन्टी ट्रिटी सपिङ) प्रावधानबारे अवगत गराएको हो ।

विभागका महानिर्देशक महेश दाहालले पठाएको पत्रमा नेपालका कानुनमा भएका महत्त्वपूर्ण परिवर्तनको जानकारी गराएको छ । 'सम्झौताको दुरुपयोग हुन थालेपछि हामीले त्यसलाई रोक्न कानुनमा भएको व्यवस्थाको जानकारी गराएका हौं,' दाहालले भने, 'हामी व्यापार र लगानी प्रवर्द्धन गर्छौं, सबैलाई सुविधा दिन्छौं, तर सन्धि-सम्झौताका दुरुपयोग गर्नेलाई सुविधा दिदैनौं ।'

नेपालले आयकर ऐन २०५८ आउनुअघि नै दोहोरो कर उन्मुक्ति सम्झौता (डिटिए) भएका नर्वे, थाइल्यान्ड, श्रीलंका, अस्ट्रिया, पाकिस्तान, चीन र कोरियालाई यस्तो पत्राचार गरेको हो । उक्त ऐन आइसकेपछि डिडिए भएका भारत, बंगलादेश र कतारलाई कर दुरुपयोग निरोधक निमयका बारेमा अवगत रहेको छ । 'डिडिए सम्झौताको धारा २ को उपधारा ४ अनुसार यस्तो पत्राचार गरिएको हो । उक्त उपधाराले सम्बन्धित देशलाई तिनका करसम्बन्धी कानुनी व्यवस्थामा भएका महत्त्वपूर्ण परिवर्तनबारे सूचित गराउने जिम्मेवारी पूरा गर्दछ,' विभागले बुधबार जारी गरेको विज्ञप्तिमा उल्लेख छ, 'कर दुरुपयोग निरोधक नियमले करछुट वा कमदरमा कर लगाउने सुविधा अस्वीकार गर्दछ ।' यो नियमले तेस्रो मुलुकका बासिन्दा वा संस्थाबाट करलाभको खोजीमा गर्ने सम्झौताको दुरुपयोग (ट्रिटी सपिङ)लाई समेत रोक्छ ।'

आयकर ऐन २०५८ मा रहेको दुरुपयोगविरोधी प्रावधानका बारेमा सम्झौता भएका देशलाई जानकारी गराइएको दाहालले बताए ।


## Buddhabhumi Nepal Hydropower Company Ltd

Panipokhari, Maharajgunj, Kathmandu, Nepal, Telephone : 4530150
E-mail : lowertadi@gmail.com, Website : www.buddhabhuminepalhydro.com.np

**UNAUDITED QUARTERLY STATEMENT OF FINANCIAL POSITION**

At the end of 1st Quarter on 2082.06.31 (17th October 2025)

| Particulars | This Quarter Ending | Previous Quarter Ending | Corresponding Previous Year Quarter Ending |
|---|---|---|---|
| **ASSETS** | | | |
| **Non Current Assets:** | | | |
| Property, Plant and Equipment | 7,192,173.82 | 7,711,034.32 | 141,977,171.61 |
| Intangible Assets | 1,288,449,084.55 | 1,297,738,953.97 | 1,200,194,316.53 |
| **Total Non Current Assets** | **1,295,641,258.37** | **1,305,449,988.30** | **1,342,171,488.14** |
| **Current Assets:** | | | |
| Cash and Bank Balance | 906,621.30 | 24,629,355.82 | 1,429,535.54 |
| Advance & Receivables | 53,642,342.05 | 36,099,453.31 | 50,656,469.99 |
| Margin & Deposits | 397,200.00 | 397,200.00 | 361,200.00 |
| **Total Current Assets** | **54,946,163.35** | **61,126,009.13** | **52,447,205.53** |
| **Total Application of Fund** | **1,350,587,422.97** | **1,366,575,997.43** | **1,394,618,693.68** |
| **Equity AND NON-CURRNET** | | | |
| **Equity Shareholder's Fund** | | | |
| Share Capital | 400,000,000.00 | 400,000,000.00 | 400,000,000.00 |
| Retained Earning | (93,593,528.78) | (104,724,668.29) | (75,497,562.90) |
| Share Capital Advance | 13,304,400.00 | 13,304,400.00 | 13,304,400.00 |
| **Total Equity** | **319,710,871.22** | **308,579,731.71** | **337,806,837.10** |
| **Non-Current Liabilities** | | | |
| Long Term Loan and Borrowings | 910,125,309.80 | 915,673,326.15 | 945,173,326.16 |
| Deferred Tax Liability | | | 295,995.48 |
| **Total Non Current Liabilities** | **910,125,309.80** | **915,673,326.15** | **945,469,321.64** |
| **Current Liabilities & Provision** | | | |
| Accounts payables and other payables | 42,373,671.00 | 61,900,788.18 | 80,650,381.71 |
| Provisions | - | - | 271,909.00 |
| Short Term Loan Liability | 78,377,569.97 | 80,422,150.41 | 30,420,244.23 |
| Employee Benefits | - | - | - |
| **Total Current Liabilities** | **120,751,241.95** | **142,322,939.57** | **111,342,534.94** |
| **Total Equity & Liabilities** | **1,350,587,422.97** | **1,366,575,997.43** | **1,394,618,693.68** |

**Unaudited Quarterly Statement of Profit or Loss**

At the end of 1st Quarter on 2082.06.31 (17th October 2025)

| Particulars | This Quarter Ending | Previous Quarter Ending | Corresponding Previous Year Quarter Ending |
|---|---|---|---|
| **INCOME** | | | |
| Revenue From Sale of Electricity | 50,819,910.00 | 143,781,595.99 | 42,937,508.99 |
| Less: Direct Expenses | 1,424,471.20 | 7,538,170.88 | 1,498,293.82 |
| **Gross Profit** | **49,395,438.80** | **136,243,425.11** | **41,439,215.17** |
| Operation Expenses | | | |
| Administrative Expenses | 4,827,769.69 | 21,665,451.77 | 3,946,188.54 |
| Depreciation | 574,560.50 | 2,446,512.82 | 549,872.76 |
| Amortization | 12,168,523.42 | 48,578,138.56 | 10,944,021.13 |
| **Total Expenses** | **17,570,853.61** | **72,690,103.15** | **15,440,082.43** |
| **Operating Profit** | **31,824,585.19** | **63,553,321.96** | **25,999,132.74** |
| Other Income | 96,254.15 | 1,393,508.77 | 6,703.89 |
| Finance Cost | 24,402,516.84 | 87,541,258.20 | 37,375,647.69 |
| **Profit Before Tax** | **7,518,322.50** | **(22,594,427.47)** | **(11,369,811.06)** |
| Provision For Tax | - | | - |
| Deferred Tax Expenses | | | |
| **Profit after Tax** | **7,518,322.50** | **(22,594,427.47)** | **(11,369,811.06)** |
| Earning Per Share ( EPS) Annualised | 7.52 | (5.65) | (11.37) |
| Dilluted Earning Per Share (DPS) (Annualised) | 7.52 | (5.65) | (11.37) |

**धितोपत्र दर्ता निष्काशन नियमावली २०७३, अनुसूची-१४ (नियम ३६ को उपनियम १ संग सम्बन्धित)**
**आ.व. २०८२/८३ को प्रथम त्रैमासिक (आश्विन मसान्त सम्मको) प्रतिवेदन**

१. **वित्तीय विवरण :**
(क) आ.व. २०८२/२०८३ को प्रथम त्रैमासिक अवधि(आश्विन मसान्त सम्म)को वासलात, नाफा-नोक्सान सम्बन्धि विवरणहरू यसै साथ संलग्न गरिएको छ ।
(ख) न्यूनतम रूपमा प्रमुख वित्तीय विवरणहरू :

| प्रति शेयर आम्दानी त्रैमासिक: | मूल्य आम्दानी अनुपात P/E Ratio : | प्रति शेयर नेटवर्थ: | प्रति शेयर कुल सम्पत्तिको मूल्य: | तरलता अनुपात सम्बन्धि विवरण: |
|---|---|---|---|---|
| ७.५२ | ५३.६ | ७९.९३ | ३३७.६५ | ४६.००% |

२. **व्यवस्थापकीय विश्लेषण :**
(क) यस कम्पनीले आर्थिक वर्ष २०७८/७९ को चैत्र १० गाट व्यापारिक उत्पादन सुरू गरि नियमित रूपमा विद्युत बिक्री गर्दै आएकोमा विद्युत बिक्री बापत प्राप्त हुनु पर्ने रकम नेपाल विद्युत प्राधिकरण मार्फत नियमित रूपमा कम्पनीले प्राप्त गर्दै आइरहेको छ ।
(ख) आगामी अवधिमा पनि यस तल्लो तादी खोला जलविद्युत आयोजना ४।९९३ मेघावाट को व्यवस्थापनको विश्लेषण गर्दै व्यवस्थायिक रूपले सक्षम तरिकाबाट सञ्चालन गरि आधिकारिक विद्युत उत्पादन गरि नेपाल विद्युत प्राधिकरणलाई उपलब्ध गराउने योजना रहेको छ ।
(ग) कावुभन्दा बाहिरको परिस्थितिका कारण संगठित संस्थाको मौज्दात, नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना, अवस्था आदी भएमा सोको निराकरण गर्न विमा लगायतको आवश्यक वित्तीय तथा अन्य व्यवस्था गराईने तर्फ कम्पनी सचेत रहेको छ ।

३. **कानूनी कारवाही सम्बन्धि विवरण :**
हाल सम्म यस कम्पनीले तथा यस कम्पनी उपर आर्थिक दावी गरी कुनै मुद्दा दर्ता गराएको जानकारी प्राप्त भएको छैन । कुनै संस्थापक वा संचालक विरूद्ध आर्थिक अपराध गरेको सम्बन्धमा कुनै मुद्दा दायर भएको जानकारी प्राप्त भएको छैन ।

४. **संगठित संस्थाको शेयर कारोबार सम्बन्धि विश्लेषण**
धितोपत्र बजारमा भएको संगठित संस्थाको शेयरको कारोबार नियमानुकार सामान्य प्रकृतिवाटै भएको छ । यस त्रैमासिक अवधिमा शेयर कारोबार निम्नानुसार भएको छ ।

| अधिकतम मुल्य | न्यूनतम मुल्य | कुल कारोवार दिन | कुल कारोवार संख्या | समीक्षा अवधिको अन्तिम मुल्य | कुल कारोवार शेयर संख्या |
|---|---|---|---|---|---|
| रू. ५७५.०० | रू. ३९५.१० | ५१ | ८,८४१ | रू. ४०३.०० | १,२२४,०१५ |

५. **समस्या तथा चुनौती**
संगठित संस्थाले वहन गर्नु परेको समस्या तथा चुनौती वजारमा रहेका अन्य सरह नै छन् । संस्थामा आई पर्ने संस्थाको आन्तरिक र वाह्य समस्या तथा चुनौतीहरूलाई समय समयमा वस्ने संचालक समितिको वैठकले समीक्षा गरी सोको निराकरणको लागी आवश्यक कार्यान्वयन गर्ने छ ।

६. **संस्थागत सुशासन**
यस कम्पनीले संस्थागत सुशासन अभिवृद्धिका लागी सदैव उच्च प्राथमिकता राख्दै आएको छ । यस कम्पनीलाई नियमन निकायवाट प्राप्त निर्देशन परिपत्रहरू तदारूकताका साथ सम्पादन गरि आएको छ ।

७. **सत्य, तथ्यता सम्बन्धमा कार्यकारी प्रमुखको उद्घोषण**
आजका मितिसम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरूको शुद्धता सम्बन्धमा म व्यक्तिगत रूपमा उत्तरदायीत्व लिन्छु । साथै म यो उद्घोष गर्दछु की मैले जाने बुझेसम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरू सत्य अनि पूर्ण छन् र लगानीकर्ताहरूलाई सुसूचीत निर्णय लिन आवश्यक कुनै विवरण सूचना तथा जानकारीहरू लुकाईएको छैन ।



**नेपाल सरकार**
**भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय**
**सडक विभाग**
**संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय, इटहरी**
**सडक डिभिजन विराटनगर**

## बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**(सूचना प्रकाशित मितिः २०८२-०७-२७)**

यस डिभिजनबाट मिति २०८२-०४-३१ गतेको नागरिक दैनिक समाचारपत्रमा सूचना नं. T3/2082/83 र मिति २०८२-०६-०१ गतेको हिमालय टाइम्स समाचारपत्रमा सूचना नं. T4/2082/83 बमोजिम प्रकाशित बोलपत्र आह्वान सम्बन्धि सूचना अनुसार E–Bid मार्फत दर्ता हुन आएका बोलपत्रहरुको मुल्याङ्कनबाट सफल बोलपत्र दाताहरु मध्ये न्युनतम मुल्यांकित र सारभूत रुपमा प्रभावग्राही देखिएका तपसिल बमोजिमका बोलपत्रहरु स्वीकृतिको लागि सिफारिश भई आए बमोजिम सार्वजनिक खरिद ऐन (संशोधन सहित) २०६३ को दफा २७ (२) र ४७ को प्रयोजनार्थ बोलपत्र स्वीकृत गर्ने आशयको ७ (सात) दिने सूचना सम्बन्धित सबै बोलपत्रदाताहरुको जानकारीको लागि प्रकाशित गरिएको छ ।

| Contract ID | Description and Location of work | Name & Address of Bidder | Bid Amount NRs. (With VAT & PS) |
|---|---|---|---|
| RDBRT/337011224/ 2082/83-18 | Approach Road Works including River Training Works at Geuriya Khola Bridge Kerun, Darbesha , Morang | M/S Gaurinilkantha Construction And Suppliers Pvt.Ltd., Itahari-8, Sunsari | 20,21,842.20 |
| RDBRT/337011224/ 2082/83-19 | Bridge maintenance and River Training works at Tengra khola pul Chimdi - 5,Muslim tol ko purba sadakma ,Sunsari | M/S Madi R.K.D. Construction Company Pvt.ltd., Itahari-04 | 60,20,386.75 |
| RDBRT/337011224/ 2082/83-20 | Bridge maintenance and River Training works (5 Number) at Jwala Khola (Sattarjhora ward no 06 and 07 jodne) , Sunsari; Garoon Khola (Babiya-9 and Sattarjhora 6 jodne), Sunsari; Budhikhola Basbari, Shingiya Khola (Biratnagar-1, Belgachhi), Morang and Lohandra Khola (Kathari Siswani jodne) Bridge, Morang | M/S Gaurinilkantha Construction And Suppliers Pvt. Ltd., Itahari-8, Sunsari | 61,53,011.46 |
| RDBRT/3373011384/ 2082/83-21 | Rehabilitation Works along Koshi Highway (Dharan Bhedetar Road Section) | M/S Adeera Construction Private Limited, Babarmahal-11, Kathmandu | 35,72,115.32 |
| RDBRT/3373011384/ 2082/83-22 | Rehabilitation Works on Mahendra Highway (118+400, 119+000, 121+500 & 124+800) | M/S Adeera Construction Private Limited, Babarmahal-11, Kathmandu | 87,37,435.72 |
| RDBRT/3373011364/ 2082/83-23 | Traffic Safety Works along Koshi Highway (Dharan Bhedetar Road Section) and Duhabi Inaruwa Road | M/S SK Chameli Construction and Suppliers Pvt ltd., Gokarneshwor 9, Kathmandu | 26,93,351.20 |
| RDBRT/3373011384/ 2082/83-24 | Rehabilitation Works along Pakali Nadaha Koshi Pul Chatara NH 09 | M/S Prakriti and Prasanna Construction, Sundarharaincha 4, Morang | 37,29,644.10 |
| RDBRT/3373011224/ 2082/83-25 | Bridge Maintenance Works at Soraha Khola-Kummaiye- Kalijhora, Sunsari | M/S Prakriti and Prasanna Construction, Sundarharaincha 4, Morang | 29,94,217.50 |

**डिभिजन प्रमुख**

# कुमारी बैंकले ल्यायो ग्रिन सेभिंग्स अकाउन्ट

**काठमाडौं**/ दिगो विकासका लक्ष्य प्राप्तिमा टेवा पुऱ्याउन कुमारी बैंकले ग्रिन सेभिंग्स डिपोजिट अकाउन्ट नामक निक्षेप योजना ल्याएको छ। 'एक खाता एक रुख' सिद्धान्तमा आधारित यो योजनाअन्तर्गत खोलिने हरेक खाताबापत एक रुख बैंकका तर्फबाट रोपिनेछ। जसमा निक्षेपकर्ताको पर्यावरण संरक्षण तथा प्रवर्द्धनमा अप्रत्यक्ष रूपमा सहभागिता रहनुका साथै खातावालाले आकर्षक सुविधासमेत प्राप्त गर्नेछन्। यस खातामा साधारण बचत खाताको भन्दा ०.२५ प्रतिशत अधिक ब्याजदर, एक लाखसम्मको बिमा सुविधा, दुई वर्षसम्म निःशुल्क मोबाइल बैंकिङ सेवा, दुई लाखसम्मको फोनलोन सुविधा (योग्यताअनुसार) पाइने छ। त्यस्तै प्रत्येक




खाताबापत एक रुख रोपिने र यस योजनाबाट संकलन हुने निक्षेपलाई दिगो विकास प्रवर्द्धनमा लगाइने बैंकले जनाएको छ। साथै, पर्यावरणलाई सकारात्मक प्रभाव सिर्जना गर्ने क्षेत्रमा कर्जा प्रवाह गर्ने तथा प्रत्येक खाताबापत एक रुख रोप्ने भएकाले यस अभ्यासबाट वातावरण संरक्षणमा दोहोरो प्रभाव सिर्जना हुने बैंकका दिगो बैंकिङ विभाग प्रमुख अर्पण पौडेलले बताए।

## एनआइसी-द क्लिफबिच १० प्रतिशत छुट सम्झौता

**काठमाडौं**/ एनआइसी एसिया बैंक र पर्वत, कुस्मास्थित द क्लिफबिच छुट सम्झौता गरिएको छ। सम्झौतापछि यस बैंकका ग्राहकले द क्लिफमा उपलब्ध विभिन्न सेवा लिई डिजिटल भुक्तानी गर्दा १० प्रतिशत छुट पाउन सक्नेछन्। छुट भने आवास सेवा, मेगाट्रोल, स्काई साइकल, स्काई क्याफेलगायतका सेवामा हुने बताइएको छ। उक्त सुविधा उपयोग गर्न ग्राहकले यस बैंकको डेबिट, क्रेडिट, प्रिपेड कार्ड वा मोबाइल बैंक एपमार्फत भुक्तानी गर्नुपर्नेछ। द क्लिफसँगको यस सहकार्यले ग्राहकलाई छुट सुविधा उपलब्ध पनि हुने र देशको डिजिटल भुक्तानी सेवालाई प्रवर्द्धन गरी नगदरहित कारोबारमा सहयोग पुग्ने बैंकले विश्वास लिएको छ।




## पहिलो त्रैमासमा पियोर इनर्जीको नाफा ९० लाख

**काठमाडौं**/ चालू आर्थिक वर्षको पहिलो त्रैमासमा पियोर इनर्जी लिमिटेडले ९० लाख रुपैयाँ खुद नाफा कमाएको छ। कम्पनीले गत आवको तुलनामा ५२ लाख ५९ हजार नाफा कमाएको थियो। त्यसैगरी, विद्युत् बिक्रीबाट ६ करोड ५५ लाख रुपैयाँ आम्दानी गरेको कम्पनीले जनाएको छ। समीक्षा अवधिमा कम्पनीको प्रतिसेयर आम्दानी पनि बढेको छ। गत आवको पहिलो त्रैमासमा प्रतिसेयर आम्दानी ३.२९ रुपैयाँ रहेकामा यस अवधिमा बढेर ४.५० रुपैयाँ पुगेको छ। त्यस्तै, प्रतिसेयर नेटवर्थ ९७.२७ रुपैयाँबाट बढेर पहिलो त्रैमासमा १०१.६१ रुपैयाँ पुगेको छ। गोल्यान ग्रुपअन्तर्गतको पियोर इनर्जी हालसम्म सबैभन्दा धेरै सौर्य ऊर्जा उत्पादन गर्ने सोलार कम्पनी हो।

## ग्लोबल आइएमई बैंकको ८ प्रतिशत लाभांश पारित




**काठमाडौं**/ ग्लोबल आइएमई बैंकको १९औं वार्षिक साधारणसभाले लाभांश पारित गरेको छ। बुधबार काठमाडौंमा सम्पन्न सभाले आर्थिक वर्ष २०८१/८२ को सञ्चित मुनाफाबाट सेयरधनीलाई प्रस्ताव गरेको चुँक्ता पुँजीको आठ प्रतिशत नगद लाभांश (करसहित) प्रस्ताव पारित गरेको हो। बैंकले गत आवमा सात अर्ब २३ करोड रुपैयाँ सञ्चालन नाफा तथा पाँच अर्ब सात करोड रुपैयाँ करपछिको नाफा आर्जन गरेको थियो।

त्यसैगरी, सञ्चालक समितिको तर्फबाट बैंकका अध्यक्ष चन्द्रप्रसाद ढकालले प्रस्तुत गरेको वार्षिक प्रतिवेदन अनुमोदन गरेको छ। साधारणसभामा बोल्दै अध्यक्ष ढकालले सेयरधनीलाई उचित लाभांश प्रदान गर्न प्रतिबद्ध रहेको बताए।

## गरिमा विकासले 'गरिमा रोडरेस' आयोजना गर्ने

**काठमाडौं**/ गरिमा विकास बैंक लिमिटेडले 'गरिमा रोडरेस-०८२' आयोजना गर्ने भएको छ। बैंकले आफ्नो १९औं वार्षिकोत्सवको अवसरमा 'स्वास्थ्यका लागि खेलकुद' भन्ने नारासहित ६ मंसिरमा 'गरिमा रोडरेस' आयोजना गर्ने भएको छ। बालुवाटारस्थित बैंकको प्रस्तावित केन्द्रीय कार्यालयबाट सुरु हुने उक्त रोडरेस खुला, कर्पोरेट र भेट्टान गरी तीन विधामा सञ्चालन हुनेछ। खुला समूहका विजेतालाई ५० हजार, कर्पोरेट र भेट्टान विजेतालाई ३० हजार रुपैयाँसहित आकर्षक नगद पुरस्कार दिइने बैंकले जनाएको छ।

प्रतियोगितामा करिब एक हजार धावक सहभागी हुने अपेक्षा गरिएको छ। सहभागीहरूले ४ मंसिरसम्म खल्ती एपमार्फत २० रुपैयाँ शुल्क तिरेर नाम दर्ता गर्न सक्नेछन्।

## ग्यालेक्सी बड्स-३ एफई बजारमा

**काठमाडौं**/ सामसङ नेपालले ग्यालेक्सी बड्स-३ एफई बजारमा ल्याएको छ। कम्पनीले आकर्षक र फ्ल्यागसिपस्तरका सुविधासहितका इयरबड्स ल्याएको हो। नवीनतम ग्यालेक्सी एआई एकीकरण र आइकोनिक ब्लेड डिजाइनसहित बड्स-३ एफईले ग्यालेक्सी इकोसिस्टमअन्तर्गत अडियो नवप्रवर्तनको नयाँ युगको सुरुवात गरेको छ। यसको मूल्य कम्पनीले १९ हजार ९९९ रुपैयाँ तोकेको छ।

यो मोडेल विश्वसनीय पर्फरमेन्स, स्मार्ट सुविधा र आकर्षक डिजाइन खोज्ने प्रयोगकर्ताका लागि डिजाइन गरिएको कम्पनीले जनाएको छ। एक्टिभ न्वाइज क्यान्सिलेसनले ब्याक्ग्राउन्ड आवाज कम गरी गहिरो अडियो अनुभव सुनिश्चित गर्ने कम्पनीको दाबी छ। त्यसैगरी, क्रिस्टल क्लियर कल टेक्नोलोजी र एआई सहायताले कल गर्दा स्पष्ट आवाज दिनेछ।

ग्यालेक्सी इकोसिस्टमसँग सहज रूपमा एकीकृत हुन डिजाइन गरिएका यो इयरबड्सले ग्यालेक्सी उपकरणबिच छिटो रूपान्तरण गर्न अनुमति दिन्छ।


**सर्टिफिकेट हरायो**

मिति २०८२/७/९ गते बागबजार बाट बानेश्वरसम्म जाँदा NEB बाट जारी भएको मेरो निम्न व्यहोराको सर्टिफिकेट (प्रमाणपत्र) हराएको हुदाँ पाउनुहुने महानुभावले नजिकैको प्रहरीचौकी वा निम्न ठेगानामा खबर गरिदिन हुन अनुरोध गर्दछु।

**Name : Sushil Pariyar**
Neb Reg. No.: 785460100037
Symbol No.: 94668730
S.No : C0022320
Mobile No.: 9866134322


## Sahas Urja Ltd.

SAHAS URJA

Kathmandu-01, Hattisar

### Unaudited Statement of Financial Position

As on 31st Ashwin, 2082 (i.e. 17th October, 2025) 1st Quarter FY 2082/83

Amount In NRs.

| Particulars | FY 2082/83 1st Quarter Ending | FY 2081/82 4th Quarter Ending | FY 2081/82 1st Quarter Ending |
|---|---|---|---|
| **Assets** | | | |
| **Non-Current Assets** | | | |
| Property, Plant and Equipments | 293,797,920 | 286,065,775 | 155,142,696 |
| Less: Accumulated Depreciation | (117,923,441) | (114,068,089) | (102,963,880) |
| **Total Property, Plant and Equipments** | **175,874,479** | **171,997,686** | **52,178,816** |
| Computer Software | 317,020 | 317,020 | 317,020 |
| Less: Accumulated Amortization | (303,294) | (302,020) | (294,520) |
| Project Cost | 16,872,941,453 | 16,819,439,296 | 16,812,267,228 |
| Less: Accumulated Amortization | (1,593,107,550) | (1,436,916,678) | (982,482,755) |
| **Total Intangible Assets** | **15,279,847,630** | **15,382,537,619** | **15,829,806,973** |
| Project Development Cost (BGHEP) | 70,126,296 | 55,319,443 | 19,827,371 |
| Prepayments | 6,706,136 | 6,602,373 | 6,049,214 |
| Right of Use Assets | 14,384,478 | 15,230,624 | 723,832 |
| Investment in Subsidiary | 1,339,720,400 | 1,107,220,400 | 800,000,000 |
| **Total Non Current Assets** | **16,886,659,418** | **16,738,908,145** | **16,708,586,206** |
| **Current Assets** | | | |
| Other Current Assets | 924,615,632 | 780,893,853 | 707,696,192 |
| Cash And Cash Equivalents | 175,440,570 | 208,114,866 | 197,243,747 |
| Financial Assets held at fair value through Profit or Loss | 100,000 | 100,000 | 7,320,400 |
| **Total Current Assets** | **1,100,156,202** | **989,108,719** | **912,260,339** |
| **Total Assets** | **17,986,815,621** | **17,728,016,865** | **17,620,846,546** |
| | | | |
| **Equity & Liabilities** | | | |
| **Shareholder's Fund** | | | |
| Share Capital | 3,780,000,000 | 3,780,000,000 | 3,500,000,000 |
| Reserve and Accumulated Profit/(Loss) | 3,656,953,737 | 3,162,053,756 | 2,965,818,119 |
| **Total Shareholder's Fund** | **7,436,953,737** | **6,942,053,756** | **6,465,818,119** |
| **Revaluation Surplus** | **5,396,290** | **5,396,290** | **5,396,290** |
| **Non Current Liabilities** | | | |
| Medium & Long Term Loan | 8,932,215,267 | 9,176,940,372 | 9,110,218,558 |
